"दिगो सहकारी विकासका लागि संघ"

आवद्धता

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

## Bhaktapur District Saving & Credit Co-operative Union Ltd.

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

सूर्यविनायक न.पा.-८, भक्तपुर



21st Annual General Meeting

# Annual Report

(15th Nov. 2025)

३१ औं

वार्षिक साधारणसभा

२०८२ कार्तिक २९ गते, शनिबार

ने.सं. ११४६, कछलागा, एकादशी, शनिबाः

## वार्षिक प्रगति प्रतिवेदन–२०८२


website: www.bhaktapurdcu.coop.np

Phone : 01-6614605, 6614305 (Head Office)
01-6630868 (Service Center, Thimi)
E-mail : bktsaccu@gmail.com/bktsaccuthimi@gmail.com

# संचालक समिति (आ. व. २०७८/७९ - २०८१/०८२)



कृष्णगोविन्द लाखाजू
अध्यक्ष



हरिकृष्ण बल्ल
उपाध्यक्ष



जगनाथ प्रजापति
सचिव



कान्छाभक्त घजू
कोषाध्यक्ष



पञ्चकृष्ण श्रेष्ठ
संचालक सदस्य



कृष्णाश्वरी मचामसी
संचालक सदस्य



काजीबहादुर पञ्च
संचालक सदस्य



इन्द्रप्रसाद ब्यान्जू
संचालक सदस्य



सन्तोषी खतिवडा
संचालक सदस्य

# लेखा सुपरिवेक्षण समिति



बालमुकुन्द उपाध्याय
संयोजक



श्रीप्रसाद त्यातजू
सदस्य



शुशिला पराजुली बराल
सदस्य

द.नं.: ९०/०६१/६२
स्थायी लेखा नं. : ३०१८९९२६२३

'दिगो सहकारी विकासका लागि संघ'

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
## Bhaktapur District Saving & Credit Co-operative Union Ltd.

च.नं. : ३११/०८२/८३ मितिः २०८२/०६/२९

श्री अध्यक्षज्यू
संघमा आबद्ध सम्पूर्ण बचत तथा ऋण सहकारी संस्थाहरु
भक्तपुर

**विषय : २१ औं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

प्रस्तुत विषयममा यस संघको संचालक समितिको मिति २०८२ असोज ५ गते बसेको बैठकको निर्णय अनुसार २१ औं वार्षिक साधारण सभा देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा हुने सहर्ष जानकारी गराउँदछु । सो सभामा उपस्थितिको लागि त्यस संस्थाबाट एकजना आधिकारिक प्रतिनिधिको विवरण २०८२ कार्त्तिक २५ गते भित्र संघमा पठाईदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

**छलफलका विषयहरु :–**

१) आ.व. २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन र आ.व. २०८२/०८३ को प्रस्तावित कार्यक्रमहरु,
२) आ.व. २०८१/०८२ को आर्थिक प्रगति प्रतिवेदन र आ.व. २०८२/०८३ को अनुमानित बजेट,
३) आ.व. २०८१/०८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन,
४) आ.व. २०८१/०८२ को बाह्य लेखा परीक्षण प्रतिवेदन,
५) आ.व. २०८२/०८३ को लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने,
६) लाभांश प्रस्ताव,
७) संरक्षित पुँजी फिर्ता सम्बन्धमा,
८) नीति तथा कार्यविधि संशोधन सम्बन्धमा,
९) संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा,
१०) निर्णय प्रमाणिकरणको लागि प्रतिनिधि चयन,
११) विविध ।




**कार्यक्रम :–**

मिति : २०८२ कार्त्तिक २९ गते, शनिबार
समय : विहान ८ :00 बजे
स्थान : भक्तपुर बैंक्वेट, हाकुफोहिटी, भक्तपुर

**जगनाथ प्रजापति**
(सचिव)

**नोट :**

१) त्यस संस्थाको आ.ब. २०८२/०८३ सम्मको संघको सदस्यता शुल्क तथा २०८२ असोज मसान्तसम्मको नियमित बचत २०८२ कार्तिक २५ गतेभित्र बुझाउनुहुन अनुरोध गर्दछ । उक्त साधारण सभामा सहभागिताको लागि नियमित बचत र सदस्यता शुल्क अनिवार्य रुपमा बुझाइसक्नुपर्ने छ ।

२) संघको निर्वाचन निर्देशिका २०८१ को बुँदा ७ बमोजिम सम्बन्धित संस्थाले पठाउने प्रतिनिधि त्यस संस्थाको संचालक समितिमा वा लेखा सुपरिवेक्षण समितिमा बहाल रहेको वा संचालक समिति वा लेखा सुपरिवेक्षण समितिमा एक कार्यकाल बसी कार्य गरेको भएमा सोको जानकारी समेत आवश्यक हुने भएकोले सो समेत आधिकारिक प्रतिनिधिको विवरणमा खुलाई पठाईदिनुहुन अनुरोध छ ।

*Head office*: Suryabinayak-8, Bhaktapur
Tel.: 01-6614305/6614605, E-mail: bktsaccu@gmail.com
*Service Center*: Thimi-6, Bhaktapur
Tel.: 01-6630868, E-mail: bktsaccuthimi@gmail.com
*www.bhaktapurdcu.coop.np*

# अध्यक्षको भनाई



- कृष्णगोविन्द लाखाजू
अध्यक्ष

देशमा आर्थिक मन्दीको अवस्था छ । राजनैतिक अस्थिरता पनि कायमै छ । सहकारी क्षेत्र झन जटिल अवस्थामा छ । वित्तीय सहकारी संस्थामा खराब मनस्थिति र व्यक्तिगत स्वार्थ भएकाहरुको सहज प्रवेशले र कमजोर नियामक निकायको सुप्तताले सहकारी क्षेत्र बढी समस्यामा परेको हाम्रो ठम्याई छ । सहकारी अभियानको पनि कमीकमजोरी नभएका होईनन् । सहकारी क्षेत्र सुधारका लागि गलत प्रवृत्ति भएकाहरुबाट बच्न र बचाउनका लागि राज्यमा शक्तिशाली, अधिकार सम्पन्न र निष्पक्षकासाथ कार्यान्वयन गर्न सक्ने निकायको माग सँगै सहकारी कानुन संसोधन भइ वित्तीय सहकारी संस्थालाई नियमन र नियन्त्रणका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरण मात्र होइन, नेपाल राष्ट्र बैङ्कलाई समेत अगाडि सारिएको छ ।

सहकारी संस्थालाई दुरुपयोग गरी बचत अपचलन गर्ने केही व्यक्तिहरु २०८१ साल चैत्र १८ गतेको सहकारी ऐन संशोधन नहुँदा नै जेलमा परिसकेका थिए भने कतिपय सङ्कटग्रस्त घोषणा भएका थिए । सङ्कट उन्मुख वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरुबाट सहजरुपमा बचत फिर्ता पाउन नसकेको अवस्था अहिले पनि छ । सहकारी क्षेत्रलाई हेर्ने वर्तमानको शक्तिशाली भनिएका निकायहरु बदमासीलाई कार्वाही गरी बचत फिर्ता गराउने तर्फ भन्दा पनि अहिले चलिरहेका सहकारी सङ्घ संस्थाहरुलाई कसरी नियन्त्रण गर्ने ध्याउन्नामा देखिन्छन् ।

सहकारीको विकल्प सहकारी नै हो, कुनै बैंङ्क तथा वित्तीय संस्था हुन सक्दैन । समुदाय केन्द्रीत र सहकारी मूल्य मान्यता र सिद्धान्त बमोजिम सञ्चालित सहकारी सङ्घ संस्थाहरुमा परिस्थितिवश केहि समस्या भएतापनि जटिल समस्या आउँदैन । विषम परिस्थितिमा सदस्य तथा समाजमा सेवा पुऱ्याइरहेका सहकारी सङ्घ संस्थाहरुलाई सङकुचित बनाउन खोजिएको हामीले आभाष पाएका छौं । मापदण्ड र निर्देशनहरुको वर्षा नै भइरहेका छन् । कानुन बमोजिम वित्तीय कारोवार गर्न पाउने गरी सञ्चालन भइरहेका सहकारी संस्थालाई संकुचनमा ल्याउने र जिल्ला बचत सङ्घ लगायत सहकारी सङ्घहरुलाई आफ्नो सदस्य संस्थाहरुबीचको वित्तीय कारोवारलाई रोक लगाउने खालका मापदण्ड र निर्देशनहरु जारी भएकोमा हाम्रो आपत्ति छ । त्यस विषयमा सुधारका लागि अभियानको तर्फबाट हामीले राज्यको ध्यान आकृष्ट गर्दै आएका छौं ।

यस्तो विषम अवस्थामा पनि सदस्य र शुभचिन्तकहरुको साथ र समर्थनले यस जिल्ला सङ्घ अगाडि बढिरहेको छ । मैले जिल्ला स्तरीय नेतृत्वतहमा रहेर चौध वर्ष काम गरें । सामूहिक नेतृत्व र कुशल व्यवस्थापनको साथबाट हामीले सहकारी क्षेत्रमा केही मात्रामा भएपनि उत्कृष्टता प्रस्तुत गर्न सकेका हौं । सदस्य संस्थाहरुसँग काँधमाकाँध मिलाइ समस्यालाई चिर्दै अगाडि बढ्ने यस सङ्घको शुरुवात देखिको परम्परागत स्वभावलाई हामीले निरन्तरता दियौं र आगामी दिनमा पनि निरन्तरता दिनु आवश्यक छ । अविरल बग्ने खोला जस्तै सङ्घ पनि निरन्तर अगाडि बढी रहने छ । आशा गरौं, नियम कानुन पनि अनुकूल बन्दै जानेछ र सदस्य संस्थाहरु शुभचिन्तकहरुको सदा झै साथ र समर्थन रहने छ ।

धन्यवाद । जय सहकारी ।

# प्रतिबद्धता



- **बालकृष्ण धोजू**
प्रमुख कार्यकारी अधिकृत

सहकारी क्षेत्रमा देखिएका समस्याको समाधानका लागि सरकारले ऐन नियममा संशोधन गरिएको छ । सहकारी नियमनलाई प्रभावकारी बनाउन छुट्टै राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गरेको छ । केन्द्रीय कर्जा सूचना केन्द्रमा आबद्ध हुन सक्ने गरी ऐन परिमार्जन गरेको छ । सहकारीको निक्षेप सुरक्षाका लागि निक्षेप सुरक्षा कोषमा आबद्धता लगायतको कानुनी बाटो खुलेको छ । ऐनमा भएको कर्जा असुली न्यायाधिकरण कार्यान्वयनमा आएको छ । तर कर्जा सूचना केन्द्र र निक्षेप तथा कर्जा सुरक्षा कोषमा आबद्ध हुन सक्ने कानुनी आधार भएता पनि कार्यान्वयनमा आउन सकेको छैन ।

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारीलाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणले नियमन मापदण्ड, सहकारी विभागले एकिकृत निर्देशन र प्रदेश सहकारी मन्त्रालयको निर्देशन जारी गरेको छ । सहकारीलाई नियमन गर्न मापदण्ड र निर्देशन जारी गर्नु स्वभाविक हो । निर्देशनले सहकारी संघ संस्थालाई वित्तीय सन्तुलन र सुशासन कायम गर्न टेवा पुग्ने देखिएता पनि केही बुँदाहरुले सहकारी संघ संस्था संचालनमा अन्यौलता सिर्जना गरेको छ । सहकारी संस्थामा प्रति व्यक्ति बचत र ऋण लगानीको सिमा सुधार गर्नका लागि छोटो समय सिमाका कारण सकस देखिएको छ । लामो समयका लागि लगानी गरेका ऋण तत्काल असुल नहुने तर बचत फिर्ताको चाप बढ्न गई वित्तीय सन्तुलनमा समस्या उत्पन्न भएको छ । साथै सहकारी संस्थाहरुले संघमा राखेको रकम दुई वर्षको लागि मात्र तरलता गणना गर्न पाउने व्यवस्थाले संघको कारोबारमा प्रत्यक्ष असर गरेको छ ।

संघको कारोबारलाई कानुनसम्मत व्यवस्थित गर्दै आइरहेको छ । संघको बचत तथा ऋणको सन्तुलन कायम गर्न संघले विभिन्न योजनाहरु निर्णय गरेको छ । ती योजनाहरुलाई मूर्त रुप दिन व्यवस्थापन सदैब प्रयत्नशील छौं । संघमा सुशासन कायम गर्न र गराउन प्रतिबद्ध छौं । देशमा आर्थिक मन्दीका कारण यो वर्ष भाखा नाघेको ऋण बढेको छ । भाखा नाघेको ऋण असुलीमा निरन्तर प्रयासरत छौं । भाखा नाघेको ऋण असुलीका लागि कानुनी प्रक्रिया समेत अगाडि बढाएको छ । सदस्यको बचत सुरक्षालाई ध्यानमा राखी भाखा नाघेको ऋणको प्रयाप्त ऋण सुरक्षण कोष व्यवस्था गरिएको छ । संघका कर्मचारीको कार्य दक्षता बृद्धिका लागि कर्मचारी क्षमता अभिबृद्धि तालिम दिईएको छ । संघले आबद्ध सदस्य संस्थाहरुलाई सुसूचित गर्न शिक्षा, तालिम, अर्न्तक्रिया तथा गोष्ठी कार्यक्रमलाई निरन्तरता दिदै आएको छ । सहकारीलाई ऐन कानुनको अधिनमा रहेर सञ्चालन गर्न गराउन प्राविधिक सेवा दिदैं आएको छ ।

समुदायको सहकारी संस्थाको हितमा सहकारी ऐन, कानुन र निर्देशन हुनुपर्दछ । ऐन, नियममा भएका व्यवस्थालाई कुण्ठित हुने गरी जारी मापदण्डको निरन्तर विरोध र संशोधनका लागि पहल गर्नुपर्दछ । यस कार्यमा समग्र सहकारी अभियान एकजुट हुनुपर्दछ । कानुनसम्मत प्रद्धत ऐन, नियम बमोजिम सेवा सुविधालाई उत्कृष्ट बनाउन र व्यवसायीक दक्षता प्रदर्शनमा प्रतिबद्ध छौं ।

धन्यवाद । जय सहकारी ।

# प्रगति प्रतिवेदन तथा प्रस्तावित कार्यक्रमहरू



- जगनाथ प्रजापति
सचिव

यस सभाका सभाध्यक्षज्यू,
साधारण सभामा पाल्नुभएका प्रतिनिधि महानुभावहरु

देश आर्थिक, राजनैतिक, सामाजिक र सांस्कृतिक रूपले अस्थिर र संक्रमणकालीन अवस्थामा छ। २०८२ भाद्र २३ र २४ गतेको जेनजी आन्दोलनले संसद विघटन सँगै नयाँ चुनावी सरकार गठन भएको छ। लामो समय देखिको भ्रष्टाचार, अन्याय, शोषण, विरुद्धको आवाज जेनजी आन्दोलन हो। त्यस आन्दोलन भित्र देशी विदेशी घुसपैठ तथा अराजकता घामजस्तै स्पष्ट हुँदैछ। सिंहदरबार, सर्वोच्च अदालत, संसद भवन जस्ता देशको महत्वपूर्ण दस्तावेजहरु सुरक्षित रहेको राष्ट्रिय सम्पत्ति तोडफोड र आगजनी जस्ता क्रियाकलाप सुसंस्कृत र सभ्य नेपालीको पहिचान होइन। कति बैंक, वित्तीय संस्था र सहकारीमा क-कसले कति क्षति पुऱ्याए समय सँगै स्पष्ट हुँदै जानेछ। समयले एकदिन सबैलाई कठघरामा उभ्याउनेछ। समग्र राष्ट्र अप्ठेरो अवस्थामा रहेको वर्तमानमा सहकारी क्षेत्रको समस्या र संकट झन् थपिएको छ। लामो समयदेखि स्वायत्तता र स्वनियमको नाममा एकलौटी व्यवसाय झैं सञ्चालन गरिरहेका सहकारीका सञ्चालकहरूले जनताको निक्षेप फिर्ता नदिई भाग्ने प्रवृति अझै रोकेको छैन। जनताको पैसा निक्षेप फिर्ता नदिई भाग्ने सञ्चालक तथा कर्मचारीहरुलाई कुनै पनि राजनैतिक दवाव र प्रभावमा नपारी हदैसम्मको कार्वाही गर्नु पर्दछ।

नेपालको सहकारी समस्या आजको मात्र होइन, समय समयमा सहकारी क्षेत्रको समस्या पहिचान तथा समाधान गर्न धेरै वटा समितिहरु बनिसकेको छ। ती समितिहरूबाट प्राप्त सुझाव तथा प्रतिवेदन समयमै कार्यान्वयन गरेको भए धेरै जसो सहकारी समस्याको समाधान हुने थियो। प्रतिवेदनहरु रद्दीको टोकरीमा फाल्ने प्रवृत्तिबाट आज सहकारी क्षेत्रमा भयावह अवस्था सृजना भएको छ। सरकारले पछिल्लो समय वचत तथा ऋणको कारोवार गर्ने संस्थाहरूलाई राष्ट्रिय सहकारी नियमन प्राधिकरण र नेपाल राष्ट्र बैंकबाट नियमन तथा नियन्त्रण गर्न खोजिएको छ। राजनैतिक दबाब, पद र पैसाको प्रलोभनमा नपरी स्वच्छ रुपमा सहकारी शुद्धिकरण अभियानमा यसले सकारात्मक प्रभाव पार्ने गरी काम गर्न सक्नुपर्दछ।

सहकारी संस्था समुदायमा आधारित हुनु पर्दछ। समुदायमा आधारित सहकारी संस्थाको छाता संगठन यस भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. हो। समुदायद्वारा आर्थिक क्रियाकलाप गर्न खोलिएको संस्था विशुद्ध वित्तीय संस्था हुन सक्दैन, यो समाजको आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरणको सामाजिक संस्था पनि हो। यो वा त्यो बहानामा सहकारी संस्थालाई नेपाल राष्ट्र बैंक अन्तर्गत नियमन र सुपरिवेक्षणमा राख्नु भनेको कालान्तरमा सहकारी सिद्धान्तवाट बिमुख बनाई सहकारी संस्था कमजोर बनाउनु नै हो, जून सर्वथा गलत छ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघको स्थापनाकालदेखि सहकारी क्षेत्रमा तहगत संरचनाको वकालत गर्दै आईरहेको छ । हरेक प्रारम्भिक सहकारीको समस्या एक्लाएक्लै सम्बन्धित निकायमा ध्यानाकर्षण गराउन नसक्ने भएकैले जिल्ला, प्रदेश तथा केन्द्रीय संरचनाको आवश्यकता पर्दछ। बचत तथा ऋण सहकारी संघमा रहेको रकमलाई २ वर्षसम्म मात्र तरलता गणना गर्ने प्रावधानले सहकारी अभियानमा विराम ल्याउने निश्चित छ। राष्ट्रिय सहकारी नियमन प्राधिकरणमार्फत अनुगमन तथा सुपरिवेक्षण गरी गलत क्रियाकलापमा संलग्न सञ्चालकहरु माथि कडा कार्वाही गर्ने साहस गरेमा बचत संघहरुले बचत तथा ऋणको कारोवार गर्न बन्देज तथा एक व्यक्ति एक सहकारी जस्ता खोटपूर्ण नीतिको आवश्यकता नै पर्दैन । सहकारी अभियानमा देखापरेका विकृति र विसंगति रोक्न हामी आफैवाट सुरु गर्नु आजको आवश्यकता हो ।

अब म आ.व. २०८१/०८२ को संघको वार्षिक प्रगति प्रतिवेदन यहाँहरुसमक्ष संक्षेपमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## १. साधारण सभाको समीक्षा

संघको बिसौं वार्षिक साधारण सभा मिति २०८१ कार्तिक २२ गते भक्तपुर बैक्वेट, हाकुफोहिटी, भक्तपुरमा कुल २०४ सदस्य संस्थामध्येबाट १४९ वटा संस्था (७३.०४ प्रतिशत) सदस्य संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा सम्पन्न भयो। संघको २०औं वार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष कृष्णगोविन्द लाखाजूको अध्यक्षतामा र सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरेको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

## २. सदस्यता

समुदायमा आधारित बचत तथा ऋण सहकारी संस्थाहरुको साझा संगठनको रुपमा अगाडि बढिरहेको यस संघले ऐच्छिक तथा खुल्ला सदस्यता सिद्धान्तलाई अंगिकार गरी समुदायमा आधारित भई सहकारी मूल्य, मान्यता र सिद्धान्तअनुरुप सञ्चालनको सुनिश्चितता कायम गर्ने आवेदक संस्थाहरुको स्थलगत निरीक्षण पश्चात् सदस्यता प्रदान गर्दै आईरहेको छ। आ.व. २०८०/०८१ मा २०४ वटा सदस्य रहेकोमा यस आ. व. मा देहायको १ वटा संस्था खारेजी गर्दा जम्मा २०३ वटा सदस्य संख्या कायम भएको जानकारी गराउँदछु।

**खारेजी संस्था**

| क्र.सं. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | संस्कार बचत तथा ऋण सहकारी संस्था लि. | मथिनपा ३, कौशल्टार |

## ३. वित्तीय प्रगति

संघको आ.व. २०८१/०८२ को आर्थिक प्रगति, वार्षिक योजनासंग तुलनात्मक उपलब्धी एवं समग्र वित्तीय प्रगति प्रतिवेदन आर्थिक प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

## ४. तालिम तथा कार्यक्रम

संघको प्रमुख सेवाहरुमध्ये तालिम तथा शिक्षा कार्यक्रम पनि हो । सदस्य संस्थाहरुको संस्थागत तथा व्यावसायिक विकास हुने तालिम तथा कार्यक्रमहरु गर्दै आइरहेको यहाँहरुमा सर्वविदितै छ । यस आ.व.मा निर्वाचनसहितको साधारण सभा सम्पन गरेका सदस्य संस्थाहरुलाई निःशुल्क प्रशिक्षक सहयोगमा सदस्य सक्षमता विकास तालिम उपलब्ध गराउने योजना बमोजिम २ वटा संस्थालाई प्रशिक्षक सहयोग उपलब्ध गराएको छ । आ.व. २०८१/०८२ मा सम्पन्न तालिम तथा शिक्षा अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

## ५. कार्यालय सञ्चालन तथा कर्मचारी व्यवस्थापन

कार्यालय समय बिहान १०:०० बजे देखि बेलुकी ५:०० बजेसम्म सार्वजनिक बिदाबाहेक हरेक दिन कार्यालय सञ्चालन हुदैं आएको छ । संघले सेवा केन्द्र र मुख्य कार्यालयमा संघको कर्मचारी प्रशासन नीति २०८१ बमोजिम कर्मचारी व्यवस्थापन गरिएको छ । हाल संघको कार्यालय दैनिक प्रशासन सहजताको लागि कार्यविभाजनसहितको १० जना कर्मचारीहरु व्यवस्थापन गरिएको छ ।

## ६. संघ/संस्थाको साधारण सभामा सहभागिता

सदस्य संघ/संस्थाहरुको साधारण सभामा संघको प्रतिनिधित्व अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

## ७. सूचना तथा प्रकाशन

आम जनमानस र सदस्य संस्थाहरुमा छिटो, छरितो तरिकाले संघ र माथिल्लो संघका सूचना सम्प्रेशन गर्न आधुनिक सञ्चारका माध्यम ईमेल bktsaccu@gmail.com र bktsaccuthimi@gmail.com, फेसबुक www.facebook.com/bktsaccu र वेवसाइट www.bhaktapurdcu.coop.np का साथै पत्रपत्रिकाहरुको उपयोगका साथै संघ एवम् सदस्य संस्थाहरुको गतिविधिहरुलाई प्रोत्साहित गर्न सहकार्य बुलेटीन प्रकाशन गर्दै आइरहेको कुरा अवगत गराउँदछु । संघको आर्थिक एवम् अन्य गतिविधिहरुलाई सदस्य समक्ष पारदर्शिताको लागि वार्षिक प्रगति प्रतिवेदन प्रकाशित गर्दै आईरहेको छ ।

## ८. समिति तथा उपसमितिको बैठक सङ्ख्या

आ.व. २०८१/०८२ मा समिति, उपसमितिको बैठक निम्नअनुसार भएको छ ।

| क्र.सं. | विवरण | बैठक सङ्ख्या |
|---|---|---|
| १ | सञ्चालक समिति | २४ |
| २ | लेखा सुपरिवेक्षण समिति | ६ |
| ३ | सहकारी समन्वय उपसमिति | ३ |
| ४ | शिक्षा तथा संस्थागत विकास उपसमिति | ४ |
| ५ | अन्तरलगानी तथा वित्तीय सेवा प्रवर्द्धन उपसमिति | ८ |
| ६ | प्रकाशन उपसमिति | २ |
| ७ | महिला सशक्तिकरण उपसमिति | ४ |
| ८ | सदस्यता उपसमिति | २ |
| ९ | तालिम व्यवस्थापन उपसमिति | २ |
| १० | भक्तपुर नगर सहकारी समन्वय उपसमिति | ५ |
| ११ | मध्यपुर थिमि नगर सहकारी समन्वय उपसमिति | ३ |
| १२ | सूर्यविनायक नगर सहकारी समन्वय उपसमिति | १ |
| १३ | चाँगुनारायण नगर सहकारी समन्वय उपसमिति | १ |
| १४ | बजेट तथा कार्यक्रम निर्माण उपसमिति | ३ |

## ९. कार्यक्रममा सहभागिता

विभिन्न संघ/संस्थाद्वारा आयोजित कार्यक्रमहरुमा संघको सहभागिता अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

## १०. राष्ट्रिय सहभागिता

संघले सहकारीका राष्ट्रिय तालिम, गोष्ठी र कार्यक्रममा सहभागिता जनाउँदै आइरहेको छ । यस वर्ष राष्ट्रिय कार्यक्रमहरुमा सहभागी भएको कार्यक्रमको विवरण अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

## ११. नीति तथा कार्यविधि संशोधन सम्बन्धमा

संघको स्विकृत ऋण नीति २०८१ मा छुट भएको तपसिल बमोजिम सदस्य संस्थाले संघमा संस्थाका सदस्यको धितो राखि लिएको ऋण संस्थाका सदस्यले समयमा बुझाएन तिरेन भने संस्थाले धित्तो लिलामी प्रक्रिया अगाडि बढाउन संघबाट सहमति लिनुपर्ने व्यवस्था थपका लागि प्रस्ताव पेश गरिएको छ ।

| विद्यमान अवस्था | परिमार्जनपछि लागु हुने अवस्था | कारण |
|---|---|---|
| नभएको | १८.३ सहमति लिनु पर्ने :<br>सदस्य संस्थाले संघमा संस्थाका सदस्यको धितो राखि लिएको ऋण संस्थाका सदस्यले समयमा बुझाएन तिरेन भने संस्थाले धित्तो लिलामी प्रक्रिया अगाडि बढाउन संघबाट सहमति लिनुपर्नेछ । उक्त सहमतिका लागि तपसिल बमोजिम प्रक्रिया अपनाइ संघले सहमति दिन सक्नेछ ।<br>क) संघको सदस्य संस्थाले संघमा दृष्टिबन्धक रोक्का राखिएको धितो लिलामी प्रक्रियाको लागि सूचना प्रकाशन गर्नु पूर्व संघबाट सहमति लिनु पर्ने,<br>ख) जुन ऋणका लागि दृष्टिबन्धक रोक्का राखिएको धितो हो सो ऋण शिर्षकको ऋण चुक्ता भईसकेको अवस्थामा लिलामी सम्बन्धी सम्पूर्ण प्रक्रिया र राजिनामा नामसारी दाखिला समेत गर्न सकिने गरी सहमति दिन सकिने,<br>ग) संघमा ऋण चुक्ता हुन बाँकी रहेको अवस्थामा लिलामी प्रक्रियाको ३५ दिने, १५ दिने वा अन्य सूचना प्रकाशन गर्न र पञ्चकृत मुल्यांकनका लागि सहमति दिनसकिने,<br>घ) बुँदा ग) बमोजिमको प्रक्रिया पश्चात बाँकी ऋण चुक्ता भएपछि मात्र लिलामी प्रक्रिया र राजीनामा, नामसारी, दाखिला खारेज प्रक्रियाको लागि सहमति दिईने ।<br>ङ) माथि जुन सुकै कुरा लेखिएको भएता पनि संघलाई धितोको धनी (संस्थाको सदस्य) ले गरिदिएको मञ्जुरीनामाका आधारमा धितो लिलाम प्रक्रियाका लागि संस्थाबाट माग भएको सहमतिको यथार्थ अवस्था हो होईन सो को जानकारी लिन सक्ने ।<br>च) संस्थाले सहमति माग गर्दा संचालक समितिको निर्णय, निवेदन पत्र, सदस्यलाई ऋण लगानीको तमसुक, कारोबारको (ऋण) विवरण र असुलीका लागि गरेको ताकेता पत्रहरु समेत समावेश गर्नु पर्ने ।<br>छ) संस्थाका सदस्यले संस्थामा लिएको ऋण भन्दा बढी संघमा ऋण लिएको भएमा बढी भएको रकम चुक्ता गरेपछि मात्र सहमति पाउने । | संघमा राखिएको सदस्य संस्थाका सदस्यले ऋण लिई ऋण भाखा नघाएमा नियमानुसार धित्तो लिलाम प्रक्रियामा लगी ऋण असुल उपर गर्न । |

## १२. भावी कार्यक्रमहरु

संघको आ.व. २०८२/०८३ को प्रस्तावित कार्यक्रमहरु अनुसूची ५ मा प्रस्तुत गरिएको छ ।

## १३. सहकारी दिवस कार्यक्रम

संघले हरेक वर्ष राष्ट्रिय सहकारी दिवस बृहत प्रभातफेरी कार्यक्रमका साथ मनाउँदै आइरहेकोमा आ.व २०८१/०८२ मा २०८१ चैत्र २० गते ६८ औं राष्ट्रिय सहकारी दिवस भक्तपुर जिल्लाका चार वटै नगरमा एकै समयमा नगर प्रमुखहरुको आतिथ्यतामा नगरस्तरीय प्रभातफेरी कार्यक्रमसहित मनाइएको थियो । संघको नगर सहकारी समन्वय उप-समिति समेतको समन्वयमा मध्यपुर थिमि, सूर्यविनायक, चाँगुनारायण नगरपालिकाको आयोजनामा प्रभातफेरी सम्पन्न भएको थियो । भक्तपुर नगरपालिकामा संघको भक्तपुर नगर सहकारी समन्वय उपसमितिको आयोजनामा र भक्तपुर नगरपालिकाको समन्वयमा प्रभातफेरी कार्यक्रम भक्तपुरको टौमढीमा संघका सचिव जगनाथ प्रजापतिको सभापतित्वमा र भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यतामा सम्पन्न गरेको थियो । सो कार्यक्रममा जिल्ला सहकारी संघ र विषयगत जिल्ला संघहरुको आतिथ्यतामा ६७ वटा संस्थाहरुबाट करिब दुई हजार जनाको उपस्थिति रहेको थियो ।

## १४. स्थापना दिवस

संघको २१औं स्थापना दिवस मिति २०८२ बैशाख २१ गते रोयल थाई हस्पिटालिटी, भाटभटेनी, भक्तपुरमा सञ्चालक समितिका अध्यक्ष कृष्णगोविन्द लाखाजूको अध्यक्षता र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.का अध्यक्ष श्री चन्द्रप्रसाद ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सो दिवस "जारी सहकारी विधेयक, निर्देशन तथा मापदण्ड, बचत तथा ऋण सहकारीको आगामी मार्गचित्र" विषयक अन्तरक्रिया कार्यक्रम सहित मनाइयो । साथै संघले सहकारी दिवसमा घोषित सदस्य संस्थाहरुलाई पुरस्कार वितरण कार्यक्रम गरेको थियो ।

## १५. सदस्य सम्मान तथा पुरस्कार

संघको सदस्य संस्थाहरुमध्ये वित्तीय तथा अन्य क्रियाकलापमा सहकारी अभियानमा अनुकरणीय कार्य गर्ने संस्थालाई उत्कृष्ट सहकारी व्यवसाय पुरस्कृत गर्ने उद्देश्यले संघको उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार कार्यविधि, २०७८ (संशोधन) बमोजिम मूल्याङ्कनबाट बढी अंक प्राप्त गर्न सफल तपसिलका सदस्य संस्थाहरुलाई संघको स्थापना दिवसमा पुरस्कृत गरियो । साथै सहकारी दिवसको उपलक्ष्यमा आयोजित प्रभातफेरी कार्यक्रममा उत्कृष्ट सहभागिता जनाउने तपसिलका संस्थाहरुलाई प्रशंसा पत्र तथा पुरस्कार वितरण गरेको थियो ।

**तपसिल**

| क्र.सं. | पुरस्कारको विधा | पुरस्कृत संस्था |
|---|---|---|
| १ | जिल्लास्तरीय उत्कृष्ट सहकारी व्यवसाय | युवा बचत तथा ऋण सहकारी संस्था लि., चा.न.पा.-५ |
| २ | भक्तपुर नगरस्तरीय उत्कृष्ट सहकारी व्यवसाय | लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि., भ.न.पा. २ |
| ३ | मध्यपुरथिमि नगरस्तरीय उत्कृष्ट सहकारी व्यवसाय | बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि., म.थि.न.पा. ४ |
| ४ | सूर्यविनायक नगरस्तरीय उत्कृष्ट सहकारी व्यवसाय | सुवर्णपूर बचत तथा ऋण सहकारी संस्था लि., सू.न.पा. ५ |

| | | |
|---|---|---|
| ५ | चाँगुनारायण नगरस्तरीय उत्कृष्ट सहकारी व्यवसाय | देवी महिला बचत तथा ऋण सहकारी संस्था लि., चा.न.पा.-९ |
| ६ | ६८ औं सहकारी दिवस प्रभातफेरी उत्कृष्ट सहभागिता | भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि., भ.न.पा.-९ |
| ७ | ६८ औं सहकारी दिवस प्रभातफेरी उत्कृष्ट सहभागिता | बालाखु गणेश बचत तथा ऋण सहकारी संस्था लि., भ.न.पा.-२ |
| ८ | ६८ औं सहकारी दिवस प्रभातफेरी उत्कृष्ट सहभागिता | लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि., भ.न.पा. २ |

### ६. सेवा केन्द्र

संघको सेवालाई विस्तार गर्न सदस्य सेवा केन्द्र मध्यपुर थिमि नगरपालिका वडा नं. ६, पाटी विहार भक्तपुरमा निरन्तर सञ्चालनमा रहेको छ ।

### १७. बहस पैरवी पहलकदमी

क) २०८१ माघ १० गते राष्ट्रिय सहकारी महासंघको आयोजनामा भएको सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश र नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा मापदण्ड मस्यौदाको विषयमा नेफ्स्कून, बागमती प्रोस्कून, भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लगायत अन्य संघहरु र नेपाल राष्ट्र बैकका प्रतिनिधिसमेतको उपस्थितीमा राय सुझाव लिने कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा वागमती प्रोस्कूनबाट प्रमुख कार्यकारी अधिकृत केशव प्रसाद दाहालले बागमती प्रदेश भित्रका जिल्ला बचत तथा ऋण सहकारी संघहरुको तर्फबाट साझा सुझाव राष्ट्रिय सहकारी महासंघलाई राय सुझावहरु प्रदान गर्नुभयो । साथै अन्य संघहरुले सुझावहरु पेश गरिएको थियो ।

यसै क्रममा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को तर्फबाट अध्यक्ष कृष्णगोविन्द लाखाजू समेतले अध्यादेश तथा मापदण्डमा संशोधनका लागि पेश भएका विभिन्न सुझावहरुमध्ये तपसिलका मुख्य विषयहरुमा बहस पैरवी गर्न जोडदर माग गर्नु भयो ।

**तपसिल**

१) नेपालको संविधान बमोजिम सम्पत्तिको हक उपभोग गर्न पाउने नेपाली नागरिकको मौलिक हक हनन हुने गरी कार्यक्षेत्रको आधारमा सदस्यको व्यक्तिगत बचतको सिमा तोकेको व्यवस्था खारेज गर्नुपर्ने ।

२) नेपालको संविधान बमोजिम नेपाली नागरिकले सहकारी संस्थामा सदस्य बनी कारोबार गर्न पाउने अधिकारलाई हनन हुने गरी एक व्यक्ति एकै प्रकृतिका एक भन्दा बढी सहकारी संस्थामा सदस्य हुन नपाउने व्यवस्था खारेज गर्नुपर्ने ।

३) सहकारी संस्थामा नेतृत्वको वृत्ति विकास गर्नु पर्नेमा एकै पटक अनुभवी नेतृत्वनै खाली हुन सक्ने गरी "कुनै पनि व्यक्ति सहकारी संस्थाको सञ्चालक पदमा दुई कार्यकाल भन्दा वढी अवधिको लागि निर्वाचित हुन र बहाल रहन नसक्ने" व्यवस्थालाई संशोधन गरी "कुनै पनि व्यक्ति सहकारी संस्थाको एउटै पदमा निरन्तर दुई कार्यकाल भन्दा बढी अवधिको लागि निर्वाचित हुन नपाउने" व्यवस्था गर्नुपर्ने ।

४) प्रारम्भिक सहकारी संस्था वा संघको संचालक माथिल्लो तहको कुनै एक संघमा सञ्चालक हुन सक्ने व्यवस्था थप्नुपर्ने ।

५) सहकारी संस्थाले माथिल्लो संघमा बचत गरेको रकमलाई पनि तरलता कायम गर्नुपर्ने ।

६) सहकारी संस्थाको संचालकको संख्या नेपाल राष्ट्र बैंकले तोकिएकोमा व्यवहारिक नभएकोले सहकारी ऐन मार्फत नै व्यवस्थित गर्नुपर्ने ।

ख) मिति २०८२ जेठ ३० गते, शुक्रबार काठमाडौंको बालुवाटारमा रहेको प्रभु म्यानेजमेन्ट प्रा.लि.को कार्यालयमै संघका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धोंजूको नेतृत्वमा संघमा आवद्ध अन्य संस्थाहरुको प्रतिनिधि समेतको टोली गई सो प्रा.लि.का इन्चार्ज रामचन्द्र नेपालीलाई यथाशीघ्र रकम फिर्ताको लागि अनुरोधपत्र बुझाएको छ ।

ग) राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको नियामकीय मापदण्ड २०८२ सम्बन्धमा नेफ्स्कूनले जारी गरेको प्रेस विज्ञप्तिमा ऐक्यवद्धता जाहेर गर्दै संघले मिति २०८२/०२/१२ गते प्राधिकरणले जारी गरेको मापदण्ड परिमार्जनको माग सहीत प्रेस विज्ञप्ति जारी गरिएको छ ।

## १८. सुसूचित अभियान

क) बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लिमिटेडले सुशासन र दिगोपनका लागि बागमती प्रदेश सरकारसँगको सहकार्यमा सञ्चालित स्तरीकरण कार्यक्रम कोशिस कार्यक्रमको विषयगत संघ समूह (जिल्ला बचत तथा ऋण सहकारी संघहरुको) पहिलो सार्थक एवम् नवीनतम व्यवस्थापन कार्यशाला (Worth & Effective Cooperation And Novelty management workshop (1st We Can workshop)) भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को आयोजना तथा बागमती प्रोस्कूनको प्राविधिक सहयोगमा भक्तपुरको कमलविनायक स्थित केभी लञ्जमा २०८१ फाल्गुण २५ गते आइतबार सम्पन्न भयो । स्तरीकरण कार्यक्रमका चार दृष्टिकोण वित्तीय दृष्टिकोण, आन्तरिक व्यवसायिकरणको दृष्टिकोण, सिकाई र वृद्धिको दृष्टिकोण र सदस्य दृष्टिकोणमा आधारित भई प्रस्तुतीकरण गरिएको थियो । कार्यक्रममा ११ वटा संघका अध्यक्ष, उपाध्यक्ष, प्रमुख कार्यकारी अधिकृत र प्रतिनिधिहरुसमेत गरी ३३ जनाको उपस्थिति रहेको थियो ।

ख) मिति २०८२/०२/३१ गते, संघको भक्तपुर नगर सहकारी समन्वय उपसमितिको आयोजनामा राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको नियामकीय मापदण्ड २०८२ विषयक अन्तरक्रिया कार्यक्रम भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि., च्याम्हासिंहमा सम्पन्न गरियो ।

ग) संघको आयोजनामा मिति २०८२ असार १ गते संघमा आबद्ध उत्कृष्ट संस्थाका व्यवस्थापकहरू बीच राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी नियामकीय मापदण्ड २०८२ को दफा वारे छलफल गरि मापदण्ड कार्यान्वयनले पार्ने असर, प्रभावका आधारमा संशोधन तथा परिमार्जनका बुँदा पहिचान र न्यूनिकरणका उपाय तय गरियो ।

## १९. करमा योगदान

आयकर ऐन, २०५८ अनुसार राज्यलाई बुझाउनुपर्ने सम्पुर्ण कर महिना महिनामै बुझाई मासिक इटिडिएस समेत गर्दै आएको छ । यस वर्ष संघले राज्यलाई व्याजकर, भत्ता कर, सामाजिक सुरक्षा कर, आय कर लगायत कुल रु.२,२६,२२,८८१.५० (दुई करोड छबिस लाख बाइस हजार आठ सय एकासी रुपैंया पचास पैसा मात्र) रकमको योगदान गरेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

## २०. संस्था अनुगमन

संघले सदस्य संस्थाको अनुगमन तथा निरीक्षणको लागि छुट्टै कार्यविधि बनाई अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । संघले सदस्यता आबेदक संस्थाको स्थलगत अनुगमन र पहिलो चोटी ऋण माग गर्ने ऋणी संस्थाको समेत अनुगमन गरी सदस्यता र ऋण प्रदान गर्ने गरेको छ । साथै नगरपालिकाको अनुगमन तथा निरीक्षणमा संघलाई समेत संलग्न गराई अनुगमन गरेको छ । संघले यस वर्ष तपसिलबमोजिम ३६ वटा संस्थालाई अनुगमन तथा निरीक्षण गरेको छ ।

**तपसिल**

| क्र.सं. | अनुगमन तथा निरीक्षण | संख्या |
|---|---|---|
| १ | संघको अनुगमन टोलीबाट | १६ वटा |
| २ | अन्तर लगानी तथा वित्तीय सेवा प्रवर्द्धन उपसमितिबाट | १२ वटा |
| ३ | सदस्यता उपसमिति | ८ वटा |
| ४ | सूर्यविनायक नगरपालिकाबाट | १४ वटा |

## २१. संघको अनुगमन

संघ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि., बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. र राष्ट्रिय सहकारी महासंघमा आबद्ध भई सहकारी अभियानमा ऐक्यबद्धता जनाउँदै आएको छ ।

सहकारीको उपल्लो संघ बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.बाट मिति २०८१ मंसिर ६ र २०८२ जेष्ठ २२ गते कार्यक्रम अधिकृत नवराज घोरसाइने र व्यवसाय अधिकृत सुदर्शन दाहालको नेतृत्वमा स्तरीकरण कार्यक्रम कोशिशमा आबद्ध भएअनुरुप संघको स्थलगत निरीक्षण भएको थियो ।

## २२. पुरस्कृत

संघले आ.व. २०८१/०८२ मा वागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.मा आबद्ध संघ संस्थाहरुमध्येबाट उत्कृष्ट बचत संघ लि.बाट पुरस्कृत भएको छ । त्यसै गरी राष्ट्रिय सहकारी बैंक लि. बाट उत्कृष्ट सदस्य संघबाट मिति २०८१ मसिंर २९ गते पुरस्कृत भएको छ र नेफ्स्कूनबाट मिति २०८१ पुष २९ गते उत्कृष्ट जिल्ला बचत तथा ऋण सहकारी संघ लि.बाट पुरस्कार प्राप्त गर्न सफल भएको छ ।

अन्त्यमा, संघले अन्तरलगानी, तालिम र अभियानलाई महत्व दिदैं आफ्ना क्रियाकलापहरु अगाडि बढाइरहेको छ । तसर्थ २१औं वार्षिक साधारण सभामा प्रस्तुत गरिएका आ. व. २०८१/०८२ को प्रगति प्रतिवेदन तथा आ.व. २०८२/०८३ को प्रस्तावित कार्यक्रम माथि छलफल गरी पारित गरिने विश्वासका साथ बिदा हुन्छु ।

जय सहकारी ।

# आर्थिक प्रगति तथा अनुमानित बजेट



- कान्छाभक्त घजू
कोषाध्यक्ष

यस सभाका सभाध्यक्षज्यू,
साधारण सभामा पाल्नुभएका प्रतिनिधि महानुभावहरु

यस वर्ष सहकारी क्षेत्रमा देखिएको समस्या समाधान गर्न सहकारी ऐन २०७४ मा संशोधन गरिएको छ । सहकारीमा व्यक्तिगत बचत तथा ऋणको सीमा लगाएको छ। सहकारीको प्रभावकारी नियमनको लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गरिएको छ । सहकारीमा कर्जा असुली न्यायाधिकरण कार्यान्वयनमा आएको छ। सहकारीलाई केन्द्रीय कर्जा सूचना केन्द्र र कर्जा सुरक्षण कोषमा आबद्ध हुन सक्ने कानुनी व्यवस्था गरेको छ तर कार्यान्वयनमा आउन सकेको छैन । नेपाल राष्ट्र बैंकले बचत तथा ऋण सहकारीको मुख्य कारोबार गर्ने सहकारीलाई निर्देशन जारी गरेको छ । राष्ट्रिय सहकारी नियमन प्राधिकरणले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारीलाई नियामकीय मापदण्ड जारी गरेको छ । सहकारी विभागले एकिकृत निर्देशन २०८२ जारी गरेको छ । बागमती प्रदेश सहकारी मन्त्रालयले निर्देशन जारी गरेको छ ।

सहकारीलाई संघ, प्रदेश र स्थानीय तीन वटै साझा क्षेत्रअधिकार भित्र राखेकोले जारी निर्देशन सबै तहका सहकारी संस्थाले पालना गर्नुपर्ने भएको छ। संशोधित ऐन, नियम र निर्देशन समस्याग्रस्त सहकारीलाई लागू नहुने तर चलायमान सहकारीलाई लागू हुने व्यवस्थाले समस्यामा परेका सहकारी संस्थाका बचत रकम फिर्तामा कुनै सम्बोधन हुन सकेन । सहकारी पिडित बचतकर्ताले कहिले कसरी बचत फिर्ता पाउनेमा अनिश्चितता बढाएको छ । संचालित सहकारी संस्थाहरु पनि सहकारी ऐन नियम र निर्देशनको चुनौतीले आक्रान्त छन् । बहु निकायबाट जारी निर्देशनले एक अर्कामा बाँझिएका विषय बस्तुले झन् अन्यौल सिर्जना गरेको छ ।

बचत तथा ऋण सहकारी संघको हैसियतले सदस्यको वित्तीय आवश्यकता पुरा गर्न ऐनले दिएको अधिकार प्रयोग गर्दै आर्थिक कारोबार गर्दै आएको सर्वविदित्तै छ । तर ऐनले दिएको अधिकार नै कुण्ठित हुने गरी नेपाल राष्ट्र बैंक र राष्ट्रिय सहकारी नियमन प्राधिकरणले निर्देशन जारी गर्दै संघमा सदस्य संस्थाले राखेको रकम तरलता गणना नगर्ने व्यवस्था गरेको छ। सदस्यले संघबाट पाउँदै आएको सेवा सुविधा बञ्चित गरी बैंक वित्तीय संस्था पोस्ने नीतिको विरुद्धमा संघ रहेको छ। तसर्थ सदस्य संस्थाहरुलाई ऐन, नियम र निर्देशनबारे सुसूचित गर्दै ऐन, नियम र निर्देशनको संशोधनका लागि निरन्तर प्रयासमा संघ रहेको छ।

हालको तरल अवस्थामा संघको भूमिका अझ महत्वपूर्ण बनेको छ। जिल्लामार्फत प्रदेश, नेफ्स्कून र राष्ट्रिय सहकारी महासंघ लि.मा ऐन, नियम र निर्देशनको संशोधन पहलकदमीको आवाज बुलन्द गर्दै आएको छ । देशमा

लगानीको वातावरण बन्न सकेको छैन । बचत तथा ऋण सहकारीमा बचत तथा ऋणको सन्तुलन कायम गर्न चुनौती बढेको छ । संस्थामा तरलता बढ्दै गएको छ । सहकारीमा ऋण मागका कमिका कारण ऋण लगानी घट्दै गएको छ । बचत बृद्धि हुने र ऋण घट्दै जाने अवस्थाले सहकारी संचालनमा सकस थप्दै गएको छ । यसको समाधानका लागि सदस्यहरुलाई सुसूचित गर्दै जानुपर्दछ । आर्थिक क्रियाकलापमा उप्रेरणा प्रदान तालिम तथा कार्यक्रम संचालन गर्दै जानु पर्दछ ।

सदस्य संस्थाहरुमा समस्यापरेपछि त्यसको प्रत्यक्ष असर संघमा पनि पर्दछ । संघमा ऋण लगानीमा कमी भएको छ । लगानी भएका ऋणमा पनि केही ऋण भाखा नाघेको छ । नियमानुसार राख्नुपर्ने प्रयाप्त ऋण सुरक्षण कोषको व्यवस्था गरिएको छ । ऋण सुरक्षण कोष व्यवस्था गर्नु परेकोले नाफामा असर गरेको छ । भाखा नाघेको ऋण असुलीका लागि संघले कानुनी असुली प्रक्रिया अगाडि बढाएको छ । साथै असुलीका लागि ऋणी संस्थासंग निरन्तर सम्पर्क ताकेता समेत भइरहेको छ । ऋण मागको कमीले तरलता अत्यधिक बढेको छ । तरलता व्यवस्थापनमा सकस भएको छ । तरलता व्यवस्थापनका लागि बजार दर अनुसार व्याजदर परिवर्तन गर्दै आएको छ । संघमा नियमित बचतको भार कम भएकोले संघको नियमित बचत बढाउन प्रोत्साहित गरिएको छ । साथै ऋण लगानीलाई प्रोत्साहन गरिँदै आएको छ । हाल मासिक किस्ताबन्दी ऋणमा ६ प्रतिशत व्याजदरमा ऋण लगानी भैरहेको छ । साथै महिलाबाट सञ्चालित सहकारी संस्थालाई उल्लेखित व्याजदरमा ०.५ प्रतिशत सहुलियत दिने व्यवस्था गरिएको छ ।

श्रद्धेय अध्यक्षज्यू,

संघले आ.व. २०८१/०८२ मा गरेको वित्तीय कृयाकलापहरुको यथार्थ स्थितिको जानकारी सञ्चालक समितिको तर्फबाट कोषाध्यक्षको हैसियतले दिनु मेरो दायित्व हो । यस कुरालाई शिरोपर गरी संघको चालु आ.व.मा संघको कार्यालय सञ्चालन, लेखा, कारोबार, भौतिक सम्पत्ति लगायतका क्षेत्रको व्यवस्था तथा सुरक्षा सम्बन्धमा यस गरिमामय साधारण सभासमक्ष राख्ने अनुमति चाहन्छु ।

### १. संघको लेखा पद्धति र सुरक्षात्मक व्यवस्था

क) संघको लेखा सञ्चालन गर्न प्रिमियम कम्पनीले विकास गरेको ISO Certified प्रिमियम सि.वि.एस. एप्लीकेशन सफ्टवेयर प्रयोग गरिदै आएको छ ।

ख) संघको कारोबारको सुरक्षा र गोपनियताका लागि सफ्टवेयरको डाटा क्लाउड सर्भरमा राख्ने व्यवस्था गरिएको छ ।

ग) संघको कारोबार दोहोरो लेखा प्रणालीमा आधारित रही नेपाल सरकारले तोकेको प्रचलित नेपाल मानको ढाँचामा राख्ने गरिएको छ । संघको लेखापरिक्षण प्रतिवेदन Nepal Financial Reporting Standards (NFRS) अनुसार तयार गरिएको छ ।

### २. बचत खाताको सुरक्षा र गोपनियता :

क) संघका सदस्य संस्थाहरुको खातामा रहेको मौज्दात खाता खोल्दा व्यवस्था गरेको हस्ताक्षरअनुसारका व्यक्तिहरुको आधिकारिक पत्रबाट मात्र कारोबारको विवरण हेर्न मिल्ने व्यवस्था गर्नुका साथै संघ संस्थाको आधिकारिक मेलमा मात्र उपलब्ध गराउने व्यवस्था गरिएको छ । साथै संस्थाको आधिकारिक व्यक्तिले इन्टरनेट बैंकिङमार्फत पनि खाताको विवरण हेर्न सकिने व्यवस्था गरिएको छ ।

ख) सदस्य संस्थालाई कारोबार गर्न सहजताको लागि नि:शुल्क भुक्तानी पुर्जाको व्यवस्था गरिँदै आएको छ ।

ग) सम्पत्ति शुद्धीकरण निवारणको कार्यवधि बनाई कार्यान्वयन गरिएको छ ।

घ) सदस्य संस्थाले बचत गर्दा वा झिक्दाको जानकारी संघको एप्स वा इन्टरनेट बैंकिङ मार्फत तुरुन्त प्राप्त गर्न सकिने गरी कारोबार सुनिश्चितताको व्यवस्था गरिएको छ ।

ङ) सदस्य संस्थाको बचत सुरक्षाको लागि ऋण लगानी गर्दै संघमा रहेको तरलतालाई बैंक/वित्तीय संस्थामा पोर्टफोलियोका आधारमा आवधिक बचत लगानी मार्फत व्यवस्थापन गरिएको छ ।

### ३. नगद सुरक्षा तथा जिम्मेवारी

क) संघको कारोबारबाट प्राप्त हुने नगद सुरक्षाका लागि सिद्धार्थ इन्स्योरेन्स कम्पनी लि. र सगरमाथा इन्स्योरेन्स कम्पनी लि. र मार्फत सूर्यविनायक कार्यालय र मध्यपुर थिमि सेवा केन्द्रमा संघमा रहेको नगद र भल्टको बिमा गरी सुरक्षा गरिएको छ ।

### ४. ऋण स्वीकृति सम्बन्धी व्यवस्था

क) संघले बचत तथा ऋण नीति, २०८१ बमोजिम बचत तथा ऋणको व्यवस्थापन गर्दै आएको छ । यस नीतिबमोजिम सदस्य संस्थाको जगेडा कोष र शेयर पुँजीको आधारमा तरलता व्यवस्थापन ऋण रु.६०,००,०००। (साठी लाख रुपैंया)सम्म अन्तरलगानी तथा वित्तीय सेवा प्रवर्द्धन उपसमितिको सिफारिसमा र सञ्चालक समितिका तर्फबाट अध्यक्षको स्वीकृतिमा ऋण प्रदान गरिँदै आएको छ । सोभन्दा माथिको ऋण अन्तरलगानी तथा वित्तीय सेवा प्रवर्द्धन उपसमितिको सिफारिस र सञ्चालक समितिको स्वीकृतिमा ऋण प्रदान गरिँदै आएको छ ।

ख) संघको व्यवस्थापन प्रमुखलाई संस्थाको आवधिक बचत धितो रसिदको आधारमा ऋण स्विकृतिको अधिकार प्रत्यायोजन गरिएको छ ।

ग) संघले धितोमा ऋण लगानी गर्दा संस्थागत धितो मुल्याङ्कनकर्ताको मुल्याङ्कन अनुसारको रकममा ६० देखि ७० प्रतिशतसम्म ऋण लगानी सिफारिस र स्वीकृत गर्ने गरिएको छ ।

### ५. बैंक खाता सञ्चालन

क) संघले सबै बैंक तथा वित्तीय संस्था वा माथिल्लो संघहरुमा रहेको खाता सञ्चालक समितिको तर्फबाट अध्यक्ष र कोषाध्यक्ष एवं व्यवस्थापनको तर्फबाट प्रमुख कार्यकारी अधिकृत र वित्त तथा प्रशासन अधिकृतको हस्ताक्षरबाट सञ्चालन गरिएको छ ।

ख) संघले सदस्य सेवा केन्द्रका बैंक तथा वित्तीय संस्था वा माथिल्लो संघहरुमा रहेको खाता सञ्चालक समितिको तर्फबाट अध्यक्ष र कोषाध्यक्ष एवं व्यवस्थापनको तर्फबाट प्रमुख कार्यकारी अधिकृत र सेवा केन्द्र इन्चार्जको हस्ताक्षरबाट सञ्चालन गरिएको छ ।

ग) संघले बैंक तथा वित्तीय संस्था वा विषयगत संघहरु र राष्ट्रिय सहकारी बैंकमा रहेको खाताको मासिक रुपमा बैंक हिसाब मिलान विवरण तयार गर्दै आएको छ ।

घ) संघले बैंक तथा वित्तीय संस्था वा विषयगत संघहरु र राष्ट्रिय सहकारी बैंकमा रहेको खाताको तुरुन्त जानकारी प्राप्त गर्न इन्टरनेट बैंकिङ सेवा लिई उपयोग गरिएको छ ।

### ६. कर्मचारीको सेवा सुविधा

क) संघमा कार्यरत कर्मचारीहरुलाई संघको कर्मचारी प्रशासन नीति, २०८१ बमोजिम सेवा सुविधाको व्यवस्था गरिएको छ ।

ख) आ.व. २०८१/०८२ मा संघमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने र संघमा रहेको उपदान कोष व्यवस्था सामाजिक सुरक्षा कोषमा नै सम्बन्धित कर्मचारीको खातामा हस्तान्तरण गर्ने निर्णय गरिएको छ ।

### ७. कार्यालय व्यवस्थापन खर्च

क) संघमा दैनिक रुपमा कार्यालय सञ्चालनमा आइपर्ने सानातिना खर्च गर्न मुख्य कार्यालयमा रु. १०,०००।- र थिमि सेवा केन्द्रमा रु.५,०००।- को सानो नगदी कोषको व्यवस्था गरी सञ्चालन गरिँदै आएको छ ।

ख) संघको कार्यालय सञ्चालनका स्टेशनरी तथा छपाइ, कार्यालय उपकरणहरु, फर्निचरहरुको खरिद संघको आर्थिक प्रशासन नीति, २०८१ बमोजिम रितपूर्वक खरिद तथा निर्माण गरिएको छ ।

### ८. भौतिक सामानको उपयोग तथा सुरक्षा

क. संघको आफ्नै भवनबाट दैनिक कारोबार सञ्चालन गरिँदै आएको छ । भवन र कारोबारको सुरक्षाका लागि दुई जना सुरक्षा गार्डको व्यवस्था गरिएको छ । साथै यस वर्ष भवनको बिमा समेत गरिएको छ ।

ख. यस वर्ष संघले आफ्नै भवनसँग जोडिएको भक्तपुर जिल्ला साविक सिपाडोल गा.वि.स. वडा नं. २ (ख) (हाल सूर्यविनायक न.पा. वडा नं. ८ कित्ता नं. १५८१, क्षेत्रफल ०-३-२-३ भएको जग्गामा पार्किङ सुरक्षाका लागि पर्खाल लगाई फलामको गेट व्यवस्था गरिएकोछ । आ.व. २०८२/०८३ मा पनि पार्किङ स्तरोन्नतिका लागि बजेट व्यवस्थापन गरिएको छ ।

ग. संघको कार्य सम्पादनका लागि आवश्यक उपकरणहरु र नियमित बैठकको लागि छुट्टै बैठक हल व्यवस्था गरिएको छ ।

### ९. लाभांश प्रस्ताव

संघको आर्थिक कारोबारको आधारमा आ.व. २०८१/०८२ को कुल नाफालाई विनियममा व्यवस्था भएबमोजिम कोष बाँडफाँड गरी लाभांश कोषको रकमबाट ४.६० प्रतिशत लाभांश प्रदान गर्ने सञ्चालक समितिको निर्णय प्रस्ताव पारितका लागि यस सभामा पेश गर्दछु ।

### १०. संरक्षित पुँजी फिर्ता कोष

यस आ.व २०८१/०८२ मा बचत र ऋण कारोबारको आधारमा संघको संरक्षित पुँजी फिर्ता कोषमा छुट्याएको रु. २०,१०,२२०.२० (बिस लाख दश हजार दुई सय बिस रुपैंया बिस पैसा) मध्ये रु. १०,००,०००।- (दश लाख) मात्र ऋणबाट प्राप्त व्याजको आधारमा ६० प्रतिशत र बचतमा दिएको व्याजको आधारमा ४० प्रतिशत संरक्षित पुँजी फिर्ता कोष वितरण गर्ने प्रस्ताव पारितको लागि अनुरोध गरिन्छ ।

अब म चालु आ.व. २०८१/०८२ मा संघले तय गरेको अनुमानित बजेट र गत वर्षको तुलनामा यस वर्ष हासिल गरेको वित्तीय प्रगति विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**श्रोत तर्फको प्रगति** **रु. हजारमा**

| विवरण | २०८०/०८१ असारसम्मको यथार्थ | २०८१/०८२ को अनुमानित | २०८१/०८२ असारसम्मको यथार्थ | गत वर्ष भन्दा बृद्धि प्रतिशत | वार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर पुँजी | ७,७१,३४ | ८,४८,४७ | ८,४१,३८ | ९.०८% | ९९.१६% |
| निक्षेप | ३,२९,०९,७७ | ३,५४,३५,४८ | २,९०,२३,९२ | -११.८१% | ८१.९१% |
| जगेडा तथा अन्यकोष | १३,०६,९८ | १४,८६,५४ | १२,६७,०२ | -३.०६% | ८५.२३% |
| अन्य दायित्व | १,५४,९४ | ३,०१,३१ | १,५७,९१ | १.९२% | ५२.४१% |
| **जम्मा** | **३,५१,४३,०३** | **३,८०,७१,८०** | **३,१२,९०,२३** | **-१०.९६%** | **८२.१९%** |

**उपयोग तर्फको प्रगति** **रु. हजारमा**

| विवरण | २०८०/०८१ असारसम्मको यथार्थ | २०८१/०८२ को अनुमानित | २०८१/०८२ असारसम्मको यथार्थ | गत वर्ष भन्दा बृद्धि प्रतिशत | वार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| ऋण लगानी | ३९,४६,७८ | ८१,००,०० | १९,८७,२३ | -४९.६५% | २४.५३% |
| वित्तीय लगानी | २,०५,४८,६० | २,४०,००,०० | १,३५,१९,४४ | -३४.२१% | ५६.३३% |
| चल सम्पत्ति | १९,८७ | १५,९४ | १७,५९ | -११.४७% | ११०.३५% |
| जग्गा तथा भवन निर्माण | ३,४४,०८ | ३,५२,२५ | ३,४३,७५ | -०.१०% | ९७.५९% |
| चालु सम्पत्ति (पाउनुपर्ने) | ७,३९,९२ | ९,२८,८१ | ९,१२,०७ | २३.२७% | ९८.२०% |
| तरलता | ९५,४३,७८ | ४६,७४,८० | १,४५,१०,१५ | ५२.०४% | ३१०.३९% |
| **जम्मा** | **३,५१,४३,०३** | **३,८०,७१,८०** | **३,१२,९०,२३** | **-१०.९६%** | **८२.१९%** |

**आम्दानी तर्फको प्रगति** **रु हजारमा**

| विवरण | २०८०/०८१ असारसम्मको यथार्थ | २०८१/०८२ को अनुमानित | २०८१/०८२ असारसम्मको यथार्थ | वार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|
| ऋण लगानीबाट आम्दानी | ६,२६,०८ | ५,९८,४३ | १,९८,९३ | ३३.२४% |
| बचत तथा शेयर लगानीमा आम्दानी | १८,५८,४९ | १४,२७,७१ | १५,५१,९७ | १०८.७०% |
| स्टेश्नरी बिक्रिबाट आय | ३,५५ | ४,०० | २,६० | ६५.००% |
| तालिम तथा अन्य आम्दानी | १०,२६ | २६,२५ | १०,३० | ३९.२४% |
| **जम्मा** | **२४,९८,३८** | **२०,५६,३९** | **१७,६३,८०** | **८५.७७%** |

**खर्च तर्फको प्रगति** **रु हजारमा**

| विवरण | २०८०/०८१ असारसम्मको यथार्थ | २०८१/०८२ को अनुमानित | २०८१/०८२ असारसम्मको यथार्थ | वार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|---|
| बचतमा ब्याज खर्च | १७,४०,७९ | १३,८८,१९ | १०,४१,१० | ७५.००% |
| कर्मचारी खर्च | ५५,१७ | ७६,९८ | ९५,१७ | १२३.६३% |
| कार्यालय सञ्चालन खर्च | २८,३१ | ५४,१३ | २२,११ | ४०.८५% |
| सहकारी कार्यक्रम खर्च | १७,१० | २५,०९ | २१,१९ | ८४.४६% |
| स्टेशनरी खरिद | २,९३ | ३,०० | २,१२ | ७०.६७% |
| ह्रास खर्च | ७,२२ | ९,३८ | ७,४८ | ७९.७४% |
| कर्जा जोखिम व्यवस्था | ५०,०४ | १५,०० | ४,०७,१५ | २७१४.३३% |
| कुल नाफा/बचत | ५,९६,८२ | ४,८४,६२ | १,६७,४८ | ३४.५६% |
| **जम्मा** | **२४,९८,३८** | **२०,५६,३९** | **१७,६३,८०** | **८५.७७%** |

माथि उल्लेखित वित्तीय विवरणले संघको वित्तीय स्थितिमा १०.९६ प्रतिशतले ऋणात्मक र लक्ष्यमा ८२.१९ प्रतिशतले प्रगति हासिल भएको देखिन्छ । नेपाल राष्ट्र बैंक र राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी नियामकीय मापदण्ड तथा निर्देशन र आर्थिक मन्दीको असर संघको वित्तीय विवरणमा परेको छ । फलस्वरुप संघमा निक्षेप ११.८१ प्रतिशतले ऋणात्मक भएको छ भने ऋण लगानी ४९.६५ प्रतिशत ऋणात्मक भएको छ । सदस्य संस्थाबाट ऋणको मागमा कमी भएको कारण संघमा तरलता गतको भन्दा ५२ प्रतिशतले बृद्धि भएको छ । संघमा रहेको तरलतालाई बैंक तथा वित्तीय संस्थामा छोटो अवधिका लागि वित्तीय लगानी गरी व्यवस्थापन गरिएको वित्तीय लगानीमा पनि गत वर्षभन्दा ३४ प्रतिशतले ऋणात्मक भएको छ ।

संघले अन्तरलगानीमा जोड दिँदै ऋण आवेदक संस्थाको अनुगमन गरी सुझावहरु प्रदान गर्नुको साथै प्राथमिकरणका आधारमा तरलता व्यवस्थापनका लागि ऋण प्रदान गर्दै आइरहेको छ । संघले प्राथमिक पुँजी कोषको आधारमा ऋण लगानी सीमित गरेको छ। साथै धित्तो ऋणलाई आकर्षक बनाउन कम व्याजदरमा विशेष ऋण सेवा दिइँदै आएको छ । संघमा कारोबार गर्ने सदस्य संस्थाहरुलाई ऋण लगानीमा प्राथमिकता दिइएको छ । संघले ऋण लगानीलाई प्रवर्द्धन गर्न अल्पकालिन तथा दीर्घकालिन ऋण सेवा दिँदै आएको छ । सहकारीको दिगो विकासका लागि संस्थाको घर जग्गा धितो राखी ५ वर्षे दिगो सहकारी ऋण सञ्चालनमा ल्याइएको छ । सदस्यको व्यवसाय निरन्तरता र सञ्चालनमा सहजताका लागि मासिक किस्ता बन्दी ऋण ५ वर्षको लागि सञ्चालनमा रहेको जानकारी गराउँदछु ।

संघले लगानी पश्चात बाँकी रहेको रकमलाई वित्तीय तथा तरल लगानी मार्फत संघको आय व्यवस्थापन गरिएकोछ । यसले पाउनुपर्ने अग्रिम व्याजकर दाखिला बढाएको छ । वित्तीय लगानीले अग्रिम व्याजकर दाखिला बढाउने भएकोले संघको ऋण सेवामै जोड दिइने योजना रहेको छ । तसर्थ सदस्य संस्थाहरु सबैले उपभोग गर्न सक्ने गरी कम व्याजदरको ऋण सेवाहरु विकास गर्ने योजना रहेको छ । जसले सदस्य संस्थाहरुले महँगो आवधिक बचत स्वीकार गर्न नपर्ने गरी नयाँ ऋण सेवाको विकास गरिनेछ । संघलाई वित्तीय रुपमा थप सबल र सक्षम बनाउनका लागि सहयोग पुऱ्याउनुहुने सदस्य संस्थाप्रति आभार प्रकट गर्दछु । विगतमा झैं आउँदा दिनमा सम्पूर्ण सदस्य संस्थाहरुले यस संघमा थप वित्तीय कारोबार बिस्तार गर्नुहुने विश्वास गरेको छु ।

अब म आ.व. २०८२/०८३ का लागि तर्जुमा गरिएका कार्यक्रमहरुका लागि बजेट, अनुमानित आय व्यय विवरण र खर्चसम्बन्धी प्रस्ताव यस गरिमामय साधारणसभासमक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**श्रोत तर्फ** **रु. हजारमा**

| विवरण | २०८१/०८२ को अनुमानित | २०८१/०८२ असारसम्मको यथार्थ | २०८२/०८३ को अनुमानित |
|---|---|---|---|
| शेयर पुँजी | ८,४८,४७ | ८,४१,३८ | ९,२४,०० |
| निक्षेप | ३,५४,३५,४८ | २,९०,२३,९२ | २,८५,००,०० |
| जगेडा कोष तथा अन्यकोष | १४,८६,५४ | १२,६७,०२ | १८,९७,९९ |
| अन्य दायित्व | ३,०१,३१ | १,५७,९१ | २,४६,४१ |
| **जम्मा** | **३,८०,७१,८०** | **३,१२,९०,२३** | **३,१५,६८,४०** |

**उपयोग तर्फ** **रु. हजारमा**

| विवरण | २०८१/०८२ को अनुमानित | २०८१/०८२ असारसम्मको यथार्थ | २०८२/०८३ को अनुमानित |
|---|---|---|---|
| ऋण लगानी | ८१,००,०० | १९,८७,२३ | ६०,००,०० |
| वित्तीय लगानी | २,४०,००,०० | १,३५,१९,४४ | १,९७,००,०० |
| चल सम्पत्ति | १५,९४ | १७,५९ | १९,०५ |
| जग्गा तथा भवन निर्माण | ३,५२,२५ | ३,४३,७५ | ३,५२,२५ |
| चालु सम्पत्ति (पाउनुपर्ने) | ९,२८,८१ | ९,१२,०७ | ११,२२,०९ |
| तरलता | ४६,७४,८० | १,४५,१०,१५ | ४३,७५,०१ |
| **जम्मा** | **३,८०,७१,८०** | **३,१२,९०,२३** | **३,१५,६८,४०** |

**आम्दानी तर्फ** **रु. हजारमा**

| विवरण | २०८१/०८२ को अनुमानित | २०८१/०८२ असारसम्मको यथार्थ | २०८२/०८३ को अनुमानित |
|---|---|---|---|
| ऋण लगानीबाट आम्दानी | ५,९८,४३ | १,९८,९३ | ३,४४,२८ |
| बचत तथा शेयर लगानीमा आम्दानी | १४,२७,७१ | १५,५१,९७ | ८,५९,४६ |
| स्टेशनरी विक्रिबाट आय | ४,०० | २,६० | ४,०० |
| तालिम तथा अन्य आम्दानी | २६,२५ | १०,३० | ३१,८६ |
| **जम्मा** | **२०,५६,३९** | **१७,६३,८०** | **१२,३९,६०** |

**खर्च तर्फ** **रु. हजारमा**

| विवरण | २०८१/०८२ को अनुमानित | २०८१/०८२ असारसम्मको यथार्थ | २०८२/०८३ को अनुमानित |
|---|---|---|---|
| बचतमा ब्याज खर्च | १३,८८,१९ | १०,४१,१० | ६,८५,०७ |
| कर्मचारी खर्च | ७६,९८ | ९५,१७ | ७०,४७ |
| कार्यालय सञ्चालन खर्च | ५४,१३ | २२,११ | ५९,७८ |
| सहकारी कार्यक्रम खर्च | २५,०९ | २१,१९ | २८,०१ |
| स्टेशनरी खरिद | ३,०० | २,१२ | ३,०० |
| ह्रास खर्च | ९,३८ | ७,४८ | १०,४१ |
| कर्जा जोखिम व्यवस्था | १५,०० | ४,०७,१५ | १५,०० |
| कुल नाफा/बचत | ४,८४,६२ | १,६७,४८ | ३,६७,८६ |
| **जम्मा** | **२०,५६,३९** | **१७,६३,८०** | **१२,३९,६०** |

अन्तमा "दिगो सहकारी विकासका लागि संघ" भन्ने परिकल्पनाका साथ समुदायमा आधारित सहकारी संस्थाको दिगो विकास र गुणस्तरीय सेवाका लागि प्रयत्नरत यस संघको वार्षिक साधारण सभामा सहभागिता जनाउनका लागि उपस्थित हुनु भएका सम्पूर्ण सहकारीकर्मीहरुलाई हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । प्रस्तुत वित्तीय प्रगति विवरण र आ.व. २०८२/०८३ को अनुमानित बजेट तथा लेखापरीक्षक श्रेष्ठ सुनिल एण्ड एसोसिएट्सका सि.ए. सुनिल श्रेष्ठद्वारा प्रस्तुत यस संघको आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन समेत यस सभाबाट पारित गरिदिनुहुन अनुरोध गर्दछु । धन्यवाद । जय सहकारी ।

# लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन



- **बालमुकुन्द उपाध्याय**
संयोजक

यस सभाका सभाध्यक्षज्यू,
साधारण सभामा पाल्नुभएका प्रतिनिधि महानुभावहरु

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. २०६२ बैशाख २१ गते तत्कालिन डिभिजन सहकारी कार्यालय भक्तपुरमा दर्ता नं. ९०/०६१/६२ मा दर्ता भएको संघ हो । आफ्नो स्थापनाकालदेखि प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाहरुसंग हातेमालो गर्दै आ.व. २०८१/०८२ को अन्त्यसम्ममा २०३ वटा संस्था आबद्ध रहेकोछ । संघले विषम परिस्थितिमा पनि सदस्य संस्थाहरुलाई निरन्तर शिक्षा, तालिम र अन्तरलगानी सेवा मार्फत सदस्य संस्थाको प्रवर्धन र संवर्धनमा लागिरहेको छ । संघले सहकारी अभियानमा राष्ट्रियस्तरमै उत्कृष्ट, लोकप्रिय र आशा भरोसाको रुपमा आफूलाई उभ्याउन सफल भएको छ ।

लेखा सुपरिवेक्षण समिति एक स्वतन्त्र समिति भएकोले संघमा भएका कामकार्वाही, नीति तथा कार्यविधि, निर्णय, लेखा र लेखा राख्ने विधिको सुक्ष्म अध्ययन अनुगमन गरी आन्तरिक लेखापरीक्षण गर्दै आएको जानकारी गराउँदछु । संघका सम्पूर्ण कारोबारहरु ठीक ढङ्गले इमान्दारीपूर्वक, सहकारी मूल्य, मान्यता, सिद्धान्त, ऐन, नियम, निर्देशन, संघको विनियम, नीति अनुरुप भएका छन् छैनन् भनी सुपरिवेक्षण गरी गल्ती कमजोरी भए समयमै सच्याउन लिखित तथा मौखिक सुझाव यस समितिले दिंदै आएको छ ।

सहकारी ऐन तथा नियमावली बमोजिम संघका सदस्य संस्थाहरुको शेयर, निक्षेप, ऋण र व्याज हिसाबको जाँच गर्ने, आम्दानी खर्चको भौचर आन्तरिक परीक्षण गर्ने एवं सञ्चालक समितिबाट भए गरेका काम कारवाहीको बारेमा सुक्ष्म अध्ययन गरी सुझाव दिंदैआएका छौं । "लेखा सुपरिवेक्षण समितिको रचनात्मक भूमिका, संघ सफलताको आधार" भन्ने नारालाई आत्मसाथ गर्दै सहकारी संघको हक अधिकारप्रति सदैव संवेदनशील भई संघमा सुशासन कायम गर्नको लागि विद्यमान नीति, नियम, विनियम, ऐन, नियमावली, मापदण्ड अनुसार आन्तरिक अनुगमन र नियन्त्रण गर्ने कार्य गर्दै सुझाव दिएका छौं ।

आदरणीय प्रतिनिधिज्यूहरु,

संघको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सहकारी विभागद्वारा जारी सहकारी संघ संस्था दर्ता सञ्चालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड अनुसार तयार गरी प्रस्तुत गरिएको छ ।

१) वित्तीय अवस्था विश्लेषण                                                                 रु. हजारमा

| क्र.सं. | विवरण | आ.व. ०८०/८१ को यथार्थ | आ.व. ०८१/८२ को अनुमानित | आ.व. ०८१/८२ को यथार्थ | बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सदस्य संख्या | २०४ वटा | २२० वटा | २०३ वटा | -०.४९% |
| २ | शेयर पूँजी | ७,७१,३४ | ८,४८,४७ | ८,४१,३८ | ९.०८% |
| ३ | निक्षेप | ३,२९,०९,७७ | ३,५४,३५,४८ | २,९०,२३,९२ | -११.८०% |
| ४ | वित्तीय लगानी | २,०५,४८,६० | २,४०,००,०० | १,३५,१९,४४ | -३४.२१% |
| ५ | ऋण लगानी | ३९,४६,७८ | ८१,००,००० | १९,८७,२३ | -४९.६५% |
| ६ | चल अचल सम्पत्ति | ३,६३,९५ | ३,६८,१९ | ३,६१,३४ | -०.७१% |
| ७ | व्याज आम्दानी | २४,८४,५७ | २०,२६,१४ | १७,५०,९० | -२९.५३% |
| ८ | व्याज खर्च | १७,४०,७९ | १३,८८,१९ | १०,४१,१० | -४०.१९% |
| ९ | वासलात कुल सम्पत्ति | ३,५१,४३,०३ | ३,८०,७१,८० | ३,१२,९०,२३ | -१०.९६% |
| १० | बचत (नाफा) | ५,९६,८२ | ४,८४,६२ | १,६७,४८ | -७१.९४% |
| ११ | कोषहरु | १३,०६,९८ | १४,८६,५४ | १२,६७,०२ | -३.०६% |

उपर्युक्त तालिका अनुसार संघको अधिकांश सूचांक ऋणात्मक छ । देशमा देखिएको आर्थिक मन्दि र राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी निर्देशनको प्रत्यक्ष प्रभाव संघमा परेको छ । मौजुदा सहकारी ऐन, कानुन र निर्देशनका आधारमा संघको कारोबारलाई सिमिततामा ल्याउँदा अझ घट्ने देखिन्छ ।

## २. अघिल्लो साधारण सभाको निर्णय

संघको २० औं वार्षिक साधारण सभा मिति २०८१ कार्तिक २२ गते भक्तपुर बैङ्क्वेट, भक्तपुरमा सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरेको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सो सभाबाट संघको विभिन्न नीतिहरु अनुमोदन गर्नुका साथै अन्य महत्वपूर्ण निर्णयहरु कार्यान्वयन भएको देखिन्छ । आ.व. २०८१/०८२ मा समयानुकूल व्याजदर समायोजन, प्रस्तावित कार्यक्रमको कार्यान्वयन गर्न सञ्चालक समिति र उपसमितिहरुले बैठक बसी उपयुक्त निर्णय गरी कार्य गरेको देखिन्छ ।

## ३. आ.व. २०८१/०८२ मा बैठक

| क्र.सं. | विवरण | बैठक संख्या |
|---|---|---|
| १ | सञ्चालक समिति | २४ |
| २ | लेखा सुपरिवेक्षण समिति | ६ |
| ३ | सहकारी समन्वय उपसमिति | ३ |
| ४ | शिक्षा तथा संस्थागत विकास उपसमिति | ४ |
| ५ | अन्तरलगानी तथा वित्तीय सेवा प्रवर्द्धन उपसमिति | ८ |
| ६ | प्रकाशन उपसमिति | २ |

| | | |
|---|---|---|
| ७ | महिला सशक्तिकरण उपसमिति | ४ |
| ८ | सदस्यता उपसमिति | २ |
| ९ | तालिम व्यवस्थापन उपसमिति | २ |
| १० | भक्तपुर नगर सहकारी समन्वय उपसमिति | ५ |
| ११ | मध्यपुर थिमि नगर सहकारी समन्वय उपसमिति | ३ |
| १२ | सूर्यविनायक नगर सहकारी समन्वय उपसमिति | १ |
| १३ | चाँगुनारायण नगर सहकारी समन्वय उपसमिति | १ |
| १४ | बजेट तथा कार्यक्रम निर्माण उपसमिति | ३ |

## ४. ऋण लगानीको प्रक्रियामा धितो सुरक्षण

वित्तीय क्षेत्रको एक छातासंस्था भएको नाताले प्रारम्भिक सहकारी संस्थाहरुसँग निक्षेप स्विकार गर्नु र प्रारम्भिक संस्थाहरुलाई ऋण प्रदान गर्नु तथा समयानुकूल व्याजदर परिवर्तन गर्नु संघको प्रमुख कार्य हो । सोही अनुसार प्रारम्भिक संस्थाहरुको वित्तीय विश्लेषण गरी संघले शेयर तथा जगेडा कोष वा वासलातका आधारमा अन्तरलगानी तथा वित्तीय सेवा प्रवर्द्धन उपसमितिको सिफारिसमा संचालक समितिको स्विकृतिमा अल्पकालीन ऋण संस्थाको आवश्यकता र प्राथमिकताका आधारमा प्रदान गर्दै आएको छ । धितो जमानीमा दीर्घकालीन ऋण प्रदान गर्न वित्तीय सेवा प्रवर्द्धन उपसमितिले स्थलगत निरीक्षण गरी मूल्याङ्कन गरेको रकम र संस्थाले संघमा गरेको कारोबारको आधारमा ६०% देखि ७०% ले नबढ्ने गरी अन्तरलगानी तथा वित्तीय सेवा प्रवर्द्धन उपसमितिको सिफारिसमा सञ्चालक समितिले निर्णय गरी दृष्टि बन्धकीसमेत गरेको छ । संघले सहकारी मापदण्ड अनुसार ऋण लगानीमा जोखिम व्यवस्थापन गरे को छ ।

## ५. सहकारी मापदण्डहरुको पालना

यस संघ सहकारी ऐन, नियमावली र सिद्धान्त एवं सहकारी मापदण्डमा तोकिएको मापदण्डहरु बमोजिम परिचालित छ ।

## ६. अनुगमन निर्देशन एवम् सुझाव कार्यान्वयन

यस समितिले संघको निर्णय पुस्तिका, आर्थिक प्रगति प्रतिवेदन र व्यवस्थापकीय प्रक्रियाको नियमित अनुगमन गरी आवश्यक सुझावहरु दिँदै आइरहेको छ । उक्त सुझावहरु अधिकांश पालना भएको देखिन्छ ।

## ७. पदाधिकारी पारिश्रमिक, भत्ता र सुविधा

संघका सञ्चालक, लेखा सुपरिवेक्षण समिति र उपसमितिका पदाधिकारीहरुले सहकारी ऐन तथा मापदण्ड विपरित कुनै पारिश्रमिक, भत्ता र सुविधा लिएको छैन । संघको निर्णय अनुसार देहाय अवस्थामा पारिश्रमिक, भत्ता तथा सुविधा लिएको पाइन्छ ।

७.१) भत्ता - संघको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र उपसमितिका पदाधिकारीहरुलाई प्रति बैठक भत्ता रु.१,५००।- (एक हजार पाँच सय रुपैंया मात्र) का दरले प्रदान गरिएको छ ।

७.२) सुविधा - संघको तर्फबाट प्रतिनिधि भई जाँदा पदाधिकारीहरुलाई प्रति दिन परिवहन खर्च रु.१,०००।- (एक हजार रुपैंया मात्र) का दरले प्रदान गरिएको छ ।

७.३) संघका अध्यक्ष र कोषाध्यक्षलाई परिवहन खर्च मासिक क्रमशः रु.६,०००। (अक्षरेपी छ हजार रुपैंया) र रु.५,०००।- (पाँच हजार रुपैंया) प्रदान गरिएको छ ।

## ८. कर्मचारी प्रशासन

संघलाई व्यवस्थित र मर्यादित बनाउन कर्मचारीहरुको महत्वपूर्ण भूमिका रहन्छ। कर्मचारी व्यवस्थापनको लागि कर्मचारी प्रशासन नीति बमोजिम व्यवस्थापन कार्यलाई व्यवस्थित गरेकोछ। तसर्थ कर्मचारी प्रशासनलाई परिवर्तनशील बनाउन श्रम ऐन अनुसार कर्मचारी प्रशासन नीति परिमार्जन गर्दै आएको छ।

### ८.१ कर्मचारी प्रशासन नीति र यसको प्रयोग

संघमा हाल कर्मचारी प्रशासन नीति, २०८१ पारित भई कर्मचारी भर्ना लगायत प्रशासनिक कार्यको लागि श्रोत सामग्रीको समुचित उपयोग भइरहेको छ।

### ८.२ कर्मचारी कार्य विभाजन

संघले सबै कर्मचारीहरुलाई योग्यता र सक्षमताको आधारमा कार्य विभाजन गरेको छ। कार्यालय प्रमुख वा अन्य पदाधिकारीहरुले कुनै पनि कर्मचारी माथि पुर्वाग्रह राखी व्यवहार गरेको पाइँदैन।

### ८.३ व्यवस्थापन प्रमुखको योग्यता

संघका प्रमुख कार्यकारी अधिकृत त्रिभुवन विश्व विद्यालयबाट व्यवस्थापन विषयमा स्नातकोत्तर उत्तीर्ण हुनुहुन्छ। उहाँ शैक्षिक एवं सामाजिक रुपले योग्य हुनुको साथै व्यवसायिक सीपका हिसाबले दक्ष तथा सक्षम व्यक्ति हुनुहुन्छ।

### ८.४ कर्मचारी विवरण

यस संघमा हाल तपसिल बमोजिमका कर्मचारी कार्यरत रहेका छन् :-

| | | |
|---|---|---|
| जम्मा कर्मचारीः १० जना | पुरुषः ५ जना | महिलाः ५ जना |
| स्थायी कर्मचारीः ७ जना | पुरुषः ३ जना | महिलाः ४ जना |
| करार कर्मचारीः ३ जना | पुरुषः २ जना | महिलाः १ जना |

## ९. पर्ल्स (PEARLS) विश्लेषणको आधारमा

- तरलता अनुपात बचतका आधारमा कम्तिमा १५ प्रतिशत हुनु पर्नेमा आवधिक बचतलाई समेत गणना गर्दा ४९.९९ प्रतिशत देखिएकोले ऋण लगानीलाई नै बृद्धि गरी तरलता व्यवस्थापन गर्नु पर्ने देखिन्छ।
- कुल सम्पत्तिमा शेयर पुँजीको अनुपात १० देखि २० प्रतिशत हुनु पर्नेमा २.६९ प्रतिशत देखिएकोले शेयर पुँजी बृद्धि गर्नु पर्ने देखिन्छ।
- कुल सम्पत्तिमा खुद संस्थागत पुँजीको अनुपात १० देखि २० प्रतिशत हुनु पर्नेमा ४.०५ प्रतिशत देखिएकोले संस्थागत पुँजी बृद्धितर्फ ध्यान दिनु पर्ने देखिन्छ।
- सदस्यता बृद्धिको अनुपात सदस्य संस्थाको आधारमा कम्तिमा १५ प्रतिशत हुनु पर्नेमा (०.४९) प्रतिशत मात्र भएकोले सदस्यता बृद्धि गर्नु पर्ने देखिन्छ।

## १०. बजेट अनुसार आर्थिक प्रशासनिक नीति अध्ययन

संघको आर्थिक प्रशासन नीति साधारण सभाबाट पारित भएको छ। तसर्थ, आर्थिक प्रशासन नीति तथा संघको त्रिवर्षीय योजना बमोजिम बजेट बनाइएको र बजेटको सीमाभित्र रही कार्यान्वयन पक्षमा लगिएको छ। संघको त्रिवर्षीय योजनाको अवधि समाप्त भएकोले चारवर्षीय व्यावसायिक योजना बनाई बजेट तर्जुमा गरिएको छ।

## ११. नगद, तरलता र भौतिक सम्पत्ति उपयोग अवस्था

संघले काउन्टर सेवाको शुरुवात गरेदेखि नै नगद कारोवार गर्दै आईरहेको छ । निक्षेप फिर्ता नगद तथा चेकबाट र ऋृण लगानी बैंकबाट गर्दै आइरहेको छ । तसर्थ कुल सम्पत्तिको १% मा नबढाई नगद मौज्दात राख्ने गरिएको छ । साथै उक्त नगद मौज्दातको सुरक्षाको लागि सेफमा रहेको रकम मुख्य कार्यालयको रु. २५,००,०००।- (पच्चिस लाख), सेवा केन्द्रको रु. १५,००,०००।- (पन्ध्र लाख) र कार्यालय सामान, भवनको समेत बिमा गरिएको छ । संघको तरलता असार मसान्तसम्ममा ४९.९९% रहेको छ । संघमा रहेको भौतिक सम्पत्ति सामानहरुको स्टक नं. दिएर लेखाङ्कन गरिएको छ । ती सम्पत्तिहरु सुरक्षितकासाथ उपयोग हुँदै आइरहेको छ ।

## १२. सहकारी शिक्षा, तालिम र सूचना

संघले सहकारी तालिम तथा शिक्षालाई महत्वपूर्ण स्थानमा राखिएको छ । सदस्य संस्थाको संस्थागत विकास हुने विभिन्न किसिमका तालिमहरु सहकारी लेखा व्यवस्थापन तालिम, पर्ल्स अनुगमन तालिम, ऋृण व्यवस्थापन तालिम, ऐन कानुन तथा निर्देशिकाबारेमा अन्तरक्रिया, गोष्ठी आदि कार्यक्रमहरु आयोजना गरिएका छन् । माथिल्लो संघहरुको सूचना र संघका कार्यक्रमहरु एवम् अन्य महत्वपूर्ण जानकारीहरु संघले वेभसाईट, पत्रपत्रिका, ईमेल, एस. एम. एस. तथा चिठीमार्फत सूचना सम्प्रेषण गर्दै आइरहेको छ ।

## १३. विगतका सुझावहरु

लेखा समितिले सञ्चालक समितिलाई राय, सुझाव र सल्लाह समय समयमा दिँदै आइरहेको छ र भविष्यमा पनि यसलाई निरन्तरता दिँदै जानेछ ।  विगतमा यस समितिले खातापाता सञ्चालन र लेखा राख्ने क्रममा बिलभरपाई रुजु गर्दा सुधार गर्नुपर्ने बुँदाहरु, निर्णय र निर्णय कार्यान्वयन गर्ने क्रममा गरिएका कार्यहरु, निर्णय तथा कार्यहरुको विषयमा दिएका अधिकांश सुझावहरु कार्यान्वयन भएका छन् ।

## १४. बाह्य लेखा परीक्षकको सुझाव

लेखा परीक्षकबाट आ.व. २०८१/०८२ को सन्दर्भमा दिइएका सुझावहरुलाई संघले अवलम्बन गरेको देखिन्छ ।

## १५. सहभागितात्मक तालिम सम्बन्धमा

संघको परिवार बढ्दै गएको सन्दर्भमा क्षेत्रीयस्तरमा संघको थोरै लगानीमा ठूलो उपलब्धी हासिल गर्न संघले सहभागितात्मक तालिम एवम् शिक्षातर्फ जोड दिनुपर्ने र जिल्लास्तरमा सम्पन्न प्रशिक्षक प्रशिक्षण तालिम (TOT) लाई निरन्तरता दिनुपर्ने देखिन्छ । कोपोमिस र गोएमएल तालिम सम्बन्धमा पालिकास्तरमा गर्दै आएको सचेतना कार्यक्रमलाई पनि निरन्तरता दिनुपर्ने देखिन्छ ।

## १६. लेखा समितिको टिप्पणी

यस सहकारी संघ आबद्ध सम्पूर्ण संस्थाहरुको साझा संघ हो । सदस्य संस्थाको हितलाई सर्वोपरी ठानी संघले विगतका कमीकमजोरीबाट शिक्षा लिनु पर्दछ, तबमात्र सहकारी संघ सफल हुन सक्दछ । आजको प्रतिस्पर्धात्मक युगमा समय सापेक्ष रुपमा नीति र कार्ययोजना बनाई संघ अगाडि बढ्नु पर्दछ ।

## १७. लेखा समितिको सुझावहरु

संघको दिगो विकासको निम्ति विगत र वर्तमानको समीक्षा गर्दै निम्न सुझावहरु प्रस्तुत गरेका छौंः-

१७.१ सहकार्य बुलेटीनको नियमित प्रकाशन तथा वितरण मार्फत संघका गतिविधिहरुको जानकारी सम्प्रेषण गर्नुपर्ने ।

१७.२ संघले लगानी गरेका धितो ऋृणहरुको बिमा गर्नुपर्ने ।

१७.३ संघले सदस्यता बृद्धि सुस्त हुनुका कारण खोजी सो बृद्धिको कार्यक्रमलाई जोड दिनुपर्ने ।

१७.४ संघले बचत तथा ऋृण कार्यक्रममा विविधीकरण गरी आवश्यक नीति तर्जुमा गर्नुपर्ने ।

१७.५ सदस्य संस्था अवलोकन भ्रमण कार्यक्रमलाई निरन्तरता दिनुपर्ने ।

१७.६ प्रारम्भिक सदस्य बचत तथा ऋण सहकारी संस्थाहरुको अनुगमन कार्यलाई व्यापकता दिनुपर्ने ।

१७.७ सहकारी रेडियो सहकार्य कार्यक्रमलाई नयाँ ढंगबाट सञ्चालन गर्नुपर्ने ।

१७.८ संघमा आवद्ध सदस्य संस्थाहरुको गुणस्तर सुनिश्चितता गर्ने खालका जोखिममा न्यूनीकरणमुखी सुपरिवेक्षण र प्रोवेशन जस्ता कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ।

१७.९ संघको सेवाकेन्द्र सञ्चालनको प्रभावकारीता तथा उपलब्धी मूल्यांकन गर्नुपर्ने ।

१७.१० सहकारी अभियानमा उब्जेका संकट तथा विकृतिबारे जनचेतना कार्यक्रमलाई चालु राख्नुपर्ने ।

अन्तमा हामीले आ.व. २०८१/०८२ मा संघको लेखा सुपरिवेक्षण समितिका तर्फबाट आवश्यक अनुगमन निरीक्षण गर्दा प्राप्त भएका कैफियतहरु, सुझावहरु र संघको अग्रगतिका लागि विवेकले भ्याएसम्म प्रयत्न गरेका छौं । यति गर्दा गर्दै पनि कुनै कमीकमजोरी रहेमा सुझाव प्रदान गरी हामीलाई मार्गदर्शन गराउनु हुनेछ भन्ने विश्वास सहित यो प्रतिवेदन पारित गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

धन्यवाद ।

**२०८२/०६/०६ गतेदेखि लागु हुने गरी तपसिल बमोजिम परिमार्जित बचत तथा ऋणको व्याजदर**

**बचत सेवाहरु**

| क्र.स. | बचतको प्रकार | व्याजदर | व्याज गणना |
|---|---|---|---|
| १ | नियमित बचत | ५ प्रतिशत | दिनगन्ती अनुसार |
| २ | ऐच्छिक बचत | १ प्रतिशत | दिनगन्ती अनुसार |
| ३ | विशेष बचत (न्यूनतम मौज्दात १ करोड) | १.२५ प्रतिशत | दिनगन्ती अनुसार |
| ४ | आवधिक बचत ३ महिने | १.५ प्रतिशत | दिनगन्ती अनुसार |
| ५ | आवधिक बचत ६ महिना देखी ९ महिने | २ प्रतिशत | दिनगन्ती अनुसार |
| ६ | आवधिक बचत १ बर्षे | २.५ प्रतिशत | दिनगन्ती अनुसार |

**ऋण सेवाहरु**

| क्र.स. | ऋणको प्रकार | अवधि | व्याजदर | छुट पछिको व्याजदर |
|---|---|---|---|---|
| १ | तरलता व्यवस्थापन ऋण | ३ महिने | ६.५ प्रतिशत | - |
| | | १ बर्षे | ७.५ प्रतिशत | ७.२५ प्रतिशत |
| २ | विशेष ऋण | २ बर्षे | ७ प्रतिशत | ६.७५ प्रतिशत |
| ३ | दिर्घकालिन ऋण | ३ बर्षे | ७.५ प्रतिशत | ७.२५ प्रतिशत |
| ४ | दिगो सहकारी ऋण | ५ बर्षे | ८ प्रतिशत | ७.७५ प्रतिशत |
| ५ | मासिक किस्ताबन्दी ऋण | ५ बर्षे | ६ प्रतिशत | - |

**नोट :**

१) साविक ऋण लगानीमा समेत परिवर्तित व्याजदर लागु हुनेछ ।

२) ऋणको व्याज मासिक बुझाएमा व्याजदरमै ०.२५ प्रतिशत छुट पाउनेछ ।

३) साँवा तथा व्याज विलम्ब भएका ऋणी संस्थाहरुको हकमा साँवा तथा व्याज तिरेपछि मात्र परिवर्तित व्याजदर लागू हुनेछ ।

४) महिलाद्वारा सञ्चालित सहकारी संस्थाहरुलाई उल्लेखित व्याजदरमा ०.५ प्रतिशत छुट पाउनेछ ।

SHRESTHA SUNIL & ASSOCIATES
Chartered Accountants

**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन,**

**सदस्य महानुभावहरु,**

**भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड,**

**सुर्यविनायक ८, भक्तपुर**

***कैफियत सहितको राय,***

हामीले भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड (यस पछि **"संघ"** भनिएको छ) यसै साथ संलग्न मिति २०८२ आषाढ मसान्तको वित्तीय स्थिति विवरण (वासलात), सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१/०८२ को आय विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन तथा वित्तीय विवरणहरुसंग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा यस प्रतिवेदनको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक संलग्न वित्तीय विवरणहरुले संघको २०८२ आषाढ मसान्तको वित्तीय अवस्था र सोहि मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा वा नोक्सान तथा अन्य विस्तृत आम्दानीको अवस्था, नगद प्रवाह र इक्विटीमा भएको परिवर्तनको अवस्था प्रचलित कानुनको अधिनमा रही नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम उचित र यथार्थ चित्रण गर्दछ ।

***कैफियत राय व्यक्त गर्ने आधार,***

हामीले लेखापरीक्षणको सर्वमान्य सिद्दान्त तथा नेपाल लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौ । वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनुको लागि ती लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तयार गरी तदअनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ। सो अनुरुप हाम्रो जिम्मेवारी लेखापरीक्षकको दायित्वमा उल्लेख गरिएको छ ।

हामी नेपाल चार्टड एकाउन्टेन्टस् संघले जारी गरेको आचार संहिता (Code of Ethics) बमोजिम संघबाट स्वतन्त्र छौं र सो आचार संहिता बमोजिम नैतिक जिम्मेवारी बहन गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षकको राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्न प्रमाणको छड्के परीक्षणलाई समेत लेखापरीक्षणमा समावेश गरिएको छ । संघले अवलम्बन गरेका लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मुल्यांकन पनि लेखापरीक्षणमा समावेश गरिएको छ । लेखापरीक्षण प्रकृयाले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

नेपाल वित्तीय प्रतिवेदन मानको आधारमा तयार गरिएका वित्तीय विवरणहरुमा असर पार्ने विषय :

- ❖ श्रम ऐन, २०७४ बमोजिम प्रदान गरिनु पर्ने संचय कोष र उपदान सुविधाहरु संघद्वारा केवल स्थायी कर्मचारीहरुलाई मात्रै प्रदान गरिएको पाइयो । सो कैफियतको प्रभाव संघको नाफा/नोक्सानी खातामा तथा खुद सम्पत्तिको मूल्यमा असर पर्ने थियो ।

***अन्य व्यहोरा, (Other Matter)***

लेखापरीक्षणको क्रममा हामीलाई जानकारी हुन आएका आन्तरिक नियन्त्रणसंग सम्बन्धित कमीकमजोरीहरु तथा सो निराकरणका लागि दिइएका सुझावहरु (व्यवस्थापन पत्र) प्रति यहाँहरुको ध्यानाकर्षण गर्दछौ ।

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

Contact No: +977-9851238831
Email: info@sns-associate.com, cashresthasunil@gmail.com
New Baneshwor, Opposite Baneshwor Banquet, Kathmandu, Nepal

***अन्य जानकारी, (वित्तीय विवरणसाथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन बाहेकको)***

वित्तीय विवरणसाथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदन बाहेक अन्य जानकारीहरु व्यवस्थापनको जिम्मेवारी हो । अन्य जानकारीमा वार्षिक विवरणसंगै प्रस्तुत गरिने वित्तीय विवरण तथा हाम्रो लेखापरीक्षकको प्रतिवेदन बाहेकको संघको समितिहरुको प्रतिवेदन पर्दछन् । त्यस्ता प्रतिवेदनहरु यस लेखापरिक्षण प्रतिवेदन मिति पश्चात प्राप्त हुने अपेक्षा गरेका छौ ।

वार्षिक वित्तीय विवरणमाथिको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासन निचोड व्यक्त गर्दैनौ ।

वित्तीय विवरणको हाम्रो लेखापरीक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी तथा अन्य जानकारी पढी त्यस्ता जानकारीहरु वित्तीय विवरण वा हामीले लेखापरीक्षणको क्रममा प्राप्त गरेको ज्ञानहरुसंग सारभूत रुपमा असंगत रहे वा नरहेको वा अन्य कुनै पनि कारणले सारभूत रुपमा गलत वर्णन देखिने वा नदेखिने सम्बन्धमा विचार गर्नु हो । हामीले गरेको कार्यहरुको आधारमा, यदि अन्य जानकारीहरु सारभूत रुपमा गलत वर्णन गरिएको निष्कर्षमा निस्किएमा, त्यस्ता तथ्यहरुको प्रतिवेदन दिनु हाम्रो जिम्मेवारी हो ।

हामीलाई त्यस्ता प्रतिवेदनहरु प्राप्त भए पश्चात सो को अध्ययन गरि कुनै सारभूत असंगत तथ्यहरु रहेको पाइएमा त्यस्तो सारभूत असंगत तथ्यहरुको बारेमा शासकीय भूमिका बहन गर्नेहरु समक्ष सूचित गर्नेछौ ।

***वित्तीय विवरण उपर व्यवस्थापनको दायित्व,***

प्रचलित कानुन तथा नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतिकरण गर्नु संघको व्यवस्थापनको जिम्मेवारी हो । उक्त जिम्मेवारी अन्तर्गत वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाका तयार गर्ने, कार्यन्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राखने कार्यहरु पर्दछन् र जसमा वित्तीय विवरणहरु त्रुटी तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आंकडासहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नीतिहरुको छनौट र कार्यान्वयन गर्ने र आवश्यकतानुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संघको अविच्छिन्नता (Going Concern) व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ । साथै संघलाई लिकुइडेट गर्न वा संचालन बन्द गर्न नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न निकायलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ । यो बाहेक व्यवस्थापनको पूर्ण रुपमा जिम्मेवारी रहन्छ । संघको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संघको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ ।

***वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको दायित्व,***

व्यवस्थापनले तयार गरेका वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । संघले वित्तीय विवरण तयार गर्दा अवलम्बन गरेको लेखा सिद्धान्त, लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र व्यवस्थापनले गरेका महत्वपूर्ण लेखाअनुमानको उपयुक्तता एवं वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्यांकन गर्ने कार्यसमेत लेखापरीक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ । वित्तीय विवरण जालसाजी वा त्रुटीको कारण सारभूत रुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षणमान अनुसार योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ ।
वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने यथेस्ट प्रमाण संकलन गर्ने, प्रमाणको छड्के परीक्षण कार्यविधि समेत लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीको कारण सारभूत रुपमा गलत आंकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मुल्यांकन व्यावसायिक विवेकमा निर्भर हुन्छ ।

लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तताबारे परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उदेश्य राखिएको छैन । लेखापरीक्षण परिधी तथा अवधि, लेखापरीक्षण कैफियत तथा आन्तरिक नियन्त्रण प्रणालीमा देखिएका कमि कमजोरीका बारेमा व्यवस्थापनलाई सुझाव पेश गर्नु हाम्रो जिम्मेवारी हो र सो अनुरप हामीले व्यवस्थापनलाई सुझाव पेश गरि सकेका छौं ।

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

***सहकारी ऐन र नियमहरु बमोजिम हाम्रो प्रतिवेदन,***

उपरोक्त अनुसार हामीले परीक्षण गरेको विवरणहरुको आधारमा देहाय अनुसार प्रतिवेदन पेश गरेका छौं;

- हामीलाई लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानिएका सूचना एवं स्पष्टीकरणहरु उपलब्ध भएका छन् ।
- हाम्रो लेखापरीक्षणको आधारमा संघले हिसाब किताब, श्रेस्ता सहकारी ऐन तथा प्रचलित कानुन बमोजिम रितपूर्वक राखिएको पाइयो ।
- संघले उपर्युक्त राय व्यक्त गर्ने आधारहरुमा जनाइएको कैफियतहरु बाहेक सहकारी ऐनको दफा ७४ बमोजिम लेखा राखेको पायौ ।
- हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा संघको कारोबार सन्तोषजनक रहेको पाइयो ।
- हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र हामीले परीक्षण गरेका श्रेस्ताहरुबाट संचालक समिति, कुनै सदस्य वा संघका कुनै कर्मचारीले कानुनी व्यवस्था विरुद्द कामकाज वा हानी नोक्सानी गरेको वा संघ वा निक्षेपकर्ताको सुरक्षा विपरित हुने कुनै काम गरेको पाएनौ ।

Shrestha Sunil & Associates ★ Kathmandu ★ Chartered Accountants

.............................

**सि.ए. सुनिल श्रेष्ठ**

**एकल अभ्यासकर्ता,**

**नि.**

**श्रेष्ठ सुनिल एण्ड एसोसिएट्स,**
**चार्टर्ड एकाउन्टेन्ट्स**
**स्थानः बनेपा, काभ्रे**

**मितिः २०८२/०६/२९** **UDIN:** 251017CA01697UQ85F

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड
# सुर्यविनायक ८, भक्तपुर

## वित्तीय विवरण सम्बन्धी नीति तथा टिप्पणीहरु
## २०८२ साल आषाढ मसान्तको

**१. सामान्य जानकारी**
श्री भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. (संघ) २०६२/०१/२१ गते साविकको डिभिजन सहकारी कार्यालय, भक्तपुरमा भक्तपुर जिल्लाभरका बचत तथा ऋण संस्थाहरु बीच बचत तथा ऋणको कारोबार गर्ने गरि दर्ता भएको बचत तथा ऋण सहकारी संघ हो । यस संघ आन्तरिक राजस्व कार्यालय, भक्तपुरमा २०६२/०३/१९मा दर्ता (स्थायी लेखा नं. ३०१८९२६२३) भएको छ ।

यस संघमा आ.व. २०८१/०८२ मा २०३ वटा बचत तथा ऋण सहकारी संस्थाहरु आवद्ध रहेको छ । यस संघ राष्ट्रिय सहकारी महासंघ नेपाल, नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि., राष्ट्रिय सहकारी बैंक लि. र बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. मा आवद्ध रहेको छ । यस संघको कार्यक्षेत्र भक्तपुर जिल्लाभरि रहेको छ । यस संघको मुख्य कार्यालय सूर्यविनायक न.पा.वडा नं.८, इतबुँ, आफ्नै भवनमा संचालित रहेको छ । साथै संघको सदस्य सेवा केन्द्र मध्यपुर थिमि न.पा.वडा नं.६, पाटीविहारमा रहेको छ ।

**२. वित्तीय लेखाङ्कनका आधारहरु**
**२.१ अनुपालन सम्बन्धी उद्घोषण**
यस संघको वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard -NFRS) का आधारमा रही लेखामान बोर्ड (Accounting Standards Board -ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (The Institute of Chartered Accountants of Nepal -ICAN) द्वारा अनुपालनको लागि सूचित गरिएको व्यवस्था अनुसार तयार गरिएका छन् । वित्तीय विवरणमा वित्तीय अवस्थाको विवरण, नाफा वा नोक्सानको विवरण, अन्य विस्तृत आम्दानीको विवरण, इक्विटी परिवर्तनको विवरण, नगद प्रवाह विवरण र लेखाका लागि वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु समावेश गरिएका छन् । संघद्वारा सहयोगी, सहायक वा संयुक्त व्यवस्थाका रूपमा वर्गीकृत संस्थाहरूमा लगानी नगर्ने भएकाले समेकित वित्तीय विवरण (Consolidated Financial Statements) तयार गरिएको छैन ।
विगत आर्थिक वर्षहरुको विवरणहरुलाई यस आर्थिक वर्ष २०८१-०८२ को तुलनात्मक रूपमा एकरुपता ल्याउन आवश्यक भए अनुसार पुनःवर्गीकरण तथा पुनःलेखाङ्कन गरिएका छन् ।

**२.१.१ नेपाल वित्तीय प्रतिवेदनमान अनुपालन सम्बन्धमा जारी वैकल्पिक व्यवस्था :**
नेपाल लेखामान बोर्डको सिफारिसमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले नेपाल वित्तीय प्रतिवेदन मानमा भएको प्रावधान बमोजिम आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन तयार गर्दा बैंक वित्तीय संस्था तथा नियामक निकायबाट इजाजत प्राप्त अन्य वित्तीय संस्थाहरुलाई निम्न उल्लेखित वैकल्पिक व्यवस्थाहरु (Carve-Out Alternatives) अपनाउन सकिने गरी गरिएको व्यवस्था बमोजिम संघद्वारा नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनका लागि सो वैकल्पिक व्यवस्थाहरु अपनाई वित्तीय विवरण तयार गरिएको छ,
**क) NFRS-9 वित्तीय उपकरण -पहिचान तथा मापन (प्रभावकारी ब्याजदर विधि -Effective Interest Rate सम्बन्धी)**
**NFRS-9** को **Para 5.4** व्यवस्था बमोजिम वित्तीय संस्थाहरुले ऋण लगानीबाट हुने ब्याज आम्दानी गणना गर्दा सेवा शुल्क तथा अन्य शुल्कहरुलाई समेत समायोजन गरी हुन आउने प्रभावकारी ब्याजदर विधिमा ब्याज आम्दानी गणना गर्ने व्यवस्था रहेकोमा सो गर्न अव्यवहारिक भएको अवस्थामा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने छ । सो वैकल्पिक व्यवस्था बमोजिम ऋण लगानी बखत प्राप्त हुने सेवा शुल्क तथा अन्य शुल्कहरुलाई ऋणबाट प्राप्त ब्याज आम्दानी लेखाङ्कनको लागि प्रभावकारी ब्याजदर विधिमा ब्याज आम्दानी गणना नगरी प्रोदभावी लेखाङ्कनका आधारमा सो सेवा शुल्क तथा अन्य शुल्क आम्दानीहरु पाकेकै वर्ष लेखाङ्कन गर्न सकिने छ । संघद्वारा उपरोक्त वैकल्पिक व्यवस्था ग्रहण गरिएको छ ।
**ख) NFRS 9 - वित्तीय उपकरण - पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**
NFRS 9 को Para 5.5 को व्यवस्था बमोजिम बैंक वित्तीय संस्था तथा नियामक निकायबाट इजाजत प्राप्त अन्य वित्तीय संस्थाहरुले ऋण नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्दा "Expected Credit Loss Model" अपनाएर गनुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । यो वैकल्पिक व्यवस्था अनुसार संघले नियामक निकायद्वारा तोकिएको प्रावधान बमोजिम लेखाङ्कन गर्नुपर्ने ऋण नोक्सानी व्यवस्था वा NFRS 9 को Para 5.5 बमोजिम

आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढी हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखाङ्कन गर्नुपर्ने प्रावधान रहेको छ ।

उपरोक्त व्यवस्था बमोजिम संघद्वारा राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी गरिएको ऋण नोक्सानी सम्बन्धी प्रावधान बमोजिम हुन आउने ऋण नोक्सानी व्यवस्था वा NFRS 9 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढी हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखाङ्कन गर्न सकिने छ । संघद्वारा उपरोक्त वैकल्पिक व्यवस्था ग्रहण गरिएको छ ।

**२.२ समीक्षा अवधि र वित्तीय विवरणको अनुमोदन**

यस सहकारी संघले वित्तीय विवरणहरू तयार गर्न नेपाली पात्रोमा आधारित नेपाली आर्थिक वर्षको (श्रावण १ गतेबाट सुरु भएर आषाढ मसान्तसम्म) लाई आधार लिएको छ ।

वित्तीय विवरणहरूको तयारी र प्रस्तुतीकरणको जिम्मेवारी सञ्चालक समितिले स्वीकार गर्दछ ।

यी वित्तीय विवरणहरू २९ असोज २०८२ मा बसिएको सञ्चालक समितिको बैठकबाट आगामी वार्षिक साधारण सभामा सदस्यहरूबाट अनुमोदनको लागि स्वीकृत गरिएको छ ।

**२.३ कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा**

यस वित्तीय प्रतिवेदन नेपाली रुपैयाँ (ने.रु.) मा तयार पारिएको छ । संघले नेपाली मुद्रामा मात्र कारोवार गर्न नियामकीय व्यवस्था रहेको छ । सबै अङ्कलाई अन्यथा उल्लेख नभएको अवस्थामा नेपाली रुपैयाँमा उल्लेख गरिएको छ ।

**२.४ अनुमान, पूर्वधारणा र स्वविवेकको प्रयोग**

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम वित्तीय विवरण तयार गर्दा संघले निश्चित निर्णय, अनुमान र धारणाहरु बनाउन आवश्यक हुन्छ । यी अनुमानहरु उपलब्ध जानकारी र संघको व्यवस्थापनका स्वविवेकमा आधारित छन् । यसले पछि अन्य विकल्पहरु अझ बढी उपयुक्त हुन सक्थे भन्ने पनि निर्धारण हुन सक्नेछ ।

वित्तीय विवरणका विभिन्न विषयहरुसँग सम्बन्धित लेखा नीतिहरु उपयुक्त विषयहरुसँगै टिप्पणीका रुपमा समावेश गरिनुका साथै सो को परिवर्तनको असर तथा प्रकृतिसमेत खुलाइएको छ ।

वास्तविक परिमाणहरू मूल्याङ्कन गरे भन्दा फरक पर्न सक्दछन् र कहिले काहीं यस्ता भिन्नताहरु महत्वपूर्ण पनि हुन सक्छन् ।

संघले तयार गरेको NFRS बमोजिमको वित्तीय विवरणमा उल्लेख भएका आफ्ना सम्पत्ति तथा दायित्वहरुको Fair Value अनुमान गर्न विभिन्न मूल्याङ्कन मोडेल र प्रविधिहरु प्रयोग तथा नाफा वा नोक्सानको अनुमान गरिएको छ । संघले गरेका अनुमानहरु तथा वित्तीय विवरण समय समयमा परिमार्जन गर्दै लैजाने योजना रहेको छ । लेखाको अनुमानमा गरिएको परिमार्जनलाई जुन अवधिमा परिमार्जन गरिएको हो सोही अवधिबाट लागु हुने गरी लेखाङ्कन गरिन्छ ।

विवरणमा अनुमान गरिएको व्यहोरा सम्बन्धित स्थानमा उल्लेख गरिएको छ । त्यहाँ अनुमानमा परिवर्तन हुँदा पर्ने असर र परिवर्तनलाई समेत उल्लेख गरिएको छ ।

**२.५ लेखा नीतिमा परिवर्तन**

वित्तीय विवरण तयार गर्दा प्रयोग गरिएका लेखा नीतिहरु निरन्तर रूपमा अवलम्बन गरिन्छ । लेखा नीतिमा परिवर्तन गर्नु पर्दा NFRS ले तोकेको व्यवस्था बमोजिम त्यसलाई समायोजन गरिन्छ ।

**२.६ डिस्काउन्टिङ (Discounting)**

सम्पत्ति र दायित्व गैर चालु (Non-Current) भएको र Discounting को प्रभाव महत्वपूर्ण भएको अवस्थामा NFRS बमोजिम Discounting प्रयोग गरिएको छ ।

**३. महत्वपूर्ण लेखा नीतिहरू**

**३.१ मापनको आधार**

संघको वित्तीय विवरण देहायका अवस्थामा बाहेक ऐतिहासिक लागतको (Historical Cost Convention) आधारमा तयार गरिएको छ

| विवरण | मापनको आधार |
|---|---|
| कर्मचारीहरूलाई ऋण तथा सापट | उचित मूल्य (बजारको ब्याजदरको हिसाबले गणना गरिएको रकम ) |
| धितोपत्रहरूमा लगानी | उचित मूल्य |

**३.२ व्यवसाय प्राप्ति र साख**

व्यवसाय प्राप्ति र साखलाई नियन्त्रण प्राप्त हुँदाको समयमा NFRS 3 बमोजिम "Acquisition Method" अनुसार लेखाङ्कन गरिएको छः

उक्त Acquisition Method को लागिः

- नियन्त्रण प्राप्त गर्नेको पहिचान हुनु पर्छ ।
- नियन्त्रण प्राप्तिको मिति तय भएको हुनु पर्छ ।
- सम्पत्ति, दायित्व तथा Non-Controlling Interest को मापन हुनु पर्छ ।
- नियन्त्रण प्राप्त गर्दा को Goodwill (साख) वा Bargain Purchase बाट हुने लाभको मापन हुनु पर्छ ।

उक्त व्यवसाय प्राप्ति र साखको Acquisition Method अनुसारको लेखाङ्कनमा Goodwill को रकम Negative आएमा सो रकमलाई NFRS 3 बमोजिम व्यापार प्राप्ति गर्दाको लाभको रुपमा नाफा नोक्सान खातामा आम्दानी जनाउने गरिन्छ । संघद्वारा सहयोगी, सहायक वा संयुक्त व्यवस्थाका रूपमा वर्गीकृत संघहरूमा लगानी नगर्ने भएकाले समेकित वित्तीय विवरण (Consolidated Financial Statements) तयार गरिएको छैन ।

**३.३ वित्तीय सम्पत्ति र वित्तीय दायित्व**

**क) पहिचान र लेखाङ्कन**

संघले प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय उपकरणहरुको अनुबन्धात्मक व्यवस्थाको सिर्जना भएमा वित्तीय सम्पत्ति वा दायित्वलाई लेखाङ्कन गर्दछ । संघको उपकरणहरुको अनुबन्धन व्यवस्थाको सिर्जना भए पश्चात वित्तीय सम्पत्ति वा दायित्वको उत्पत्ति भएको मितिको आधारमा संघले सदस्यहरुलाई प्रवाह गरेको कर्जा, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा/सापटी, सदस्यहरुको निक्षेप र सहायक दायित्वहरूलाई वित्तीय सम्पत्ति वा दायित्व भनी लेखाङ्कन गरेको छ । वित्तीय सम्पत्तिको नियमित हुने खरिद र बिक्रीलाई चुक्ता हुने मितिमा लेखाङ्कन गरिएको छ ।

**ख) वर्गीकरण**

**अ) वित्तीय सम्पत्ति**

संघले वित्तीय सम्पत्तिहरू व्यवस्थापन गर्नका लागि व्यापार मोडल र वित्तीय सम्पत्तिको अनुबन्धित नगद प्रवाह विशेषताहरुको आधारमा परिशोधित लागत Amortized Cost वा Fair Value मा मापन गरिने वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गर्छ । वित्तीय सम्पत्तिको दुई वर्गहरु यसप्रकार छन्:

**अ (१) परिशोधित लागतमा मापन गरिने वित्तीय सम्पत्ति (Amortized Cost)**

संघले देहायका दुवै सर्तहरु पूरा भएको खण्डमा परिशोधित लागतमा सम्पत्तिको मापन गरी वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गरेको छ

- अनुबन्धित नगद प्रवाह संकलन गर्नको लागि सम्पत्ति राख्ने उद्देश्य भएको व्यापार मोडल अन्तर्गत सम्पत्ति रहेमा र,
- वित्तीय सम्पत्तिको सम्झौता सर्तहरूले निर्दिष्ट मितिमा नगद प्रवाह हुन्छ र त्यो मूल रकमको सावाँ वा ब्याज रकमको मात्र भुक्तानी हो ।

**अ (२) Fair Value मा मापन गरिएको वित्तीय सम्पत्ति**

परिशोधित मूल्यमा मापन गरिएको बाहेकका वित्तीय सम्पत्ति Fair Value मा मापन गरिएको छ । Fair Value मा मापन गरिएको वित्तीय सम्पत्ति देहाय बमोजिम वर्गीकरण गरिन्छ :

- **नाफा वा नोक्सान मार्फत Fair Value मा मापन गरिने वित्तीय सम्पत्ति (FVTPL)**

व्यापारको लागि राखिएको अथवा नाफा वा नोक्सानको माध्यमबाट Fair Value मा निर्दिष्ट भएका वित्तीय सम्पत्तिहरुलाई Fair Value मापन गरी नाफा वा नोक्सानको मार्फत लेखाङ्कन गरिएको छ । वित्तीय सम्पत्तिको प्रारम्भिक पहिचान र लेखाङ्कनमा कारोबार लागतलाई अधिग्रहण लागत मापन गरी नाफा वा नोक्सानको मार्फत लेखाङ्कन गरिएको छ । त्यस्ता, सम्पत्ति पछि Fair Value मा मापन गरिएको छ र Fair Value मा देखिएका परिवर्तनहरू नाफा वा नोक्सानको विवरणमा पहिचान र लेखाङ्कन गरिएको छ ।

- **अन्य विस्तृत आम्दानी मार्फत Fair Value मा मापन गरिने वित्तीय सम्पत्ति (FVTOCI)**

व्यापारको लागि नराखिएको र प्रारम्भिक रुपमा लेखाङ्कन नगरिएको इक्विटी उपकरणमा गरिएको लगानी, संघले अपरिवर्तनीय छनौट सहित वित्तीय उपकरणको Fair Value मा भएको परिवर्तनलाई अन्य विस्तृत आयमा लेखाङ्कन गर्ने गरी वर्गीकरण गरेको वित्तीय सम्पत्तिहरुलाई अन्य विस्तृत आम्दानी मार्फत Fair Value मा मापन गरिएको छ । त्यस्ता सम्पत्तिहरुलाई पछि Fair Value मा मापन गरिएको छ र Fair Value मा भएको परिवर्तनहरूलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिएको छ ।

**आ) वित्तीय दायित्व**

संघले वित्तीय जमानत र ऋण प्रतिबद्धता बाहेक अन्य वित्तीय दायित्वहरुलाई निम्नानुसार वर्गीकरण गरेको छ ।

- **नाफा वा नोक्सान मार्फत Fair Value मा मापन गरिने वित्तीय दायित्वहरु (FVTPL)**

वित्तीय दायित्वहरु व्यापारको लागि राखिएको अथवा नाफा वा नोक्सानको माध्यमबाट Fair Value मा निर्दिष्ट भएका वित्तीय दायित्वहरुलाई Fair Value मापन गरी नाफा वा नोक्सानको मार्फत लेखाङ्कन गरिएको छ । वित्तीय दायित्वको प्रारम्भिक पहिचान र लेखाङ्कनमा कारोबार लागतलाई अधिग्रहण लागत मापन गरी नाफा वा नोक्सानको मार्फत लेखाङ्कन गरिएको छ । तोकिएको विशेष दायित्वहरू बाहेक, दायित्वको कर्जा जोखिममा भएको परिवर्तनको कारण Fair Value मा भएको परिवर्तनलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिएको छ ।

- **परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्वहरु (Amortized Cost)**

नाफा वा नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएको वित्तीय दायित्वहरु बाहेक अन्य वित्तीय दायित्वहरुलाई परिशोधित लागतमा प्रभावकारी ब्याजदर विधि प्रयोग गरी पछि मापन गर्ने परिशोधित लागतमा वर्गीकरण गरिन्छ ।

**ग) मापन**

**अ) प्रारम्भिक मापन**

नाफा वा नोक्सानको माध्यमबाट मापन गरिएको बाहेकको वित्तीय सम्पत्ति वा वित्तीय दायित्व सुरुको Fair Value मा कारोबार रकम जोडेर वा घटाएर मापन गरिएको छ । नाफा वा नोक्सान मार्फत Fair Value मा मापन गरिने वित्तीय सम्पत्ति र वित्तीय दायित्वको सम्बन्धमा कारोबार लागत नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिएको छ ।

**आ) पछिको मापन**

वित्तीय सम्पत्ति वा वित्तीय दायित्व पछि वर्गीकरणको आधारमा Fair Value मा वा परिशोधित लागतमा मापन गरिएको छ । परिशोधित लागतमा मापन गरिएको वर्गीकृत सम्पत्ति वा दायित्वपछि प्रभावकारी ब्याजदर विधि (Effective Interest Rate) प्रयोग गरेर परिशोधित लागतमा मापन गरिएको छ । वित्तीय सम्पत्ति वा वित्तीय दायित्व प्रारम्भिक लेखाङ्कन गरिएको रकममा सावाँको पुर्ण भुक्तानीलाई घटाई, प्रभावकारी ब्याज विधिद्वारा मापन गरिएको सञ्चित परिशोधन (प्रारम्भिक रकम र परिशोधित रकमको भिन्नता) लाई घटाई अथवा जोडी र क्षति वा असङ्कलनको कारण हुने कमीलाई घटाई परिणाम स्वरुप आएको रकमलाई वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको परिशोधित लागत मूल्यमा मापन वित्तीय सम्पत्ति वा दायित्व भनिन्छ । विभिन्न बैंक तथा वित्तीय संघबाट प्राप्त कर्जा/सापटी र सोमा लाग्ने प्रशासनिक शुल्कहरुको प्रभावकारी ब्याज दर विधिलाई कार्यान्वयन गरिएको छैन । Fair Value मा वर्गीकरण गरिएका वित्तीय सम्पत्ति पछि Fair Value मा मापन गरिएको छ । वित्तीय सम्पत्तिको Fair Value मा नाफा वा नोक्सानको माध्यमबाट पछि हुने Fair Value परिवर्तनलाई नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ जबकी अन्य विस्तृत आयमार्फत Fair Value मापन गरिने वित्तीय सम्पत्तिलाई अन्य विस्तृत आयमा पहिचान र लेखाङ्कन गरिएको छ ।

**घ) अपलेखाङ्कन**

**वित्तीय सम्पत्तिको अपलेखाङ्कन**

संघको वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबन्धित अधिकार समाप्त भएको वा संघले कारोबारमा अनुबन्धित नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण भएको र वित्तीय सम्पत्तिको सबै जोखिम र प्रतिफल हस्तान्तरण भएको साथै वित्तीय सम्पत्ति उपर कुनै नियन्त्रण नरहने अवस्थाको आधारमा संघले वित्तीय सम्पत्तिलाई अपलेखाङ्कन गरेको छ । हस्तान्तरण गरी सकिएको वित्तीय सम्पत्तिमा संघद्वारा बनाइएको वा कायम राखिएको कुनै पनि स्वार्थ रहेमा सोलाई छुट्टै सम्पत्ति वा दायित्वका रूपमा लेखाङ्कन गरिएको छ । वित्तीय सम्पत्तिको अपलेखाङ्कनमा सम्पत्तिको (वा हस्तान्तरण सम्पत्तिको अंश विनियोजन गरिएको रकम) र प्राप्त प्रतिफल (जसमा कुनै नयाँ सम्पत्ति समावेश गरी नयाँ दायित्व ग्रहण घटाइयो) को भिन्नता नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ ।

**वित्तीय दायित्व अपलेखाङ्कन**

वित्तीय दायित्वहरुको भरपाई गरियो वा रद्द गरियो वा म्याद समाप्त भएको अवस्थामा वित्तीय दायित्वलाई अपलेखाङ्कन गरिएको छ । विद्यमान वित्तीय दायित्व एकै ऋणदाताबाट अरु विभिन्न सर्तहरू वा विद्यमान दायित्वका सर्तहरूमा पर्याप्त संशोधन गरिएको र नयाँ दायित्वले साटासाट गरिएको र सोको साटासाट वा संशोधन भएको खण्डमा मूल दायित्वको अपलेखाङ्कन र नयाँ दायित्वको लेखाङ्कन गरिने गरिएको छ । मूल वित्तीय दायित्वको किताबी मूल्य र भुक्तान गरिएको प्रतिफलबीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिएको छ ।

**(ङ) उचित मूल्यको (Fair Value) निर्धारण**

मापन गरिएको मितिमा बजारमा सहभागीहरूबीच व्यवस्थित कारोबार भएको अवस्थामा सम्पत्ति बेच्दा पाईने वा दायित्व हस्तान्तरण गर्दा तिरिने रकमलाई Fair Value भनिन्छ । दायित्वको Fair Value मापनले दायित्व भुक्तानीको अन्तर्निहित गैर कार्यगत जोखिम प्रतिबिम्बित गर्ने गर्दछ ।

निम्न तह अनुसार Fair Value निर्धारण गरिन्छः

***तह १*** : Fair Value मापन ती हुन् जुन समान सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचीकृत मूल्यहरूबाट व्युत्पन्न हुन्छन् ।

***तह २*** : Fair Value मापन जसको निम्ति सक्रिय बजारमा उस्तै उपकरणहरूको लागि सूचीकृत मूल्यहरू छन् वा निष्क्रिय बजारमा समान वा यस्तै उपकरणहरूका लागि सूचीकृत मूल्यहरू र वित्तीय उपकरणहरूको मूल्याङ्कनको निम्ति मोडेलहरू प्रयोग हुन्छ जहाँ सबै महत्वपूर्ण आगतहरू भेटिन्छन् ।

***तह ३*** : पोर्टफोलियोहरु ती हुन् जहाँ कम्तीमा एक आगत, जसले उपकरणको मूल्याङ्कनमा महत्वपूर्ण प्रभाव पार्न सक्छ, बजारको

आँकडामा आधारित हुदैनन् । जब उपलब्ध हुन्छ, संघले वित्तीय उपकरणको Fair Value त्यो उपकरणको सक्रिय बजारमा सूचीकृत मूल्यहरू प्रयोग गर्दै मापन गर्दछ । बजारलाई सक्रिय मानिन्छ यदि सूचीकृत मूल्यहरू सजिलैसँग र नियमित रूपमा उपलब्ध छन् र Arm's length को आधारमा वास्तविक र नियमित रूपमा हुने बजार कारोबार प्रतिनिधित्व गर्दछ । यदि एक वित्तीय उपकरणको लागि बजार सक्रिय छैन भने, संघले मूल्याङ्कन विधि प्रयोग गरी Fair Value स्थापना गर्दछ । मूल्य निर्धारण विधिमा जानकार, इच्छुक सरोकारवालाहरू (यदि उपलब्ध छ भने) बीचको Arm's length कारोबार समावेश हुन्छ ।

प्रारम्भिक लेखाङ्कन गर्दा वित्तीय उपकरणको Fair Value को उत्तम प्रमाण भनेको कारोबार मूल्य हुने गर्दछ (अर्थात् दिइएको वा प्राप्त गरिएको प्रतिफलको Fair Value) । यद्यपि प्रारम्भिक पहिचान र लेखाङ्कनमा वित्तीय उपकरणको Fair Value यसको कारोबार मूल्यमा भिन्न हुन सक्छ । यदि त्यस्तो Fair Value उही उपकरणमा हालको अन्य प्रत्यक्ष बजार कारोबारको साथ तुलना गरेर प्रमाणित गरिएको छ (संशोधन बिना) वा मूल्याङ्कन विधि प्रयोग गरी Variable मा केवल प्रत्यक्ष बजारबाट आँकडा समावेश गरिएको छ भने, भिन्नता शुरुवाती पहिचान र लेखाङ्कनमा नाफा वा नोक्सानमा पहिचान र लेखाङ्कन गरिएको छ । अन्य परिस्थितिमा, भिन्नता नाफा वा नोक्सानमा तुरुन्त लेखाङ्कन गरिएको छैन तर उपयुक्त आधारमा वा उपकरणको जीवन भरिमा लेखाङ्कन गरिएको वा उपकरण साटिएको, बेचिएको वा हस्तान्तरण अवस्थामा अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिएको छ ।

सबै सूचीकृत नभएका इक्विटी लगानी लागतमा लेखाङ्कन गरिएको छ, वासलातको मितिसम्म संघपक शेयरको गैर व्यापारलाई ध्यानमा राखी, यस्तो शेयरको बजार मूल्य निश्चित गर्न सकिदैन । तसर्थ यी लगानीहरु लागतमा क्षति प्रभार घटाई पहिचान र लेखाङ्कन गरिएको छ ।

**च) हानी (Impairment)**

**आ.व. २०८०-८१ सम्म लागु हुने लेखा नीतिहरू**

संघले प्रत्येक रिपोर्टिङ मितिमा ऋण लगानीको समीक्षा गर्दछ र क्षयीकरणलाई नाफा वा नोक्सानको विवरणमा देखाइन्छ । क्षयीकरण निर्धारण गर्दा भविष्यको नगद प्रवाह रकम र समयको अनुमान, र व्यवस्थापनको स्वविवेक व्यापक रूपमा प्रयोग गरिन्छ । यी अनुमानहरू धेरै कारकहरूको धारणाहरूमा आधारित छन् र वास्तविक परिणामहरू फरक हुन सक्छन्, जसको परिणामस्वरूप भविष्यमा गरिने व्यवस्थाहरूमा परिवर्तनहरू हुन सक्छन् ।

क्षयीकरण प्रावधान व्यवस्थापनको अनुमानमा भविष्यमा प्राप्त हुने अपेक्षा गरिएको नगद प्रवाहको वर्तमान मूल्यमा आधारित हुन्छ । यी नगद प्रवाहहरूको अनुमान गर्दा, व्यवस्थापनले ऋणीको वित्तीय अवस्था र कुनै पनि अन्तर्निहित धितोको खुद प्राप्तियोग्य मूल्य सहित कारकहरूको सङ्ख्याको बारेमा स्वविवेक प्रयोग गर्दछ । प्रत्येक क्षतिग्रस्त सम्पत्तिलाई नगद प्रवाहको पुनः प्राप्तियोग्य रकम अनुमान गर्न यसको योग्यता मूल्याङ्कन गरिन्छ । क्षयीकरणलाई निम्नानुसार व्यवस्था गरिएको छ:

- परिपक्वतासम्म राखिएका, व्यक्तिगत रूपमा महत्वपूर्ण नमानिने समान प्रकृतिका ऋण लगानी र लगानी धितोपत्रहरूको समूहहरू र
- सम्पत्तिहरूको समूह जुन व्यक्तिगत रूपमा महत्वपूर्ण छन् तर ती व्यक्तिगत रूपमा क्षतिग्रस्त भएका छैनन् ।

सामूहिक क्षयीकरण तथ्याङ्कीय मोडेलिङ प्रयोग गरेर गरिन्छ जस्तै नउठ्ने सम्भावनाको ऐतिहासिक प्रवृत्ति, पुनःप्राप्तिको समय र हालको आर्थिक र बजार अवस्थामा आधारित हुन्छ ।

**आर्थिक वर्ष २०८१-८२ देखि लागु हुने लेखा नीतिहरु**

**नेपाल वित्तीय प्रतिवेदन मान अनुसार अपेक्षित क्षयीकरण -NFRS ९ अनुसार Expected Credit Loss को मापन**

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार अपेक्षित क्षयीकरण NFRS ९ ले प्रारम्भिक लेखाङ्कनपछि क्रेडिट गुणस्तरमा परिवर्तनको आधारमा क्षयीकरण (impairment)को लागि 'तीन-चरण' (Three Stages) मोडेलको रूपरेखा प्रस्तुत गर्दछ जुन तल संक्षेपमा दिइएको छ :

- प्रारम्भिक लेखाङ्कनमा क्रेडिट-क्षतिग्रस्त नभएको वित्तीय उपकरणलाई 'चरण १ (Stage 1)' मा वर्गीकृत गरिएको छ र संघद्वारा यसको क्रेडिट जोखिम निरन्तर निगरानी गरिन्छ ।
- प्रारम्भिक पहिचान भएदेखि ऋण जोखिममा उल्लेखनीय वृद्धि ('SICR') भएमा, वित्तीय उपकरणलाई 'चरण २ (Stage 2)' मा सारिएको छ तर अझै क्रेडिट-क्षतिग्रस्त मानिएको छैन । संघले क्रेडिट जोखिममा उल्लेखनीय वृद्धि कहिले भएको छ भनेर कसरी निर्धारण गर्छ भन्ने विवरण तलको टिप्पणीमा दिएको छ ।
- यदि वित्तीय उपकरण क्रेडिट-क्षतिग्रस्त छ भने, वित्तीय उपकरणलाई त्यसपछि 'चरण ३ (Stage 3)' मा सारिएको छ । संघले क्रेडिट-क्षतिग्रस्त (impaired) र default लाई कसरी परिभाषित गरिन्छ भन्ने विवरण तलको टिप्पणीमा दिएको छ ।
- 'चरण १ (Stage 1)' मा रहेका वित्तीय उपकरणहरूको ECL लाई आगामी १२ महिना भित्रमा हुने default का घटनाहरूबाट हुने सम्भावित जीवनभरको अपेक्षित क्रेडिट घाटाको अंश बराबरको रकममा मापन गरिन्छ । चरण २ वा चरण ३ मा रहेका उपकरणहरूको ECL लाई जीवनभरको आधारमा अपेक्षित क्रेडिट घाटाको आधारमा मापन गरिन्छ ।
- NFRS ९ अनुसार परिलक्षित जानकारीलाई विचार गर्ने ECL को एउटा व्यापक अवधारणा हो ।

- खरिद गरिएको वा सृजित गरिएको क्रेडिट-क्षतिग्रस्त वित्तीय सम्पत्तिहरू ती वित्तीय सम्पत्तिहरू हुन् जुन प्रारम्भिक लेखाङ्कनमा क्रेडिट- क्षतिग्रस्त हुन्छन् । तिनीहरूको ECL सधैं जीवनभरको आधारमा मापन गरिन्छ ।

सामूहिक आधारमा ECL मापन गर्दा संघले कसरी उपयुक्त समूहहरू निर्धारण गर्छ भन्ने बारेमा थप व्याख्या पनि प्रदान गरिएको छ ।

**ऋण जोखिममा उल्लेखनीय वृद्धि Significant Increase in Credit Risk (SICR)**

निम्न मध्ये कुनै पनि संकेत स्पष्ट हुँदा संघले वित्तीय सम्पत्तिलाई ऋण जोखिममा उल्लेखनीय वृद्धि भएको मान्दछ ।

- वित्तीय सम्पत्तिको भुक्तानी मिति ३० दिन भन्दा बढी नाघेको
- पुनर्संरचना/पुन:तालिकीकरणको लागि सदस्यबाट आवेदन ।
- ऋणीले वित्तीय कठिनाइहरूको सामना गरिरहेको छ भन्ने संकेत गर्ने अन्य कुनै सूचक ।

**Default र क्रेडिट- क्षतिग्रस्त**

संघले वित्तीय साधनलाई default को रूपमा परिभाषित गर्दछ, जुन क्रेडिट- क्षतिग्रस्त को परिभाषासँग पूर्ण रूपमा मिल्दोजुल्दो हुन्छ, जब यसले निम्न मध्ये एक वा बढी अवस्था कायम हुन्छ :

- वित्तीय सम्पत्तिको भुक्तानी मिति ९० दिन भन्दा बढी नाघेको
- ऋणीको मृत्यु भएमा
- ऋणी टाट पल्टिएमा
- ऋणीलाई कर्जा सूचना केन्द्र (CIB) द्वारा कालो सूचीमा राखिएमा

**ECL मापन - इनपुट, स्वविवेक र अनुमान प्रविधिहरूको व्याख्या**

प्रारम्भिक लेखाङ्कन पश्चात क्रेडिट जोखिममा उल्लेखनीय वृद्धि भएको वा कुनै सम्पत्ति क्रेडिट- क्षतिग्रस्त भएको आधारमा अपेक्षित क्रेडिट घाटा (ECL) १२-महिना वा जीवनकालको आधारमा मापन गरिन्छ । अपेक्षित क्रेडिट घाटा डिफल्ट हुने सम्भावना (Probability of Default (PD), डिफल्टको समयमा एक्सपोजर -Exposure at Default (EAD), डिफल्ट भएपछिको हानि -Loss Given Default (LGD) को discounted उत्पादन हो, जसलाई निम्न रूपमा परिभाषित गरिएको छ :

डिफल्ट हुने सम्भावना -Probability of Default

- PD -Probability of Default भन्नाले ऋणीले आफ्नो वित्तीय दायित्व (उपरोक्त "डिफल्ट र क्रेडिट-ह्रासको परिभाषा" अनुसार) पुरा गर्न असफल हुने सम्भावनालाई जनाउँछ । यो सम्भावना या त अगामी १२ महिनाभित्र (१२-महिना PD) हुने जोखिम, वा आजीवन (आजीवन PD - Lifetime PD) हुने जोखिमका रूपमा मापन गरिन्छ ।
- डिफल्टको समयमा एक्सपोजर -Exposure at Default EAD संघले default को समयमा प्राप्त हुन बाँकी रकमलाई जनाउँछ ।
- डिफल्ट भएपछिको हानी Loss Given Default (LGD) ले संघको default हुँदा जोखिममा घाटाको हदको अपेक्षालाई प्रतिनिधित्व गर्दछ । LGD प्रतिपक्षको प्रकार, दावीको प्रकार र वरिष्ठता र धितो वा अन्य क्रेडिट समर्थनको उपलब्धता अनुसार फरक हुन्छ । LGD default को समयमा प्रति एकाइ जोखिमको प्रतिशत घाटा (EAD) को रूपमा व्यक्त गरिन्छ । LGD १२-महिना वा जीवनभरको आधारमा गणना गरिन्छ, जहाँ १२-महिनाको LGD अर्को १२ महिनामा default भएमा हुने अपेक्षित घाटाको प्रतिशत हो र जीवनभर LGD ऋणको बाँकी अपेक्षित जीवनभरमा default भएमा हुने अपेक्षित घाटाको प्रतिशत हो ।

ECL प्रत्येक भावी महिनाको र प्रत्येक व्यक्तिगत एक्सपोजर वा सामूहिक खण्डको लागि PD, LGD र EAD लाई प्रक्षेपण गरेर निर्धारण गरिन्छ । यी तीन तत्वलाई एकसाथ गुणान गरिन्छ र भईरहने सम्भावना (अर्थात् एक्सपोजर पहिलेको महिनामा अग्रिम वा default भएको छैन) मानी समायोजन गरिन्छ । यसले प्रभावकारी रूपमा प्रत्येक भविष्यको महिनाको लागि ECL गणना गर्छ, जसलाई त्यसपछि रिपोर्टिङ मितिमा छुट (discounted) दिइन्छ र संक्षेप गरिन्छ । ECL गणनामा प्रयोग गरिएको छुट दर सुरुवाती प्रभावकारी ब्याज दर वा त्यसको अनुमान हो ।

**ECL मोडेलहरूमा समावेश गरिएको परिलक्षित जानकारी**

SICR को मूल्याङ्कन र ECL को गणना दुवैले परिलक्षित जानकारीलाई समावेश गर्दछ । संघले ऐतिहासिक विश्लेषण गरेको छ र प्रत्येक Portfolio को लागि क्रेडिट जोखिम र अपेक्षित क्रेडिट घाटालाई असर गर्ने प्रमुख आर्थिक सूचकहरू पहिचान गरेको छ ।

यी आर्थिक सुचकहरू र PD, EAD र LGD मा तिनीहरूको सम्बन्धित प्रभाव वित्तीय उपकरण अनुसार फरक हुन्छ । यस प्रक्रियामा विशेषज्ञको निर्णय पनि लागु गरिएको छ । यी आर्थिक सूचकहरू ("आधार आर्थिक परिदृश्य") को पूर्वानुमान संघले अर्थ मन्त्रालयद्वारा जारी गरिएको आर्थिक सर्वेक्षण प्रतिवेदनको आधारमा सङ्कलन गर्दछ ।

संघले कर्जा सापटीको र भुक्तानी मितिसम्म धारण गरिएको लगानी धितोहरूको हानीको प्रमाण पृथक सम्पत्ति र सामूहिक स्तर दुबै तहमा विचार गर्दछ । सबै पृथक रूपमा महत्वपूर्ण सापटीहरु र परिशोधित लागतमा मापन गरिएका लगानी धितोहरु विशेष हानीको लागि मूल्याङ्कन गरिन्छ ।

**NFRS 9 - वित्तीय उपकरण - पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**

आवश्यक तथ्याङ्कहरुको अभावका कारण तथ्याङ्क मूल्याङ्कन (Data Evaluation) र तथ्याङ्कगत विश्लेषणमा (Statistical Analysis) आएको बाधाका कारण र नियामक निकायको मापदण्डको अभावका कारण संघद्वारा नियामक आवश्यकता अनुसार ऋण नोक्सानी व्यवस्था लेखाङ्कन गरिएको छ । व्यवस्थापन तथा सञ्चालक समितिद्वारा आँकलन गरिएको छ कि उपरोक्त विधि बमोजिम लेखाङ्कन गरिएको ऋण नोक्सानी व्यवस्था NFRS ९ बमोजिम लेखाङ्कन गर्नुपर्ने ऋण नोक्सानी व्यवस्था भन्दा अधिक रहेको छ ।

**३.४ व्यापारिक सम्पत्ति**

संघले निकट भविष्यमा बिक्री गर्ने वा पुनः खरिद गर्ने उद्देश्यसहित लिएको वा छोटो अवधिको लाभ वा अवस्थिति लिनको लागि राखिएको सम्पत्ति/दायित्वलाई व्यापारिक सम्पत्ति र दायित्वहरु भनी लेखाङ्कन गरेको छ ।

व्यापारिक सम्पत्ति र दायित्वहरुलाई प्रारम्भिक रुपमा Fair Value मा लेखाङ्कन गरिएको छ र त्यसपछि वित्तीय अवस्थाको विवरणमा पनि Fair Value मा मापन गरिन्छ भने उक्त कारोबार खर्चलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ । Fair Value मा भएको सबै परिवर्तनलाई नाफा वा नोक्सान खातामा Fair Value मानिए जसरी नै खुद व्यापारिक आम्दानीको रुपमा लेखाङ्कन गरिएको छ ।

तर, संघसँग २०८२ आषाढ मसान्तसम्म व्यापारिक सम्पत्तिको रूपमा मान्यता दिइने त्यस्तो सम्पत्ति छैन ।

**३.५ सम्पत्ति र उपकरण**

**लेखाङ्कन र मापन**

उल्लेखित सर्तहरु पुरा हुने अवस्थाको आधारमा संघले सम्पत्ति र उपकरणको लेखाङ्कन गरेको छ ।

- संघमा सम्पत्ति र उपकरणहरुबाट भविष्यमा सम्भावित आर्थिक लाभहरू प्रवाहित हुनेछन् र
- सम्पत्ति र उपकरणको लागत विश्वसनीय रुपमा मापन गर्न सकिन्छ ।

लागतले कुनै खरिद मूल्यमा र व्यापार छुट घटाए पछिको कुनै पनि गैरफिर्ती योग्य करहरू र व्यवस्थापनले चाहेको स्थानमा ल्याउँदाको खर्च र चाहेको सर्तमा सञ्चालन गर्दा हुने यस्ता अन्य लागतहरू पनि समेट्छः

स्वनिर्मित सम्पत्तिका खर्चहरु निम्नानुसार रहेका छन्:

- निर्माण सामग्रीको लागत र प्रत्यक्ष श्रम खर्च,
- प्रत्यक्ष रूपमा काम गर्ने अवस्थामा सम्पत्तिहरू ल्याउनको लागि आवश्यक पर्ने कुनै पनि लागतहरु र
- योग्य सम्पत्तिको लागि हुने Borrowing Costs ।

सबै वर्गको सम्पत्ति र उपकरणहरूको लागि संघले लागत मोडेल (Cost Model) अङ्गीकार गरेको छ । संघले सम्पत्ति र उपकरणको वर्ग पुनर्मूल्याङ्कन मोडेल (Revaluation Model) र रिपोर्टिङ मितिमा Fair Value मापन गरी दुवै मोडेलको मापन विधि अङ्गीकार गरेको छैन ।

सम्पत्ति र उपकरणहरु लागत मूल्यमा सञ्चित ह्रासकट्टी र Impairment Losses कट्टा गरी मापन गरेको छ । सम्बन्धित उपकरणहरूको कार्यक्षमतासँग अभिन्न हुने कम्प्युटर सफ्टवेयर उपकरणको अंशको रूपमा पुँजीकृत गरिएको छ । सम्भावित आर्थिक लाभहरुलाई ध्यानमा राखी प्रारम्भिक रुपमा गरिएको खर्चको पुँजीकरण गरिएको छ । सम्पत्तिलाई चलायमान राख्नको लागि गरिने मर्मत सम्भार खर्च जसलाई नाफा नोक्सानमा लेखाङ्कन गरिएको छ । सम्पत्ति र उपकरणहरुको निसर्ग गर्दा कुनै लाभ वा नोक्सानलाई (वस्तु नष्ट गर्दाको कुल आय र वस्तुको किताबी मूल्यबीचको भिन्नता गणना) नाफा वा नोक्सानको अन्य आय/व्यय अन्तर्गत लेखाङ्कन गरिएको छ ।

**ह्रासकट्टी व्यवस्था**

संघले आ.व.२०८१/०८२ बाट नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम वित्तीय प्रतिवेदन तयार गर्दा यस अघि लागु गर्दै आएका प्रयोग योग्य आयुका ह्रासकट्टी विधि (Straight Line Method) लाई निरन्तरता दिएको छ । यस संघद्वारा प्रयोग निर्धारण गरिएको प्रयोगयोग्य आयु देहाय बमोजिम रहेको छ ।

| सम्पत्तिको वर्गीकरण | प्रयोगयोग्य आयु |
|---|---|
| घर | ४० वर्ष |
| फर्निचर तथा फिक्चर्स | १५ वर्ष |
| कार्यालय उपकरण | ५ वर्ष |
| कम्प्युटर तथा प्रिन्टर | ८ वर्ष |
| आर. ओ. यू.(Right of use) सम्पत्ति | पट्टाको अवधि |
| लिज होल्ड सम्पत्ति | पट्टाको अवधि |

Kathmandu

### ३.६ ख्याति/अमूर्त सम्पत्ति

**ख्याति**

व्यापार एकीकरणमा अधिग्रहण योग्य खुद सम्पत्तिको Fair Value खरिद मूल्यभन्दा अधिक भएमा अधिक भएको रकमलाई ख्यातिको रुपमा लेखाङ्कन गरिन्छ । प्रारम्भिक लेखाङ्कनपछि, ख्याति कुनै सञ्चिति क्षति नोक्सानलाई घटाई मापन गरिन्छ । ख्यातिको क्षतिको वार्षिक रुपमा समीक्षा गरिन्छ र यदि घटना वा परिस्थितिमा आएको परिवर्तनले भारित मूल्यमा क्षति पुगेको संकेत भएमा त्यो भन्दा कम समयमा पनि समीक्षा गरिन्छ । हालसम्म संघको ख्याति अन्तर्गतको रकम वित्तीय विवरणमा समावेश गरिएको छैन ।

**अधिग्रहण गरिएको अमूर्त सम्पत्ति**

अमूर्त सम्पत्तिहरु प्रारम्भिक रुपमा Fair Value मा मापन गरिन्छ र अपेक्षित उपयोगी जीवनको आधारमा परिशोधित मूल्यमा मापन गरिन्छ ।

**कम्प्युटर सफ्टवेयर**

खरिद गरिएको कम्प्युटर सफ्टवेयर लाइसेन्सहरुको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पुँजीकृत गरिएको छ । सफ्टवेयरको विकाससँग सम्बन्धित लागतहरू पुँजीकृत गरिएको छ जसले भविष्यमा लागतको अधिकमा सम्भावित आर्थिक लाभहरू उत्पन्न गर्ने गर्दछ । कम्प्युटर सफ्टवेयर लागत अपेक्षित उपयोगी जीवनको आधारमा परिशोधित गरिएको छ । सफ्टवेयर उपयोग योग्य गर्न लागेको सम्बन्धित लागतहरू खर्चको रूपमा पहिचान र लेखाङ्कन गरिएको छ । सफ्टवेयर प्रयोगको लागि उपलब्ध भएको मितिदेखि यसको प्रयोग योग्य आयुका ह्रासकट्टी विधि (Straight Line Method) लाई निरन्तरता दिएको छ ।
परिशोधन विधिहरू, उपयोगी जीवनहरू र अवशिष्ट मानहरू प्रत्येक रिपोर्टिङ मितिमा समीक्षा गरिन्छ र उपयुक्त छ भने समायोजित गर्दै लगिने छ ।

परिशोधन विधिहरू, उपयोगी जीवनहरू र अवशिष्ट मानहरू प्रत्येक रिपोर्टिङ मितिमा समीक्षा गरिन्छ र उपयुक्त छ भने समायोजित गर्दै लगिने छ ।

### ३.७ लगानी सम्पत्ति

**लगानी सम्पत्ति**

लगानी सम्पत्तिले जमिन वा जमिन र भवनहरू समावेश गरिन्छ, अन्य सम्पत्ति र उपकरणहरूको रूपमा वर्गीकृत नगरी बिक्रीको लागि राखिएको गैरचालु सम्पत्तिहरू जनाउँछ । सामान्यतया, यसमा संघले गैरबैंकिङ सम्पत्तिहरूको रूपमा अधिग्रहित जमिन, जमिन र भवन समावेश गरिन्छ जुन रिपोर्टिङ मितिमा बिक्री भएको हुदैन । कर्जा र सापटीमा सुरक्षणबाट प्राप्त भएको सम्पत्ति संघले लगानी सम्पत्तिको रुपमा लेखाङ्कन गरेको छ ।

### ३.८ आयकर

कर व्ययले चालु र स्थगन कर खर्चलाई समावेश गरिन्छ । प्रत्यक्ष इक्विटीमा वा अन्य विस्तृत आयमा लेखाङ्कन नगरिएको हदसम्म चालु कर र स्थगन करलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ ।

**क) चालु कर**

चालु कर उक्त वर्षको करयोग्य आम्दानी वा नोक्सानमा अघिल्लो वर्षको कर तिर्नुपर्ने दरमा भएको कुनै समायोजन र रिपोर्टिङ मितिमा कार्यान्वयनमा रहेको वा व्यवहारिक रुपमा कार्यान्वयन भएको कर दरहरु प्रयोग गरी अनुमान गरिएको तिर्नयोग्य वा पूर्णप्राप्ति योग्य कर रहेको छ ।

**ख) स्थगन कर**

स्थगन कर वित्तीय रिपोर्टिङ उद्देश्यको लागि सम्पत्ति र दायित्वहरूको किताबी रकम र कर प्रयोजनका लागि प्रयोग गरिएको रकमबीचको अस्थायी भिन्नताको आधारमा लेखाङ्कन गरिएको छ । स्थगन आयकर संघमा लागु हुने कर दरको प्रयोग गरी निर्धारण गरिएको छ जुन सम्बन्धित स्थगन आयकर सम्पत्ति सकार भएपछि वा स्थगन आयकर दायित्व चुक्ता हुँदा रिपोर्टिङ मितिमा लागु हुने अपेक्षा गरिएको हुन्छ । यस संघलाई लागु हुने आयकर दर १०% ले स्थगन कर सम्पत्ति र दायित्वको मापन गरिएको छ ।

### ३.९ निक्षेप

**निक्षेप**

सदस्यहरूको निक्षेपहरू प्रारम्भमा कारोबारको लागत घटाई उचित मूल्यमा पहिचान गरिन्छ । कारोबारको लागत निकै कम हुने भएकाले यी खर्चहरुलाई नाफा वा नोक्सानमा पहिचान गरिन्छ निक्षेप मापनको लागि लेनदेन मूल्यलाई नै उचित मूल्य मानिन्छ ।

### ३.१० व्यवस्थाहरु, अन्य दायित्वहरू र सम्भावित दायित्वहरु

**व्यवस्थाहरु**

विगतको घटनाको परिणामस्वरूप संघको वर्तमानमा सिर्जित वा कानुनी दायित्व रहन्छ जुन विश्वसनीय तरिकाले मापन गर्न सकिन्छ र दायित्व पूरा गर्न आर्थिक लाभको बहिर्गमन हुन्छ भने त्यसलाई संघले व्यवस्थाको रुपमा लेखाङ्कन गरिएको छ । विगतको घटनाको परिणामस्वरूप सिर्जना भएको कुनै सम्भावित वा वर्तमान दायित्वको कारण सम्भवतः संसाधनहरूको बहिर्गमनको सम्भावनालाई दायित्व सिर्जना गरी सम्भावित दायित्वको प्रकटीकरण गरिन्छ । सम्भावित वा वर्तमान दायित्व छ र जसको कारणले स्रोतको बहिर्गमनको सम्भावना कम भएको अवस्थामा कुनै व्यवस्था वा प्रकटीकरण गरिदैन । जब एउटा सम्झौताबाट संघले लिने अपेक्षित लाभहरू सम्झौता अन्तर्गत आफ्नो दायित्व पूरा गर्नको लागि व्यहोर्नुपर्ने अपरिहार्य लागतभन्दा कम हुन्छ तब अत्याधिक सम्झौताको व्यवस्था लेखाङ्कन गरिएको हन्छ । व्यवस्थाहरू प्रत्येक रिपोर्टिङ मितिमा समीक्षा गरिन्छ र वर्तमानको उत्तम अनुमानलाई प्रतिबिम्बित गर्न समायोजित गरिन्छ । दायित्व चुक्ता गर्नको लागि स्रोतहरुको बहिर्गमन आवश्यक पर्ने दीर्घकालीन सम्भावना छैन भने व्यवस्था फिर्ता गर्ने गरिन्छ । रकम प्राप्त गर्ने सम्भावना छैन भने सम्भावित सम्पत्तिलाई वित्तीय विवरणमा उल्लेख गरिएको छैन । यदि सम्भावना छ भने सम्भावित सम्पत्तिको खुलासा गरिन्छ । तर, सम्भावित सम्पत्तिलाई निरन्तर मूल्याङ्कन गरिन्छ र आर्थिक लाभ प्राप्त हुने निश्चित छ भने उक्त सम्पत्ति र सम्बन्धित आयलाई परिवर्तन आउने अवधिमा लेखाङ्कन गरिन्छ ।

**सम्भावित दायित्वहरु**

संघले सम्भावित दायित्वहरुको पहिचान तथा लेखाङ्कन NAS 37 -Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ । सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन्:

क) विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व संघको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढी अनिश्चित घटनाक्रमहरुले निर्क्यौल गर्दछ ।

ख) विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरुः

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने स्रोत बाहिरिने सम्भावना नरहेको
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

संघको जानकारीमा आएको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ । सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ ।

### ३.११ आयको लेखाङ्कन

आय भनेको संघको साधारण वित्तीय गतिविधिहरूको क्रममा उत्पन्न हुने कुल आर्थिक लाभहरूको प्रवाह हो र त्यस्ता लाभहरुले इक्विटीको वृद्धि गर्दछ । संघमा प्रवाह हुने आर्थिक लाभहरुलाई भरपर्दो रुपमा मापन गर्न सकिने आधारमा आयको रुपमा लेखाङ्कन गरिदै आइएको छ । आयहरुको प्राप्तिको सम्भावना छैन भन्ने अनुमान भएमा तिनलाई आय अवधिमा लेखाङ्कन गरिदैन । संघको आयमा ब्याज आम्दानी, शुल्क र कमिसन आम्दानी र गैर सञ्चालन आम्दानी समावेश छ र आय लेखाङ्कनको आधारहरू निम्नानुसार छन्:

**क) ब्याज आम्दानी**

परिशोधित लागतमा मापन गरिएका सबै वित्तीय उपकरणहरू, बिक्रीको लागि राखिएको ब्याज आर्जन गर्ने वित्तीय उपरणहरु, नाफा वा नोक्सान मार्फत उचित मूल्यमा तोकिएका वित्तीय उपकरणहरूको ब्याज आम्दानी प्रभावकारी ब्याज दर (EIR) प्रयोग गरेर लेखाङ्कन गरिन्छ । EIR भनेको वित्तीय उपकरणको अपेक्षित जीवन अवधिमा वित्तीय सम्पत्तिको खुद वहन रकममा अनुमानित भविष्यको नगद भुक्तानी वा प्राप्तिहरूलाई ठ्याक्कै छुट (discount) गर्ने दर हो । प्रभावकारी ब्याज दरको गणनामा प्राप्त गरिएको शुल्कहरू समावेश हुन्छ । ऋणको जीवनकालमा यसरी पहिचान गरिएको आय प्रभावकारी ब्याज विधि अन्तर्गत प्राप्त हुने आम्दानीको लगभग बराबर हुने भएकाले र प्रत्यक्ष रूपमा नाफा र नोक्सानको विवरणमा पहिचान हुने भएकाले यस्ता शुल्कहरू परिशोधित हुँदैनन् र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघद्वारा जारी गरिएको वैकल्पिक व्यवस्थाद्वारा पनि अनुमति दिइएको छ ।

नाफा वा नोक्सान विवरणमा पहिचान गरिएको ब्याज आम्दानीमा निम्न तत्वहरु समावेश छन् :

- क्षतिग्रस्त ऋण तथा सापट बाहेकका वित्तीय सम्पत्तिहरुको ब्याज परिशोधित लागतमा प्रभावकारी ब्याजदर प्रयोग गरी मापन गरिएको ब्याज आम्दानी । यी वित्तीय सम्पत्तिहरूमा नेफ्स्कुन, राष्ट्रिय सहकारी बैंक र जिल्ला सहकारी संघ, जिल्ला बचत तथा ऋण सहकारी संघ तथा बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघमा गरिएको शेयर लगानीहरु समावेश छन् ।
- संघले कुनै वित्तीय सम्पत्ति आंशिक वा पूर्ण रूपमा बदर नगरिएको अवस्थामा ती सम्पत्तिको कुल वहन मूल्यमा प्रभावकारी ब्याज दर प्रयोग गरेको छ ।
- उचित मूल्यमा मापन गरिएको लगानी धितोपत्रको ब्याज गणना प्रभावकारी ब्याजदरमा गरिन्छ ।
- सबै व्यापारिक सम्पत्तिहरूको ब्याज आम्दानीलाई खुद व्यापारिक आम्दानीमा व्यापारिक सम्पत्ति र दायित्वहरूको उचित

मूल्यमा अन्य सबै परिवर्तनहरूसँग प्रस्तुत गरिन्छ ।

- हालसम्म सक्रिय ऋणबाट प्राप्त तर आर्जित नभएको ब्याज आम्दानीलाई चालू वर्षको ब्याज आम्दानी बाँधिएको छ ।

**ख) शुल्क र कमिसन आम्दानी**

शुल्क र कमिसनहरु पाकेको आधारमा (Accrual Basis) लेखाङ्कन गरिएको छ ।

**ग) लाभांश आम्दानी**

संघलाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश, सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ । बासिन्दा कम्पनी/संघ/सहकारी बैंकले घोषणा गरेको नगद लाभांशलाई स्रोतमा करकट्टी गरिए पश्चात् बाँकी रहेको खुद रकमका आधारमा लेखाङ्कन गरिन्छ ।

**घ) खुद व्यापार आम्दानी**

संघले व्यापारिक लगानी तथा दायित्वमा हुने ब्याज, लाभांश तथा बजार मूल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरेको छ । चालु तथा तुलनात्मक वर्षहरुमा संघले कुनै पनि खुद व्यापारिक आम्दानी आर्जन गरेको छैन ।

**ङ) अन्य सञ्चालन आम्दानी**

ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी तथा व्यापारिक आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शीर्षक अन्तर्गत देखाइएको छ । विदेशी मुद्रा विनिमय दरमा भएको घटबढको कारणले हुने फाईदा वा घाटा, Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

**च) गैर सञ्चालन आम्दानी**

संघद्वारा स्वीकृत विनियममा व्यवस्था भए बमोजिम कर्मचारी बोनस कोषबाट कर्मचारीहरु बोनस रकम भुक्तान गरे पश्चात जगेडा रकमलाई आम्दानीमा गणना गर्ने प्रावधान रहेको छ ।

यसरी लेखाङ्कन गरिएको आम्दानीलाई संघले गैर सञ्चालन आम्दानीको रुपमा प्रस्तुत गरेको छ ।

**३.१२ ब्याज खर्च**

निक्षेप र बैंक तथा वित्तीय संघबाट प्राप्त कर्जा सुविधाहरुमा ब्याज खर्च शीर्षक अन्तर्गत नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ । सबै व्यापार दायित्वमा ब्याज व्यय वित्तीय संघको व्यापार सञ्चालनको लागि नियमित खर्च मानिन्छ र खुद सम्पत्ति आय र व्यापारिक सम्पत्ति र दायित्वहरूको Fair Value मा अन्य सबै परिवर्तनको साथ प्रस्तुत गरिन्छ । सदस्यहरुको निक्षेप खाता, संघले प्राप्त गरेको अन्य सापटी र पट्टा दायित्वको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखाङ्कन गरिन्छ ।

**३.१३ कर्मचारी खर्च**

**अल्पकालीन कर्मचारी खर्चहहरु**

तलब, भत्ता र बिदा बापतको रकम भुक्तानी, नाफामा आधारित बोनस तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरु (सवारी साधन सुविधा, सहुलियतपूर्ण ऋण) अल्पकालीन कर्मचारी खर्चहरुमा पर्दछन् । अल्पकालीन कर्मचारी खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरे पश्चात् वा सेवा प्रदान गरेको कारण क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ । सेवा निवृत्त भएपछि भुक्तानी हुने खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरेको कारण त्यस्तो क्षतिपूर्तिहरु (पारितोषिक) प्राप्त गर्ने अधिकारको सिर्जना भएमा गरिन्छ ।

**रोजगार पछिको सुविधा**

**परिभाषित योगदान योजना**

परिभाषित योगदान योजना सेवापछिको लाभ योजना हो जस अन्तर्गत संघले छुट्टै योगदानलाई छुट्टै संघमा भुक्तान गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुँदैन । परिभाषित योगदान योजनाको दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा कर्मचारी खर्चको रूपमा पहिचान र लेखाङ्कन गरिएको छ । परिभाषित योगदान योजनामा हुनुपर्ने योगदान जुन कर्मचारीले दिएको सेवाको रिपोर्टिङ अवधिको १२ महिनापछि सम्म भुक्तानी भएको हुँदैन त्यसलाई Discount गरेर वर्तमान मूल्यमा लेखाङ्कन गरिएको छ । संघका सबै कर्मचारीले समाजिक सुरक्षा कोषबाट लाभ प्राप्त गर्छन् जुन परिभाषित योगदान योजना अन्तर्गत रहेको छ जसमा संघ र कर्मचारीले दुवै पूर्वनिर्धारित दर अनुसार मासिक रुपमा आफ्नो तलबको ३१% (रोजगारदाता र कर्मचारी दुवैको गणना) रकम सामाजिक सुरक्षा कोषमा योगदान गर्छन् ।

त्यस्तै, सामाजिक सुरक्षा कोषबाट तोकिए बमोजिमका सेवा तथा सुविधाहरु उपभोग गर्न सक्छन् । संघले परिभाषित योगदान योजना बमोजिमका खर्चहरु नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिएको छ ।

**परिभाषित लाभ योजना**

परिभाषित लाभ योजना परिभाषित योगदान योजना बाहेकको सेवा पछिको लाभ योजना हो । परिभाषित लाभ योजनाहरूको सन्दर्भमा संघको खुद दायित्वहरू प्रत्येक योजनाको लागि भविष्यको लाभको मात्राको अनुमान गरेर छुट्टै गणना गरिएको छ जुन वर्तमान र अघिल्लो समयमा कर्मचारीहरूले उनीहरूको सेवाको बदलामा आर्जन गरेका हुन्छन् । त्यो लाभ यसको वर्तमान मूल्य निर्धारण गर्न Discount गरिन्छ । विगत सेवा लागतहरू र योजना सम्पत्तिहरूको Fair Value दायित्वमा घटाइन्छ । संघले अन्य विस्तृत आयमा तुरुन्त परिभाषित लाभ योजनाबाट उत्पन्न हुने स्थगित करको सबै बिमाङ्कित लाभ र खुद नोक्सान र कर्मचारी वा नाफा खर्चमा कर्मचारी लाभ व्ययको परिभाषित लाभ योजनामा सम्बन्धित सबै खर्चलाई लेखाङ्कन गर्छ । परिभाषित लाभ योजना चुक्ता भएको अवस्थामा संघले त्यसको नाफा अथवा नोक्सान लेखाङ्कन गर्दछ ।

**कर्मचारी सहुलियत कर्जा सुविधा अन्तर्गत खर्च**

संघद्वारा कर्मचारीहरुलाई प्रदान गरिएको सहुलियत कर्जा सुविधा NFRS अन्तर्गत Fair Value मापन गरी वित्तीय खर्च लेखाङ्कन गरिएको छ ।

**३.१४ पट्टा**

कुनै करारले प्रतिफल प्राप्त हुने गरी निश्चित अवधिको लागि सम्पत्तिको प्रयोगमा नियन्त्रण गर्ने अधिकार प्रदान गरेमा त्यस्तो करार पट्टा हुन्छ । करार लागु हुने मितिमा संघले पट्टा सम्पत्ति (Right-of-use asset) र पट्टा दायित्व (Lease liability) को पहिचान गर्दछ । त्यस्तो सम्पत्तिको प्रयोगको अधिकारको मापन लागतमा गरिन्छ भने बहाल दायित्वको मापन भविष्यमा हुने बहाल अन्तर्गतका भुक्तानीहरुलाई डिस्काउन्टिङ गरिन्छ ।

नाफा वा  नोक्सानको विवरणमा गत वर्ष सञ्चालन पट्टा खर्चलाई अन्य सञ्चालन खर्चको रुपमा लेखाङ्कन गरिएकोमा यस वर्ष सम्पत्तिको प्रयोगको अधिकारको ह्रास खर्च र पट्टा दायित्वको ब्याज खर्चको रुपमा लेखाङ्कन गरिएको छ । पट्टा दायित्वको मूल्याङ्कन गर्न वृद्धिशील ऋण दरको निमित्त १० प्रतिशतको दर लिइएको छ ।

पट्टा दायित्वको मापनमा समावेश गरिएको पट्टा भुक्तानीहरू समावेश छन् :

- निश्चित पट्टा भुक्तानीहरू (कागजातमा निश्चित भुक्तानीहरू सहित), प्राप्त गर्न सकिने कुनै पनि पट्टा प्रोत्साहनहरू बाहेक;
- सुरुवात मितिमा सूचकाङ्क वा दर प्रयोग गरेर मापन गरिएको, सूचकाङ्क वा दरमा निर्भर परिवर्तनशील पट्टा भुक्तानीहरू,
- अवशिष्ट (Residual) मूल्य ग्यारेन्टी अन्तर्गत पट्टा लिने व्यक्तिले भुक्तानी गर्नुपर्ने अपेक्षा गरिएको रकम,
- यदि भाडामा लिने व्यक्तिले विकल्प प्रयोग गर्ने कुरा वास्तविक रूपमा निश्चित छ भने, खरिद विकल्पहरूको मूल्य र
- यदि पट्टा अवधिले पट्टा समाप्त गर्ने विकल्पको अभ्यासलाई प्रतिबिम्बित गर्दछ भने, पट्टा समाप्त गरेबापत जरिवानाको भुक्तानी

पछि पट्टा दायित्वमा ब्याज प्रतिबिम्बित गर्ने रकम बढाएर (प्रभावकारी ब्याज विधि प्रयोग गरेर) र पट्टा भुक्तानी प्रतिबिम्बित गर्ने रकम घटाएर पट्टा दायित्व मापन गरिन्छ ।

संघले पट्टा दायित्वको पुनः मापन गर्छ (र सम्बन्धित प्रयोगको अधिकार सम्पत्तिमा सम्बन्धित समायोजन गर्छ) जबः

- भाडा अवधि परिवर्तन भएको छ वा खरिद विकल्पको अभ्यासको मूल्याङ्कनमा परिवर्तन भएको कुनै महत्वपूर्ण घटना वा परिस्थितिमा परिवर्तन भएको छ, यस्तो अवस्थामा संशोधित छुट दर प्रयोग गरेर संशोधित भाडा भुक्तानीहरूमा छुट दिएर भाडा दायित्व पुनः मापन गरिन्छ ।
- सूचकाङ्क वा दरमा परिवर्तन वा ग्यारेन्टी गरिएको अवशिष्ट मूल्य अन्तर्गत अपेक्षित भुक्तानीमा परिवर्तनको कारणले गर्दा पट्टा भुक्तानीहरू परिवर्तन हुन्छन्, जसमा अपरिवर्तित छुट दर प्रयोग गरेर संशोधित पट्टा भुक्तानीहरूमा छुट दिएर पट्टा दायित्व पुनः मापन गरिन्छ (तर जब पट्टा भुक्तानी परिवर्तन फ्लोटिंग ब्याज दरमा परिवर्तनको कारणले हुन्छ, जुन अवस्थामा संशोधित छुट दर प्रयोग गरिन्छ) ।
- पट्टा सम्झौता परिमार्जन गरिन्छ र पट्टा परिमार्जनलाई छुट्टै पट्टाको रूपमा गणना गरिँदैन, यस्तो अवस्थामा पट्टा दायित्व परिमार्जनको प्रभावकारी मितिमा संशोधित छुट दर प्रयोग गरेर संशोधित पट्टा भुक्तानीहरूमा छुट दिएर परिमार्जित पट्टाको पट्टा अवधिको आधारमा पुनः मापन गरिन्छ ।

प्रयोगको अधिकार सम्पत्तिमा सम्बन्धित पट्टा दायित्वको प्रारम्भिक मापन, सुरु हुने दिनमा वा अगाडि गरिएको पट्टा भुक्तानी, प्राप्त कुनै पनि पट्टा प्रोत्साहन र कुनै पनि प्रारम्भिक प्रत्यक्ष लागतहरू समावेश छन् । तिनीहरूलाई पछि लागतमा सञ्चित मूल्यह्रास र क्षयीकरण नोक्सानीमा घटाई मापन गरिन्छ ।

जब संघले भाडामा लिइएको सम्पत्ति भत्काउन र हटाउन, यो अवस्थित साइटलाई पुनर्स्थापित गर्न वा भाडाको सर्तहरू र नियमहरूद्वारा आवश्यक अवस्थामा अन्तर्निहित सम्पत्तिलाई पुनर्स्थापित गर्न लागतको लागि दायित्व वहन गर्दछ, NAS ३७ अन्तर्गत एक प्रावधान पहिचान गरिन्छ र मापन गरिन्छ । लागतहरू प्रयोगको अधिकार सम्पत्तिसँग सम्बन्धित हदसम्म, लागतहरू सम्बन्धित प्रयोगको अधिकार सम्पत्तिमा समावेश गरिन्छ, जबसम्म ती लागतहरू वस्तु उत्पादन गर्न खर्च गरिएको हुँदैन ।

**१५ शेयर पुँजी र कोषहरु**

शेयर पुँजीलाई नगद र अन्य वित्तीय सम्पत्तिहरू स्थानान्तरण गर्ने वा उपलब्ध सङ्ख्यामा आफ्नै इक्विटी उपकरणहरू जारी गर्ने कुनै सम्झौता दायित्व नभएका वित्तीय उपकरणहरूलाई इक्विटीको रूपमा वर्गीकृत गरिन्छ । NAS ३२ वित्तीय उपकरणहरू-प्रस्तुतिको (NAS-32-Financial Instrument Presentation) अनुच्छेद १६A र १६B द्वारा निर्दिष्ट मापदण्ड पूरा गर्ने puttable instrument उपकरणहरूलाई पनि इक्विटीको रूपमा वर्गीकृत गरिन्छ । नयाँ शेयर जारी गर्न प्रत्यक्ष रूपमा भएको लागतहरू इक्विटीमा कटौतीको रूपमा देखाइन्छ ।

इक्विटीको रूपमा वर्गीकृत साधारण शेयरहरूमा घोषणा गरिएको लाभांशलाई सोही अवधिमा इक्विटीमा पहिचान गरिन्छ ।

**कोषहरु**

कोष अन्तर्गत साधारण जगेडा कोष, सदस्य शिक्षा कोष, संघ विकास कोष, शेयर लाभांश कोष, संरक्षित पूँजी फिर्ता कोष, स्थिरीकरण कोष, सामुदायिक विकास तथा सदस्य हित कोष, घाटापूर्ति कोष, सहकारी प्रवर्धन कोष र अन्य जोखिम व्यवस्थापन कोष पर्दछन् ।

**जगेडा कोष**

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संघले आर्थिक वर्षको खूद मुनाफा रकमको कम्तिमा २५ प्रतिशत रकम साधारण जगेडा कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान अनुरुप व्यवस्था गरेको छ ।

**संरक्षित पूँजी फिर्ता कोष**

सहकारी ऐन, २०७४ को दफा ६९ बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको २५ प्रतिशत र कम संरक्षित पूँजी फिर्ता कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान अनुरुप व्यवस्था गरेको छ ।

**सहकारी प्रवर्द्धन कोष**

सहकारी ऐन, २०७४ को दफा ७० बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको ०.५ प्रतिशत रकम सहकारी प्रवर्द्धन कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान अनुरुप व्यवस्था गरेको छ ।

**अन्य नियमनकारी कोष**

सहकारी नियमावली, २०७५ को दफा २७ बमोजिम खुद मुनाफाबाट जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषको रकम कट्टा गरे पश्चातको खुद मुनाफा रकमको कम्तिमा ५ प्रतिशत रकम निम्न लिखित प्रत्येक कोषहरुमा बाँडाफाँड निम्न उल्लेखित बमोजिम गर्ने नीतिलिएको छ ।

| कोष | विनियोजन |
|---|---|
| शेयर लाभांश कोष | ६५% |
| कर्मचारी बोनस कोष | ५% |
| घाटापूर्ती कोष | ५% |
| सहकारीशिक्षा कोष | ५% |
| सहकारी विकास कोष | ५% |
| सामुदायिकविकास कोष | ५% |
| स्थिरीकरण कोष | ५% |
| अन्य जोखिम व्यवस्थापन कोष | ५% |
| **कुल** | **१००%** |

## ५. प्रकटीकरण तथा थप जानकारी

### ५.१ जोखिम व्यवस्थापन

सहकारी संघको व्यावसायिक कियाकलापमा जोखिम निहित रहेको हुन्छ । विशेष गरी, सहकारी संघले आफ्ना सदस्यहरूलाई वित्तीय सेवाहरू प्रदान गर्दछ । ग्रामीण घरपरिवारका मानिसहरूमा चेतना र व्यावसायिक सीपको कमी भएकोले, उनीहरूसँगको कारोबारमा लगनशीलता र हेरचाह आवश्यक पर्दछ । यस प्रकारको वित्तीय सेवा पनि बढी जोखिममा हुन्छ किनकि व्यक्तिलाई यस्ता सेवाहरूप्रति सचेत र सक्षम बनाएर वित्तीय सेवाहरू प्रदान गर्नुपर्छ । त्यसैले सहकारी संघले वर्तमान र सम्भावित भविष्यका जोखिमहरूलाई कम गर्न जोखिमको पहिचान गर्नुपर्छ र पर्याप्त नियन्त्रण प्रणाली अपनाउनु पर्दछ । प्रभावकारी जोखिम व्यवस्थापन ढाँचा प्राप्त गर्न र व्यवसायसँग सम्बन्धित जोखिमहरू समावेश गर्न बलियो जोखिम व्यवस्थापन क्षमताहरू अनिवार्य छन्, कर्जा जोखिम, सञ्चालन जोखिम, बजार जोखिम र तरलता जोखिम पहिचान गर्न, नियन्त्रण र व्यवस्थापन गर्न लेखा सुपरिवेक्षण समिति जिम्मेवार छ । लेखा सुपरिवेक्षण समितिले दैनिक व्यवसाय सञ्चालनबाट उत्पन्न हुने विश्वव्यापी, बृहत्, सूक्ष्म र विभागीय स्तरको जोखिमको आवधिक रूपमा निरीक्षण गर्दछ र यसमा वरिष्ठ व्यवस्थापन र सञ्चालक समितिको ध्यानाकर्षण गर्दछ र प्रतिवेदनहरू छलफल गरी उपयुक्त भएमा निर्देशन जारी गर्दछ ।

**लेखा सुपरिवेक्षण समिति**

वार्षिक साधारण सभाद्वारा नियुक्त लेखा सुपरिवेक्षण समिति एक स्वतन्त्र समिति हो, जसले जोखिम व्यवस्थापन ढाँचाको कार्यान्वयन र सहकारीको समग्र आन्तरिक लेखा परीक्षणको निरीक्षण गर्ने जिम्मेवारी बोकेको हुन्छ । सहकारी संघले आफ्नो जोखिम र व्यावसायिक गतिविधिहरू, जोखिम व्यवस्थापन, अनुपालन ढाँचा र निरीक्षण जिम्मेवारीहरू पूरा गर्न सञ्चालक समितिलाई सहयोग गर्दछ । यसले अखण्डता, शुद्धता र व्यावहारिकता सुनिश्चित गर्न वित्तीय तथ्याङ्को समय-समयमा समीक्षा गर्दछ । यसले व्यवसायको सुव्यवस्थित र विवेकपूर्ण आचरण सुनिश्चित गर्न आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन प्रणाली पर्याप्त छ वा छैन भनेर पनि समीक्षा गर्दछ । समितिले समग्र जोखिम व्यवस्थापन संरचनाको समीक्षा गर्ने र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताको अनुगमन गर्दछ । लेखा सुपरिवेक्षण समितिमा देहायका  सदस्यहरू छन् ।

| सि.न | नम | पद |
|---|---|---|
| १ | वालमुकुण्द उपाध्याय | संयोजक |
| २ | श्रीप्रसाद त्यातजू | सदस्य |
| ३. | सुशिला पराजुली बराल | सदस्य |

**जोखिम सम्बन्धी सुशासन प्रणाली**

सहकारी संघले उद्यम स्तरमा संघमा उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू लागु गर्दछ र नेतृत्वको मानसिकता, क्षमता अभिवृद्धि कार्यक्रमहरू, परिभाषित कार्य जिम्मेवारीहरू र नैतिक संस्कृति बसालेर कर्मचारीहरूमा जोखिम व्यवस्थापन संस्कृति जगाएको छ । सञ्चालन जोखिम र कर्जा जोखिम सम्बन्धी नीतिहरू स्थापना र अनुपालनको लागि सञ्चालक समिति जिम्मेवार छ ।

सहकारी संघको जोखिम सुशासन संरचना सहकारीको जोखिम दायरा भित्र कायम राख्ने गरी स्थापित गरिएको छ र यसको जिम्मेवारी बोर्डबाट उपयुक्त कार्यात्मक, ग्राहक व्यवसाय, वरिष्ठ व्यवस्थापन र समितिहरूमा दिइएको छ । सञ्चालक समितिले उत्कृष्ट अभ्यासहरू अनुरूप जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू निर्धारण गरेको छ र प्रभावकारी रूपमा कार्यान्वयन गरेको छ । सहकारी संघको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सञ्चालक समिति, यस अर्न्तगतका  समितिहरू, वरिष्ठ व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ ।

**तरलता जोखिम**

तरलता जोखिम भनेको छोटो अवधिको वित्तीय मागहरू पूरा गर्ने क्षमतासँग सम्बन्धित जोखिम हो । यो सामान्यतया सुरक्षण वा सम्पत्तिलाई नगदमा रूपान्तरण गर्न असमर्थताको कारणले उत्पन्न हुन्छ । सामान्य र तनावपूर्ण दुवै परिस्थितिहरूमा नगद प्रवाहको समयमा बेमेलको परिणाम स्वरूप, सहकारीले आफ्नो भुक्तानी दायित्वहरू पूरा गर्न असमर्थ हुन सक्ने सम्भावनाको कारणले तरलता जोखिम उत्पन्न हुन्छ । भुक्तानीको लागि तरल सम्पत्तिहरुको सहकारीलाई स्वीकार्य सर्तहरूमा आवश्यक कोष उपलब्ध नभएको अवस्थामा यस्ता परिस्थितिहरू उत्पन्न हुन सक्छन् । तरलताको अभावका कारण, संघहरूले ग्राहकको माग अनुसार ऋण दिन सक्दैन र बचत र अन्य कानुनी दायित्वहरू समयमै चुक्ता गर्न सक्दैनन् । त्यसैले सहकारी संघले यस्तो अवस्थालाई रोक्नको लागि समयमै आफ्नो आवश्यकता अनुसार तरलता व्यवस्थापन गर्नुपर्ने हुन्छ  ।

**ब्याजदर जोखिम**

ब्याजदर जोखिम भनेको समग्र ब्याजदरमा परिवर्तनले ऋणपत्र वा अन्य निश्चित-दर लगानीको मूल्य घटाउने सम्भावना हो । सहकारीले ब्याजदरबाट उत्पन्न हुने जोखिमलाई कम गर्न निम्न उपायहरू अपनाउँछ:

ब्याजदरमा परिवर्तनबाट प्रभावित सम्पत्ति र दायित्वहरू मात्र सम्पत्ति र दायित्वहरूमा समावेश गरिएको छ ।

सम्पत्ति र दायित्वको भुक्तानीको अवधि नमिल्ने परिस्थितिमा भिन्नताको विश्लेषण गर्दा, नगद मौज्दात र नतिरेको ब्याज रकम समावेश गरिएको छ ।

Kathmandu
Chartered Accountants

**कर्जा जोखिम**

कर्जा जोखिम भनेको कुनै पनि ऋणीले स्वीकार गरेको सर्त अनुसार ऋण तिर्न नसक्ने सम्भावना हो । कुनै पनि वित्तीय संघको मुख्य सम्पत्ति वा आम्दानीको स्रोत भनेको ऋण हो । ऋणीले ऋण लिँदा सहमति जनाएको ऋण तिर्न नसक्दा वित्तीय संघको भविष्य खतरामा पर्छ । त्यसैले जोखिममा रहेको ऋणको अवस्थाको बारेमा जानकारी प्राप्त गर्न प्रभावकारी सूचकहरूको अध्ययन गर्नु आवश्यक छ । लगानी गरिएको ऋणको नोक्सानी रोक्न र यससँग सम्बन्धित जोखिमहरूलाई कम गर्न, मानक ऋण वितरण मापदण्ड प्रक्रिया पालना गरिन्छ । ऋण स्वीकृत गर्ने प्रक्रियामा संलग्न प्रत्येक कर्मचारीलाई निश्चित जिम्मेवारी तोकिएको हुनाले सम्बन्धित कर्मचारीले वास्तविक जोखिम-मूल्याङ्कन गरेपछि ऋण स्वीकृत गर्नुपर्छ । जोखिम-मूल्याङ्कनको लागि देहायका प्रक्रियाहरू/अभ्यासहरू पालना गरिएको छ ।

- माग गरिएको ऋणको आवश्यकता र चुक्ता क्षमताको विश्लेषण गर्ने,
- ऋणीहरूको अनुशासनात्मक रेकर्डको आधारमा ऋणमा लगानी गर्ने,
- ऋण लिएको पछिल्ला महिनाहरूमा ऋणको उपयोगिताको निगरानी गर्ने र आय आर्जन गर्ने गतिविधिहरू/व्यवसायहरूमा प्रयोग भएको सुनिश्चित गर्ने,
- सदस्यहरूलाई बचत बढाउन प्रेरित गर्ने,
- व्यावसायिक ऋणको लागि ऋण आवेदनको समयमा ऋणीले गरेको व्यवसाय र आम्दानी र खर्चको विवरण लिने,
- यदि धितोमा लिएको ऋण हो भने, सुरक्षित सम्पत्तिको आवश्यक कागजातहरू लिने,
- सहकारी निर्देशिका अनुसार ऋण वर्गीकरण गर्ने र नोक्सान व्यवस्था मिलाउने,
- सहकारी संघको उपनियम बमोजिमको सीमा भित्र ऋण वितरण गर्ने,
- ऋणको निरन्तर अनुगमन र निरीक्षण गर्ने ।

**सञ्चालन जोखिम**

सहकारी संघको दैनिक कार्य सञ्चालनको क्रममा उत्पन्न हुने जोखिमलाई सञ्चालन जोखिम भनिन्छ । यस कार्यक्रमअन्तर्गत साना तर ठूलो सङ्ख्यामा कारोबार गरिएको छ, विकेन्द्रीकृत कार्य विधि अपनाइएको छ, क्षेत्र विस्तारमा बढी ध्यान दिइएको छ, लागत घटाउन प्राथमिकता दिइएको छ । एकीकृत सूचना प्रणालीको अभाव, पूर्वाधारको अभावमा कार्यक्रमहरूको विस्तार र ग्राहकहरूको आवश्यकता अनुसार सेवा प्रदान गर्न उपयुक्त प्रविधिको अभावका कारण यस कार्यक्रममा सञ्चालन जोखिमको सम्भावना सधैं रहन्छ । संघले दैनिक कार्य सञ्चालनका लागि विभिन्न जिम्मेवारीहरू पूरा गर्न आवश्यक कर्मचारीहरूको व्यवस्था गरेको छ । सबै कर्मचारीहरूले संघले तोकेको नीति नियम भित्र कार्य प्रक्रियामा आफ्नो पद जिम्मेवारी पूरा गर्नुपर्छ । तर कहिलेकाहीं कर्मचारीहरूको लापरवाही र व्यक्तिगत स्वार्थका कारण नीति नियमभन्दा बाहिर जाँदा संघ जोखिममा पर्छ । यस प्रकारको जोखिमले संघको आम्दानी घटाउने, संघको प्रतिष्ठा जोखिम बढ्ने सम्भावना हुन्छ । सञ्चालन जोखिम आन्तरिक कारकहरूको कारणले हुने भएकाले आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाएमा मात्र यो जोखिम कम गर्न सकिन्छ ।

**बजार जोखिम**

बजार जोखिम भनेको बजार स्तरमा ब्याजदर वा धितोपत्रको मूल्य (इक्विटी), विदेशी विनिमय दर र ती मूल्यहरूको अस्थिरतामा प्रतिकूल परिवर्तनको कारणले सहकारी संघको आम्दानी वा आर्थिक मूल्यमा क्षति हुने सम्भावना हो ।

बजारको अवस्था तथा माग बुझेर सञ्चालक समिति र व्यवस्थापनले बजारको सम्भावना र अवस्था अनुरूप कार्यक्रमहरू आयोजना गर्दछन् र सोही अनुरुप माथिदेखि तलसम्मका कर्मचारीहरूलाई उनीहरूको क्षमताको आधारमा उपयुक्त जिम्मेवारी प्रदान गरेर जोखिम कम गर्छन् । यसका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पारिएको छ ।

बजार विश्लेषणमा निम्न तत्वलाई विचार गरिएको छः

- प्रतिस्पर्धीहरूको सेवा (कार्यक्रम) र ब्याजदरहरू बारे जानकारी
- संघप्रति सदस्यहरूको दृष्टिकोण
- यस संघप्रति अन्य संघहरूको धारणा
- सेवाको लागत
- नीतिनियम परिवर्तनहरूबाट हुने उतार-चढाव
- आफ्ना सदस्यहरूलाई आकर्षित गर्न अन्य संघहरूले अपनाएका रणनीतिहरू
- सदस्यता फिर्ता/अवधारण दर

**संघगत वा रणनीतिक जोखिम**

संघको विकास र प्रगतिको क्रममा रणनीतिक जोखिम प्रायः एक प्रमुख कारक हुन्छ, विशेष गरी यदि संघले छोटो अवधिमा तीव्र गिरावट अनुभव गर्छ भने अवलोकन गर्न सकिन्छ । संघगत जोखिम र अनुपालन जोखिममा यसको प्रभावको कारण, यो आधुनिक जोखिम व्यवस्थापनमा एक प्रमुख कारक हो । यो जोखिम व्यवस्थापन गर्न, तलका कुराहरू विचार गरिएको छ :

- देशको समग्र आर्थिक र सामाजिक वातावरण अनुसार रणनीतिहरू तय वा परिमार्जन गरिएको छ,
- आफ्ना प्रतिस्पर्धीहरूले प्रदान गर्ने सेवाहरू र उनीहरूको स्थितिको बारेमा जानकार रहँदै,

- आफ्ना  ग्राहकहरूको अपेक्षा र चाहनालाई नभुल्दै सकेसम्म धेरै सेवा सुविधाहरू प्रदान गर्ने
- स्रोत परिचालनमा उपयुक्त रणनीतिहरू अपनाउने,

**आन्तरिक नियन्त्रण जोखिम**

आफ्नो व्यवसाय र वित्तीय गतिविधिहरूबाट नाफामुखी व्यावसायिक अवसरहरूलाई अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठामा क्षति पुर्याउन सक्ने जोखिमहरूबाट बच्न वा कम गर्न, लागु हुने कानुन र नियमहरूको पालना सुनिश्चित गर्न र बाह्य घटनाहरूको लागि लचिलोपन बढाउन सक्षम बनाउने तरिकाले नियन्त्रण गर्न संघ प्रतिबद्ध छ । सञ्चालक समिति र व्यवस्थापनले जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू अपनाएको छ ।
सहकारी संघको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितालाई सञ्चालक समिति, व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ । लेखा सुपरिवेक्षण समितिले वर्षभरि संघको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको समीक्षा गरेको छ र उपयुक्त भएमा सञ्चालक समितिलाई प्रतिक्रिया प्रदान गरेको छ ।

**अनुपालन जोखिम**

जवाफदेहिता, पारदर्शिता र व्यावसायिक नैतिकताको क्षेत्रमा उत्कृष्ट अभ्यासहरू र बजार मापदण्डहरू पालना गर्नका लागि संघ प्रतिबद्ध छ । यसले दुर्व्यवहारको शून्य सहनशीलताको लक्ष्य राख्छ । दैनिक सञ्चालनमा तीन पङ्क्तिको सुरक्षा मोडेलले सहकारीमा अनुपालन र अखण्डता जोखिमको लागि भूमिका र जिम्मेवारीहरू परिभाषित गर्दछ । रक्षाको पहिलो पङ्क्ति सम्बन्धित सहकारी विभागहरू र एकाइहरूसँग छ, जो अनुपालन जोखिमहरू पहिचान गरिएको, बुझिएको र व्यवस्थापन, अनुगमन र अनुपालन अधिकारीलाई रिपोर्ट गरिएको कुरा सुनिश्चित गर्न जिम्मेवार छन् । रक्षाको दोस्रो पङ्क्ति अनुगमन र अनुपालन अधिकारीसँग छ, जसले अनुपालन र अखण्डता जोखिमहरूको मूल्याङ्कन र अनुगमन गर्दछ र व्यवस्थापनसँग यसको नियन्त्रण गतिविधिहरू समन्वय गर्दछ । अनुगमन र अनुपालन अधिकारीले व्यवस्थापकलाई रिपोर्ट गर्दछ । रक्षा पङ्क्ति अनुपालन कार्यले संघ, यसको सञ्चालन र कर्मचारी सदस्यहरूको व्यक्तिगत आचरणसँग सम्बन्धित मामिलाहरूमा अनुपालन जोखिमहरू पहिचान गर्न, मूल्याङ्कन गर्न, अनुगमन गर्न र रिपोर्ट गर्न सहकारी संघलाई सहयोग गर्दछ ।

**५.२ वित्तीय सम्पत्ति तथा दायित्वको उचित मूल्य (Fair Value)**

वित्तीय सम्पत्ति तथा दायित्वको उचित मूल्यको मापन गर्न सो मूल्य झल्काउने उपयुक्त बजारको छनौटको लागि निम्न बमोजिमको प्राथमिकताको क्रम अपनाइएको हुन्छ:

**श्रेणी-१**

यस श्रेणीमा उचित मूल्य सो सम्पत्ति/दायित्व वा उस्तै सम्पत्ति/दायित्वको स्वतन्त्र र सक्रिय रुपमा खरिद बिक्री हुने बजारमा चलन चल्तीमा रहेको मूल्यलाई कुनै समायोजन बिना लिइन्छ ।
यस्ता सम्पत्ति वा दायित्वको पर्याप्त सङ्ख्या तथा मात्रामा असम्बन्धित व्यक्तिबीच खरिद बिक्री हुने बजार नै यस श्रेणी अन्तर्गतको उचित मूल्य निर्धारण गर्ने छनौटमा पर्छ ।

**श्रेणी-२**

यस श्रेणीमा उचित मूल्यको निर्धारण सो निर्धारण गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उपलब्ध हुने उपयुक्त तथ्याङ्कका आधारमा गर्ने गरिएको हुन्छ । यस्ता उपलब्ध हुने केही तथ्याङ्क निम्न प्रकारका रहेका छन्:
सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचीकृत उचित मूल्य

- तुलनात्मक रुपमा कम सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचीकृत उचित मूल्य
- वित्तीय उपकरणहरुको उचित मूल्यको मापन गर्दा सोको मूल्य निर्धारणको पद्धतिको लागि आवश्यक हुने सम्पूर्ण तथ्याङ्क उपलब्ध हुँदा मात्र गरिन्छ

यदि कुनै वित्तीय उपकरणको उचित मूल्य सजिलै उपलब्ध हुन सक्ने बजार नभएको अवस्थामा संघले सोको उचित मूल्य मूल्याङ्कनको विभिन्न पद्धति अपनाएर गर्ने गरेको हुन्छ । उक्त मूल्याङ्कन पद्धतिमा सो वित्तीय सम्पत्तिसँग एकरुपता भएको वित्तीय सम्पत्तिको उचित मूल्यलाई लिएर उचित र आवश्यक समायोजन गरी मूल्य निर्धारण गर्ने गरिएको हुन्छ । वित्तीय उपकरणको सुरुवातमा पहिचान गर्दा सो को प्राप्तिको बेलाको कारोबार मूल्यलाई उचित मूल्यको रुपमा लिईन्छ ।

**श्रेणी-३**

उचित मूल्य श्रेणी २ अनुसार पनि निर्धारण गर्न नसकिएमा सो को निर्धारण मूल्याङ्कनका विभिन्न पद्धति अपनाएर गरिन्छ र सो मध्ये बढी उचित र उपयुक्त मूल्याङ्कन पद्धतिबाट आएको मूल्यलाई उचित मूल्यको रुपमा लिने गरिन्छ । मूल्याङ्कन पद्धतिमा उक्त वित्तीय सम्पत्तिसँग एकरुपता भएको वित्तीय सम्पत्तिको Net Present Value/Discounted Cash Flow Model अनुसारको मूल्यलाई समेत तुलनात्मक रुपमा हेरिन्छ ।

### ५.३ सम्बन्धित पक्षहरुको विवरण

**सञ्चालक र प्रमुख कार्यकारी अधिकृत र व्यवस्थापकीय कर्मचारीहरूको सूची**

संघको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरु तथा उनीहरुका नजिकका परिवारिक सदस्यहरु पनि सम्बन्धित पक्षको परिभाषामा पर्दछन् । NAS 24 "Related Party Disclosures" अनुसार संघको गतिविधिहरु सम्बन्धी योजना बनाउने, निर्देशन दिने र नियन्त्रण गर्ने अधिकार तथा जिम्मेवारी पाएका व्यक्तिहरुलाई त्यस संघको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरुको रुपमा लिइन्छ । संघले यस परिभाषा अनुरुप संघको सञ्चालक समितिका सदस्यहरु र प्रमुख कार्यकारी अधिकृतलाई सम्बन्धित पक्षको रुपमा पहिचान गरेको छ ।

नेपाल लेखामान (NAS २४)अनुसार निम्न पक्षहरूलाई सम्बन्धित पक्षको रूपमा पहिचान गरिएको छ

| क्र.सं. | नम | पद | प्रतिनिधित्व गरेको संस्था |
|---|---|---|---|
| १ | कृष्णगोविन्द लाखाजू | अध्यक्ष | सिद्दि गणेश साकोस |
| २ | हरिकृष्ण बल्ल | उपाध्यक्ष | मित्र साकोस |
| ३ | जगनाथ प्रजापति | सचिव | भक्तपुर साकोस |
| ४ | कान्छाभक्त घ:जु | कोषाध्यक्ष (अन्तरलगानी तथा वित्तीय से.प्र.उ.स.संयोजक समेत) | उपकार साकोस |
| ५ | पञ्चकृष्ण श्रेष्ठ | सदस्य | बालकुमारी साकोस |
| ६ | कृष्णश्वरी मचामसी | सदस्य | भक्तपुर महिला साकोस |
| ७ | काजी बहादुर पञ्च | सदस्य | नवज्योति साकोस |
| ८ | सन्तोषी खतिवडा | सदस्य | अग्रज महिला साकोस |
| ९ | इन्द्रप्रसाद ब्याञ्जु | सदस्य | नन्दीकेश्वर साकोस |
| १० | वालमुकुण्द उपाध्याय | लेखा सुपरिवेक्षण समिति संयोजक | मैत्रीय सकोस |
| ११ | श्रीप्रसाद त्यातजू | लेखा सुपरिवेक्षण समिति सदस्य | शुभ लाभ साकोस |
| १२ | सुशिला पराजुली बराल | लेखा सुपरिवेक्षण समिति सदस्य | दक्षिणकाली महिला साकोस |
| १३ | कान्छाभक्त घ:जु | अन्तर लगानी तथा वित्तीय सेवा प्रबर्द्धन उपसमिति संयोजक | उपकार साकोस |
| १४ | राज कुमार ल:घु | अन्तर लगानी तथा वित्तीय सेवा प्रबर्द्धन उपसमिति सदस्य | ख्वप: साकोस |
| १५ | राजाराम गोसाई | अन्तर लगानी तथा वित्तीय सेवा प्रबर्द्धन उपसमिति सदस्य | श्रमिक साकोस |
| १६ | बालकृष्ण धोजू | प्रमुख कार्यकारी अधिकृत | |
| १७ | कृष्णश्वरी ह्यौंमिखा | वित्त तथा प्र.अधिकृत | |

क) यस आ.व.को कारोबार

संचालक समितिका सबै सदस्यहरु गैर कार्यकारी संचालक हुन् । आ.व. २०८१/८२ मा कारोबारको विवरण देहाय बमोजिम छन्:

| क्र.स. | नाम | बैठक भत्ता | अन्य भत्ता |
|---|---|---|---|
| | **संचालक समिति** | | |
| १ | कृष्णगोविन्द लाखाजू | ५२,५०० | १,१५,००० |
| २ | हरि कृष्ण बल्ल | ७०,५०० | ३७,००० |
| ३ | जगनाथ प्रजापति | ६९,००० | १९,००० |
| ४ | कान्छाभक्त घ:जु | ७५,००० | १,००,००० |
| ५ | पञ्चकृष्ण श्रेष्ठ | ४२,००० | ११,००० |
| ६ | कृष्णश्वरी मचामसी | ५२,५०० | ८,००० |
| ७ | काजी बहादुर पञ्च | ४०,५०० | ५,००० |
| ८ | सन्तोषी खतिवडा | ३७,५०० | ९,००० |
| ९ | इन्द्रप्रसाद ब्याञ्जु | २८,५०० | ३,००० |
| | **लेखा सुपरिवेक्षण समिति** | | |
| १० | वालमुकुण्द उपाध्याय | ७,५०० | ५,००० |
| ११ | श्रीप्रसाद त्यातजू | ७,५०० | ७,००० |
| १२ | सुशिला पराजुली बराल | ७,५०० | ३,००० |

| क्र.स. | नाम | बैठक भत्ता | अन्य भत्ता |
|---|---|---|---|
| अन्तरलगानी तथा वित्तीय सेवा प्रवर्द्धन उपसमिति | | | |
| १३ | राजकुमार लघु | १३,५०० | ५,००० |
| १४ | राजाराम गोसाई | १२,००० | ० |
| प्रमुख व्यवस्थापकिय व्यक्ति | | | |
| क्र.स. | नाम | तलब | ऋण |
| १५ | बालकृष्ण धोंजू | ११,९५,६७०.०० | ३७,२८,८१२.०० |
| १६ | कृष्णश्वरी ह्यौमिखा | ८,९०,५६४.९० | ० |

संचालक समिति
बैठक भत्ता : प्रति बैठक प्रति सदस्य रु.१,५००।-
अन्य सुविधाहरुः यातायात बापत रु.१,०००।-

लेखा सुपरिवेक्षण समिति
बैठक भत्ता : प्रति बैठक प्रति सदस्य रु.१,५००।-
अन्य सुविधाहरुः यातायात बापत रु.१,०००।-

अन्य उपसमिति सदस्यरुलाई प्रदान गरिएको भत्ता तथा सुविधाहरुको विवरण देहाय बमोजिम छन्:
बैठक भत्ता : प्रति बैठक प्रति सदस्य रु.१,५००।-
अन्य सुविधाहरुः यातायत बापत रु.१,०००।-

यी भत्ता तथा सुविधाहरु संस्थाको वार्षिक साधारण सभामा स्वीकृत भएका भत्ता तथा सुविधाहरु हुन् ।

ख) संघका सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारी प्रत्यक्ष रुपमा संलग्न भएका संघ संस्थासँगको कारोवार :

| क्र.स. | प्द | प्रतिनिधित्व संस्था | बचत | ऋण | शेयर |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | सिद्दि गणेश साकोस | ४,८२,७९,१५६.७५ | ० | १०,८९,४००.०० |
| २ | उपाध्यक्ष | मित्र साकोस | १,४७,६१,८७४.७२ | ० | ६,३८,९००.०० |
| ३ | सचिव | भक्तपुर साकोस | १३,७०,११,०५१.६३ | ० | १०,००,०००.०० |
| ४ | कोषाध्यक्ष (अन्तरलगानी तथा वित्तीय सेवा प्रवर्द्धन उपसमिति संयोजक समेत) | उपकार साकोस | १५,६१,०६,५००.१० | ० | १४,७५,०००.०० |
| ५ | सदस्य | बालकुमारी साकोस | ७,६७,५४१.१४ | ० | ३२,१२,८००.०० |
| ६ | सदस्य | नवज्योति साकोस | २,१९,०६,४६३.५६ | ० | ५,०९,३००.०० |
| ७ | सदस्य | नन्दीकेश्वर साकोस | १,७९,१५,६९४.१५ | १,५०,००,०००.०० | ५,००,०००.०० |
| ८ | सदस्य | भक्तपुर महिला साकोस | १,६०,७१,०४८.६७ | ० | १०,००,०००.०० |
| ९ | सदस्य | अग्रज महिला साकोस | ६३,४८,३५३.४८ | ० | १०,००,१००.०० |
| १० | लेखा सुपरिवेक्षण समिति संयोजक | मैत्रीय सकोस | १,०९,९७,०२२.५२ | ० | ३,५०,०००.०० |
| ११ | लेखा सुपरिवेक्षण समिति सदस्य | शुभ लाभ साकोस | २,७४,०८,७८०.२३ | ० | २,९९,९००.०० |
| १२ | लेखा सुपरिवेक्षण समिति सदस्य | दक्षिणकाली महिला साकोस | २,०२,६६२.०० | ० | २१,४५,३००.०० |
| १३ | अन्तरलगानी तथा वित्तीय सेवा प्रवर्द्धन उ.स.सदस्य | ख्वप साकोस | २,१०,००,१२८.४२ | ० | १,९९,६००.०० |
| १४ | अन्तरलगानी तथा वित्तीय सेवा प्रवर्द्धन उ.स.सदस्य | श्रमिक साकोस | २,९७,९७,४९२.९० | ० | ५,००,३००.०० |

ग) संघका प्रमुख व्यवस्थापकिय व्यक्तिहरुलाई प्रदान गरिएको तलव तथा सुविधाहरु:

आ. व. २०८१/८२ मा प्रमुख व्यवस्थापकिय व्यक्तिहरुलाई प्रदान गरिएको तलव तथा सुविधाहरुको विवरण देहाय बमोजिम छन्:

| **तलब तथा सुविधाको प्रकृति** | **कुल रकम रु कैफियत** | |
|---|---|---|
| अल्पकालिन सुविधा | १९,३७,५७७.९० | व्यवस्थापन तहका कर्मचारीको तलब, संचयकोष तथा भत्ता |
| सेवा अवधि पश्चातको सुविधा | ० | |
| अन्य दिर्घकालिन कर्मचारी सुविधाहरु | १,४८,६५७.०० | विरामी बिदा र वार्षिक बिदा |
| अवकाश सुविधा | ० | योग्यता पुगेका व्यवस्थापन तहका कर्मचारीहरुलाई उपदान सुविधा |
| जम्मा रु. | २०,८६,२३४.९० | |

### ५.४ गाभ्ने र गाभिने (Merger and Acquisition)

चालु आर्थिक वर्षमा अन्य कुनै पनि संघसँग Merger and Acquisition भएको छैन ।

### ५.५ समावेश नगरिएका संघको अतिरिक्त प्रकटीकरण

संघको कुनै पनि किसिमको सहायक संघहरु नरहेको हुदाँ यस वित्तीय विवरणमा समावेश गर्नुपर्ने तर समावेश नगरिएको कुनै कारोवार छैन ।

### ५.६ रिपोर्टिङ मिति पछिका घटनाहरु

संघले रिपोर्टिङ अवधि सकिएपछि समायोजन वा गैर-समायोजन घटनाहरूको रूपमा योग्य तथा सम्भावित प्रभाव पार्न सक्ने घटनाहरुको अनुगमन र विश्लेषण गरेको छ । सबै समायोजन घटनाहरू अतिरिक्त प्रकटीकरणको साथ विवरणमा समावेश गरिएको छ र गैर-समायोजन घटनाहरू सम्भावित वित्तीय प्रभाव सकेसम्म नोटमा खुलाइएको छ । यस वित्तीय विवरणमा हस्ताक्षर हुने बेलासम्मको अवधिमा कुनै उल्लेख्य घटनाहरु भएका छैनन् ।

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

सूर्यविनायक ८, भक्तपुर

## वित्तीय स्थितिको विवरण

### असार ३२, २०८२ को

(रकम रु.मा)

| सम्पति | | टिप्पणी | आ.व. २०८१.०८२ | आ.व. २०८०.०८१ |
|---|---|---|---|---|
| **क. गैर चालु सम्पत्ति** | | | | |
| १ | सम्पति, कारखाना तथा उपकरण | ४.१ | ३,५९,८३,३६१.०० | ३,६०,०५,२६०.३८ |
| २ | लगानी हिसाव | ४.२ | ३९,४३,८६४.९२ | ३८,५९,८५४.३५ |
| ३ | प्रयोगको अधिकार सम्पत्ति (पट्टा सम्पत्ति) | ४.३ | १,५०,९०५.३९ | ३,९०,२२७.३९ |
| ४ | स्थगन (डिफर्ड) कर सम्पत्ति | ४.४ | - | - |
| | **कुल गैर चालु सम्पत्ति** | | **४,००,७८,१३१.३१** | **४,०२,५५,३४२.१२** |
| **ख. कर्जा लगानी** | | ४.५ | १९,८७,२३,९३७.८१ | ३९,४६,७७,६७३.१९ |
| | **कुल कर्जा लगानी** | | **१९,८७,२३,९३७.८१** | **३९,४६,७७,६७३.१९** |
| **ग. चालु सम्पत्ति** | | | | |
| १ | लगानी हिसाव | ४.६ | १,३४,८०,००,०००.०० | २,०५,१०,००,०००.०० |
| २ | धरौटी तथा पेश्की | ४.७ | - | - |
| ३ | सापट तथा पाउनुपर्ने | ४.८ | ९,१०,७९,४८०.६६ | ७,३८,४६,४१५.९० |
| ४ | नगद तथा नगद सरह | ४.९ | १,४५,१०,१४,६३२.१५ | ९५,४३,७८,३२३.५३ |
| ५ | अन्य चालु सम्पत्ति | ४.१० | १,२७,२७७.१८ | १,४५,२८०.९३ |
| | **कुल चालु सम्पत्ति** | | **२,८९,०२,२१,३८९.९९** | **३,०७,९३,७०,०२०.३६** |
| **कुल सम्पति** | | | **३,१२,९०,२३,४५९.११** | **३,५१,४३,०३,०३५.६७** |

| पूँजीकोष तथा दायित्व | | टिप्पणी | आ.व. २०८१.०८२ | आ.व. २०८०.०८१ |
|---|---|---|---|---|
| **क. पूँजीकोष** | | | | |
| १ | शेयर पूँजी | ४.११ | ८,४१,३८,५००.०० | ७,७१,३४,४००.०० |
| २ | कोष हिसाव | ४.१२ | १२,६७,०२,४५२.४७ | १३,०६,९८,३४३.७९ |
| | **शेयर सदस्यका लागि श्रेय योग्य पूँजीकोष** | | **२१,०८,४०,९५२.४७** | **२०,७८,३२,७४३.७९** |
| ३ | गैर नियन्त्रण लाभ | | - | - |
| | **कुल पूँजीकोष** | | **२१,०८,४०,९५२.४७** | **२०,७८,३२,७४३.७९** |
| **ख. गैर चालु दायित्व** | | | | |
| १ | अन्य कोष | ४.१३ | ७०,८४,८७१.५९ | ३२,९२,०३८.९३ |
| २ | पट्टा दायित्व | ४.१४ | - | १,५८,५५२.९२ |
| ३ | स्थगन (डिफर्ड) कर दायित्व | ४.४ | ८१,४३४.९७ | ६१,९६५.३६ |
| | **कुल गैर चालु दायित्व** | | **७१,६६,३०६.५६** | **३५,१२,५५७.२१** |
| **ग. निक्षेप बचत** | | ४.१५ | २,९०,२३,९२,३५९.४४ | ३,२९,०९,७६,८५६.२८ |
| | **कुल निक्षेप बचत** | | **२,९०,२३,९२,३५९.४४** | **३,२९,०९,७६,८५६.२८** |
| **घ. चालु दायित्व** | | | | |
| १ | भुक्तानी दिनुपर्ने | ४.१६ | २४,५७,६०८.६३ | ५८,२६,२४०.८५ |
| २ | पट्टा दायित्व | ४.१४ | १,५८,५५२.९२ | २,३७,७८९.०० |
| ३ | व्यवस्था | ४.१७ | ६०,०७,६७९.०९ | ५९,१६,८४८.५४ |
| | **कुल चालु दायित्व** | | **८६,२३,८४०.६४** | **१,१९,८०,८७८.३९** |
| **कुल पूँजी तथा दायित्व** | | | **३,१२,९०,२३,४५९.११** | **३,५१,४३,०३,०३५.६७** |

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा

कृष्णगोविन्द लाखाजू
अध्यक्ष

हरिकृष्ण बल्ल
उपाध्यक्ष

जगनाथ प्रजापति
सचिव

कान्छाभक्त घ:जु
कोषाध्यक्ष

पञ्चकृष्ण श्रेष्ठ
सदस्य

कृष्णश्वरी मचामसी
सदस्य

काजीबहादुर पञ्च
सदस्य

सन्तोषी खतिवडा
सदस्य

इन्द्रप्रसाद ब्याञ्जू
सदस्य

बालमुकुन्द उपाध्याय
ले.सु.स. संयोजक

श्रीप्रसाद त्यातजू
ले.सु.स. सदस्य

सुशिला पराजुली बराल
ले.सु.स. सदस्य

बालकृष्ण बाजू
प्रमुख कार्यकारी अधिकृत

कृष्णश्वरी ह्यौमिखा
वित्त तथा प्र.अधिकृत

सुनिल श्रेष्ठ, सि.ए.
श्रेष्ठ सुनिल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

स्थान: भक्तपुर
मिति: २०८२/०६/२९

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
२०६२

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

## सूर्यविनायक ८, भक्तपुर

### नाफा वा नोक्सानको विवरण

### आ.व. २०८१/८२ को लागि

(रकम रु.मा)

| विवरण | टिप्पणी | आ.व. २०८१.०८२ | आ.व. २०८०.०८१ |
|---|---|---|---|
| कर्जा लगानीबाट आम्दानी | ४.१८ | १,९८,९३,२७६.१९ | ६,२६,०८,२४८.४२ |
| बचत तथा शेयर लगानीमा आम्दानी | ४.१९ | १५,५१,९७,४२०.१६ | १८,५८,४८,८३६.९४ |
| अन्य संचालन आम्दानी | ४.२० | १२,९०,२२९.९२ | १३,८०,५०४.१४ |
| **जम्मा आम्दानी** | | **१७,६३,८०,९२६.२७** | **२४,९८,३७,५८९.५०** |
| बचतमा ब्याज खर्च | ४.२१ | १०,४१,१०,६७५.४५ | १७,४०,७९,३८१.३४ |
| कर्मचारी खर्च | ४.२२ | ९५,१७,२०३.५५ | ५५,१६,६७५.०८ |
| कार्यालय संचालन खर्च | ४.२३ | ४५,२१,८५३.७२ | ४८,१६,९४८.९६ |
| ह्रास कट्टी तथा अपलेखन खर्च | ४.२४ | ७,४८,३१५.३८ | ७,२२,२२९.७१ |
| **संचालनबाट नाफा / (नोक्सान)** | | **५,७४,८२,८७८.१७** | **६,४७,०२,३५४.४१** |
| वित्त लागत | ४.२५ | २०,२११.०० | १६,७८९.३६ |
| कर्जा जोखिम व्यवस्था | ४.५ | ४,०७,१४,३४३.६८ | ५०,०४,०६०.२२ |
| **कर अघिको नाफा / (नोक्सान)** | | **१,६७,४८,३२३.४९** | **५,९६,८१,५०४.८३** |
| आय कर | | | |
| यस आ.व.को कर | ४.२६ | ६०,०७,६७९.०९ | ५९,१६,८४८.५४ |
| डिफर्ड (स्थगन) कर | ४.४ | १९,४६९.६१ | ३०,९१४.७१ |
| **यस वर्षको कुल नाफा / (नोक्सान)** | | **१,०७,२१,१७४.७९** | **५,३७,३३,७४१.५८** |
| आधारभूत प्रति शेयर कमाई | | १२.७४ | ६९.६६ |
| **कुल नाफा / (नोक्सान) को श्रेय :** | | | |
| शेयर सदस्य | | १,०७,२१,१७४.७९ | ५,३७,३३,७४१.५८ |
| गैर नियन्त्रण लाभ | | – | – |

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा

| | | | | |
|---|---|---|---|---|
| कृष्णगोविन्द लाखाजू<br>अध्यक्ष | हरिकृष्ण बल्ल<br>उपाध्यक्ष | जगनाथ प्रजापति<br>सचिव | कान्छाभक्त घःजु<br>कोषाध्यक्ष | पञ्चकृष्ण श्रेष्ठ<br>सदस्य |
| कृष्णश्वरी मचामसी<br>सदस्य | काजीबहादुर पञ्च<br>सदस्य | सन्तोषी खतिवडा<br>सदस्य | इन्द्रप्रसाद ब्याञ्जू<br>सदस्य | |
| बालमुकुन्द उपाध्याय<br>ले.सु.स. संयोजक | श्रीप्रसाद त्यातजू<br>ले.सु.स. सदस्य | सुशिला पराजुली बराल<br>ले.सु.स. सदस्य | बालकृष्ण धौजू<br>प्रमुख कार्यकारी अधिकृत | कृष्णश्वरी हुमौमिखा<br>वित्त तथा प्र.अधिकृत |

सुनिल श्रेष्ठ, सि.ए.
श्रेष्ठ सुनिल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

Shrestha Sunil & Associates Kathmandu Chartered Accountants

स्थानः भक्तपुर
मितिः २०८२/०६/२९

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. २०६२

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
## सूर्यविनायक ८, भक्तपुर

## अन्य विस्तृत आयको विवरण
## आ.व. २०८१/८२को लागि

(रकम रु.मा)

| विवरण | आ.व. २०८१.०८२ | आ.व. २०८०.०८१ |
|---|---|---|
| यस वर्षको कुल नाफा र (नोक्सान) | १,०७,२१,१७४.७९ | ५,३७,३३,७४१.५८ |
| **अन्य विस्तृत आय, आय कर बाहेक** | | |
| **क. पछि नाफा वा नोक्सानको विवरणमा पुनः वर्गिकरण नहुने :** | | |
| शेयर लगानीलाई सही (fair) मुल्यमा मापन गर्दाको नाफा / (घाटा) | – | – |
| पुनर्मूल्यांकन गर्दाको नाफा / (घाटा) | – | – |
| परिभाषित लाभ योजनाको अभिलेखिकरणीय नाफा / (घाटा) | – | – |
| माथिका शीर्षकहरुमा आय कर | – | – |
| **पछि नाफा वा नोक्सानको विवरण पुनः वर्गिकरण नहुने कुल विस्तृत आय** | **१,०७,२१,१७४.७९** | **५,३७,३३,७४१.५८** |
| **ख. पछि नाफा वा नोक्सानको विवरणमा पुनः वर्गिकरण हुने वा हुन सक्नेः** | | |
| नगद प्रवाह हेजिङमा नाफा / (घाटा) | – | – |
| विदेशी विनिमय साटासाटमा नाफा / (घाटा) | – | – |
| माथिका शीर्षकहरुमा आय कर | – | – |
| नाफा वा नोक्सानको विवरणमा पुनः वर्गिकरण | – | – |
| **यस वर्षको कुल विस्तृत आय** | **१,०७,२१,१७४.७९** | **५,३७,३३,७४१.५८** |

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा

कृष्णगोविन्द लाखाजू
अध्यक्ष

हरिकृष्ण बल्ल
उपाध्यक्ष

जगनाथ प्रजापति
सचिव

कान्छाभक्त घःजु
कोषाध्यक्ष

पञ्चकृष्ण श्रेष्ठ
सदस्य

कृष्णश्वरी मचामसी
सदस्य

काजीबहादुर पञ्च
सदस्य

सन्तोषी खतिवडा
सदस्य

इन्द्रप्रसाद ब्याञ्जू
सदस्य

सुनिल श्रेष्ठ, सि.ए.
श्रेष्ठ सुनिल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

Shrestha Sunil & Associates Kathmandu Chartered Accountants

बालमुकुन्द उपाध्याय
ले.सु.स. संयोजक

श्रीप्रसाद त्यातजू
ले.सु.स. सदस्य

सुशिला पराजुली बराल
ले.सु.स. सदस्य

बालकृष्ण भोजू
प्रमुख कार्यकारी अधिकृत

कृष्णश्वरी हयौमिखा
वित्त तथा प्र.अधिकृत

स्थानः भक्तपुर
मितिः २०८२/०६/२९

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

## सूर्यविनायक ८, भक्तपुर

## नाफा वा नोक्सानको विनियोजन विवरण

## आ.व. २०८१/०८२ को लागि

(रकम रु.मा)

| | | | | कुल |
|---|---|---|---|---|
| **यस वर्षको कुल विस्तृत आय** | | १,०७,२१,१७४.७९ | | १,०७,२१,१७४.७९ |
| **बाँडफाँड नगरेको खुद वचत** | | | - | - |
| जगेडा कोष | २५.००% | २६,८०,२९४.०० | - | २६,८०,२९४.०० |
| **अन्य कोषहरु** | | ८०,४०,८८०.७९ | - | ८०,४०,८८०.७९ |
| संरक्षित पूँजी फिर्ता कोष | २५.००% | २०,१०,२२०.२० | - | २०,१०,२२०.२० |
| सहकारी प्रर्बधन कोष | ०.५०% | ४०,२०४.४० | - | ४०,२०४.४० |
| **अन्य कोषहरु** | | ५९,९०,४५६.१९ | - | ५९,९०,४५६.१९ |
| शेयर लाभांश कोष | ६५.००% | ३८,९३,७९६.५२ | - | ३८,९३,७९६.५२ |
| कर्मचारी बोनस कोष | ५.००% | २,९९,५२२.८१ | - | २,९९,५२२.८१ |
| स्थिरीकरण कोष | ५.००% | २,९९,५२२.८१ | - | २,९९,५२२.८१ |
| घाटा पुर्ति कोष | ५.००% | २,९९,५२२.८१ | - | २,९९,५२२.८१ |
| सामुदायिक विकास कोष | ५.००% | २,९९,५२२.८१ | - | २,९९,५२२.८१ |
| सहकारी विकास कोष | ५.००% | २,९९,५२२.८१ | - | २,९९,५२२.८१ |
| सहकारी शिक्षा कोष | ५.००% | २,९९,५२२.८१ | - | २,९९,५२२.८१ |
| अन्य जोखिम व्यवस्थापन कोष | ५.००% | २,९९,५२२.८१ | - | २,९९,५२२.८१ |

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा

कृष्णगोविन्द लाखाजू
अध्यक्ष

हरिकृष्ण बल्ल
उपाध्यक्ष

जगनाथ प्रजापति
सचिव

कान्छाभक्त घ:जु
कोषाध्यक्ष

पञ्चकृष्ण श्रेष्ठ
सदस्य

कृष्णश्वरी मचामसी
सदस्य

काजीबहादुर पञ्च
सदस्य

सन्तोषी खतिवडा
सदस्य

इन्द्रप्रसाद ब्याञ्जू
सदस्य

सुनिल श्रेष्ठ, सि.ए.
श्रेष्ठ सुनिल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस

बालमुकुन्द उपाध्याय
ले.सु.स. संयोजक

श्रीप्रसाद त्यातजू
ले.सु.स. सदस्य

सुशिला पराजुली बराल
ले.सु.स. सदस्य

बालकृष्ण धौजू
प्रमुख कार्यकारी अधिकृत

कृष्णश्वरी त्यौमिखा
वित्त तथा प्र.अधिकृत

स्थानः भक्तपुर
मितिः २०८२/०६/२९

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
## सूर्यविनायक ८, भक्तपुर

## इक्वीटिमा भएको परिवर्तन सम्बन्धी विवरण
## असार ३२, २०८२ को

(रकम रु.मा)

| विवरण | शेयर पूँजी | यस बर्षको नाफा | जगेडा कोष (नोक्सान) | अन्य कोष | जम्मा |
|---|---|---|---|---|---|
| २०८० श्रावण १ मौज्दात | ७,२६,३९,७००.०० | - | ६,४५,३१,८०२.२५ | २,४७,४२,३८०.१० | **१६,१९,१३,८८२.३५** |
| लेखा नीतिमा भएको परिवर्तनको असर | - | - | - | - | - |
| **परिवर्तित मौज्दात** | **७,२६,३९,७००.००** | **-** | **६,४५,३१,८०२.२५** | **२,४७,४२,३८०.१०** | **१६,१९,१३,८८२.३५** |
| सम्पतिमा भएको थप वा घट मुल्याङ्कन | - | - | - | - | - |
| लगानीमा भएको थप वा घट मुल्याङ्कन | - | - | - | - | - |
| विदेशी मुद्रा सटहीमा भएको फरक | - | - | - | - | - |
| यस बर्षको नाफा वा नोक्सान वा थप घट | - | (५,३७,३३,७४१.५८) | १,३५,०३,२९८.६० | ४,०२,३०,४४२.९८ | - |
| जगेडा कोष (नोक्सान) | - | ५,३७,३३,७४१.५८ | १,२१,५३,३४५.५५ | (२,४४,६२,९२५.६९) | **४,१४,२४,१६१.४४** |
| अन्य कोष | - | - | - | - | - |
| शेयर जारी | ४४,९४,७००.०० | - | - | - | **४४,९४,७००.००** |
| **असार ३१, २०८१ को मौज्दात** | **७,७१,३४,४००.००** | **-** | **९,०१,८८,४४६.४१** | **४,०५,०९,८९७.३९** | **२०,७८,३२,७४३.७९** |
| सम्पतिमा भएको थप वा घट मुल्याङ्कन | - | - | - | - | - |
| लगानीमा भएको थप वा घट मुल्याङ्कन | - | - | - | - | - |
| विदेशी मुद्रा सटहीमा भएको फरक | - | - | - | - | - |
| यस बर्षको नाफा वा नोक्सान वा थप घट | - | (१,०७,२१,१७४.७९) | २६,८०,२९४.०० | ८०,४०,८८०.७९ | - |
| जगेडा कोष (नोक्सान) | - | १,०७,२१,१७४.७९ | २,५७,९२,८३१.२७ | (४,०५,०९,८९७.३८) | **(३९,९५,८९१.३२)** |
| अन्य कोष | - | - | - | - | - |
| शेयर जारी | ७०,०४,१००.०० | - | - | - | **७०,०४,१००.००** |
| **असार ३२, २०८२ को मौज्दात** | **८,४१,३८,५००.००** | **-** | **११,८६,६१,५७१.६८** | **८०,४०,८८०.८०** | **२१,०८,४०,९५२.४७** |

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा

कृष्णगोविन्द लाखाजू, अध्यक्ष
हरिकृष्ण बल्ल, उपाध्यक्ष
जगनाथ प्रजापति, सचिव
कान्छाभक्त घ:जु, कोषाध्यक्ष
पञ्चकृष्ण श्रेष्ठ, सदस्य

कृष्णश्वरी मचामसी, सदस्य
काजीबहादुर पञ्च, सदस्य
सन्तोषी खतिवडा, सदस्य
इन्द्रप्रसाद ब्याञ्जू, सदस्य

बालमुकुन्द उपाध्याय, ले.सु.स. संयोजक
श्रीप्रसाद त्यातजू, ले.सु.स. सदस्य
सुशिला पराजुली बराल, ले.सु.स. सदस्य
बालकृष्ण भोजू, प्रमुख कार्यकारी अधिकृत
कृष्णश्वरी ह्यौमिखा, वित्त तथा प्र.अधिकृत

सुनिल श्रेष्ठ, सि.ए.
श्रेष्ठ सुनिल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

स्थान: भक्तपुर
मिति: २०८२/०६/२९

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

## सूर्यविनायक ८, भक्तपुर

## नगद प्रवाह विवरण

## असार ३२, २०८२ को

(रकम रु.मा)

| विवरण | आ.व. २०८१.०८२ | आ.व. २०८०.०८१ |
|---|---|---|
| **संचालन नाफा र (नोक्सान)** | १,०७,२१,१७४.७९ | ५,३७,३३,७४१.५८ |
| समायोजन | | |
| ह्रासकट्टी | ७,४८,३१५.३८ | ७,२२,२२९.७१ |
| वित्त लागत | २०,२११.०० | १६,७८९.३६ |
| व्यवस्था | ४,६७,४१,४९२.३८ | १,०९,५१,८२३.४७ |
| **चालु पूँजीमा भएको परिवर्तन अघिको नगद प्रवाह** | **५,८२,३१,१९३.५५** | **६,५४,२४,५८४.१२** |
| बचतमा बृद्धि (कमी) | (३८,८५,८४,४९६.८४) | १,२४,५१,९५,६१९.७७ |
| चालु दायित्वमा बृद्धि (कमी) | (३४,४७,८६८.३०) | ३,८७,५४२.६२ |
| कर्जा लगानीमा कमी (बृद्धि) | १५,५२,३९,३९१.७० | २७,८९,२२,५३७.०० |
| चालु सम्पतिमा कमी (बृद्धि) | ६८,५७,८४,९३८.९९ | (१,३५,७०,३७,७३६.३३) |
| आय कर भुक्तानी | (५९,१६,८४८.५४) | (१७,०२,६६१.४५) |
| **संचालन गतिविधिवाट खूद नगद प्रवाह** | **५०,१३,०६,३१०.५६** | **२३,११,८९,८८५.७३** |
| स्थिर सम्पति बिक्री (खरिद) | (४,८७,०९४.००) | (३,०५,६०३.२८) |
| गैर चालु सम्पतिमा कमी (बृद्धि) | – | (४,७८,६४३.४८) |
| लगानीमा कमी (बृद्धि) | (८४,०१०.५७) | २,९४,६१,०३९.६८ |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(५,७१,१०४.५७)** | **२,८६,७६,७९२.९२** |
| शेयर पूजीको बृद्धि (कमी) | ७०,०४,१००.०० | ४४,९४,७००.०० |
| कोषमा तथा कर्जा जोखिम व्यवस्थामा बृद्धि (कमी) | – | (२७,०८,५३८.१८) |
| गैर चालु दायित्वमा बृद्धि (कमी) | ३६,३४,२७९.७४ | ६,६९,१८४.१४ |
| ऋण बृद्धि (कमी) | (३६,४८,०७३.६०) | – |
| वित्त लागत | (२०,२११.००) | (१६,७८९.३६) |
| लाभाशं भुक्तानी | (१,१०,६८,९९२.५०) | (९६,०१,०४१.९६) |
| **वित्तिय गतिविधिबाट खूद नगद प्रवाह** | **(४०,९८,८९७.३६)** | **(७१,६२,४८५.३६)** |
| यस वर्षको खूद नगद प्रवाह विवरण | ४९,६६,३६,३०८.६३ | २५,२७,०४,१९३.२९ |
| यस वर्षको शुरुको नगद तथा बैंक मौज्दात | ९५,४३,७८,३२३.५३ | ७०,१६,७४,१३०.२४ |
| **यस वर्षको जम्मा नगद तथा बैंक मौज्दात** | **१,४५,१०,१४,६३२.१६** | **९५,४३,७८,३२३.५३** |
| **हिसाब अनुसार** | **१,४५,१०,१४,६३२.१५** | **९५,४३,७८,३२३.५३** |

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा

कृष्णगोविन्द लाखाजू – अध्यक्ष
हरिकृष्ण बल्ल – उपाध्यक्ष
जगनाथ प्रजापति – सचिव
कान्छाभक्त घ:जु – कोषाध्यक्ष
पञ्चकृष्ण श्रेष्ठ – सदस्य

कृष्णश्वरी मचामसी – सदस्य
काजीबहादुर पञ्च – सदस्य
सन्तोषी खतिवडा – सदस्य
इन्द्रप्रसाद ब्याञ्जू – सदस्य

बालमुकुन्द उपाध्याय – ले.सु.स. संयोजक
श्रीप्रसाद त्यातजू – ले.सु.स. सदस्य
सुशिला पराजुली बराल – ले.सु.स. सदस्य
बालकृष्ण धौजू – प्रमुख कार्यकारी अधिकृत
कृष्णश्वरी त्यौमिखा – वित्त तथा प्र.अधिकृत

सुनिल श्रेष्ठ, सि.ए.
श्रेष्ठ सुनिल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

स्थान: भक्तपुर
मिति: २०८२/०६/२९

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

## सूर्यविनायक ८, भक्तपुर

असार ३२, २०८२ को

**पर्ल्स अनुपात**

| सुचक | क्षेत्र | बिवरण | रकम | लेखामा | मापदण्ड |
|---|---|---|---|---|---|
| P-Protection सुरक्षण | P1 | नोक्सानीको लागि व्यवस्था | ३,८०,००,०००.०० | १००.००% | १००% |
| | | एक बर्षभन्दा बढी भाखा नाघेको | ३,८०,००,०००.०० | | |
| | P2 | नोक्सानीको लागि व्यवस्था | - | - | ५०% |
| | | छ महिनादेखी १२ महिनासम्म भाखा | - | | |
| | P2x | नोक्सानीको लागि व्यवस्था | १,२९,०६,०३८.८४ | २५.००% | २५% |
| | | ३ महिनादेखी ६ महिनासम्म भाखा न | ५,१६,२४,१५५.३७ | | |
| | P3x | नोक्सानीको लागि व्यवस्था | १६,१६,७२७.७५ | १.००% | १% |
| | | भाखा ननाघेको रकम | १६,१६,७२,७७४.९३ | | |
| E-Effective Financial Structure प्रभावकारी वित्तिय संरचना | E1 | खूद ऋण लगानी | १९,८७,२३,९३७.८१ | ६.३५% | ७०-८०% |
| | | कूल सम्पति | ३,१२,९०,२३,४५९।११ | | |
| | E3 | वित्तिय लगानी | १,३४,८०,००,०००.०० | ४३.०८% | >२% |
| | | कुल सम्पत्ति | ३,१२,९०,२३,४५९।११ | | |
| | E5 | बचत | २,९०,२३,९२,३५९।४४ | ९२.७६% | ७०-८०% |
| | | कुल सम्पत्ति | ३,१२,९०,२३,४५९।११ | | |
| | E7 | शेयर पुंजी | ८,४१,३८,५००।०० | २.६९% | १०-२०% |
| | | कुल सम्पत्ति | ३,१२,९०,२३,४५९।११ | | |
| | E8 | संस्थागत पुंजी | १२,६७,०२,४५२।४७ | ४.०५% | >=१०% |
| | | कुल सम्पत्ति | ३,१२,९०,२३,४५९।११ | | |
| A-Assets Quality सम्पत्तिको गुणस्तर | A1 | भाखा नाघेको कर्जा | ५,०९,०६,०३८.८४ | २५.६२% | <=५% |
| | | कुल कर्जा | १९,८७,२३,९३७।८१ | | |
| | A2 | आय नहुने सम्पत्ति | ९,३४,१७,५६१।८४ | २.९९% | <=५% |
| | | कुल सम्पत्ति | ३,१२,९०,२३,४५९।११ | | |
| | A3 | बिना लागतको पुंजी | १२,६७,०२,४५२।४७ | १३५.६३% | >=२००% |
| | | आय नहुने सम्पत्ति | ९,३४,१७,५६१।८४ | | |
| R-Rates of Returns and Cost प्रतिफल दर | R1 | कर्जाबाट खुद आय | १,९८,९३,२७६।१९ | ६.७०% | बजार दर |
| | | औसत कर्जा | २९,६७,००,८०५।५० | | |
| | R3 | वित्तिय लगानी बाट आय | १५,५१,९७,४२०.१६ | ५.३५% | >=R1 |
| | | औसत वित्तिय लगानी | २,८९,९४,२८,९३६.८४ | | |
| | R5 | वचतमा व्याज | १०,४१,१०,६७५।४५ | ३.३६% | बजार दर>मुद्रास्फीति |
| | | औसत बचत | ३,०९,६६,८४,६०७।८६ | | |
| | R6 | बाह्रय ऋणमा व्याज | - | ०.००% | बजार दर |
| | | औसत बाह्रय ऋणमा | - | | |
| | R7 | शेयर पुंजीमा लाभांश | ३८,९३,७९६।५२ | ४.८३% | बजार दर>R5 |
| | | औसत शेयर पुंजीमा | ८,०६,३६,४५०।०० | | |
| | R8 | कुल मुनाफा | १,०७,२१,१७४।७९ | ०.३२% | बजार दर |
| | | औसत सम्पत्ति | ३,३२,१६,६३,२४७।३९ | | |
| | R11 | अन्य आय | १२,९०,२२९।९२ | ०.०४% | न्युनतम |
| | | औसत सम्पत्ति | ३,३२,१६,६३,२४७।३९ | | |
| L-Liquidity तरलता | L1 | तरल सम्पत्ति-अल्पकालिन दायित्व | २२,१०,८०४.०० | ०.०८% | १% |
| | | कुल बचत | २,९०,२३,९२,३५९।४४ | | |
| | L2 | तरल सम्पत्ति | १,४५,१०,१४,६३२।१५ | ४९.९९% | १५% |
| | | कुल बचत | २,९०,२३,९२,३५९।४४ | | |
| S-Signs of Growth वार्षिक वृद्दि संकेत | S10 | शेयर सदस्य संख्यामा वृद्दि | २०३.०० | -०.४९% | >=15% |
| | S11 | कुल सम्पत्तिमा वृद्दि | ( ३८,५२,७९,५७६।५६ | (०.१२) | >मुद्रास्फीति+10% |

## भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
### सूर्यविनायक ८, भक्तपुर

**प्रमुख लेखा निति तथा लेखा सम्वन्धी टिप्पणीहरु**

**४. लेखा सम्वन्धी टिप्पणीहरु**

(रकम रु.मा)

**टिप्पणी ४.१ :** सम्पति, कारखाना तथा उपकरण

(क) मुर्त सम्पत्ति

| विवरण | जग्गा | भवन | फर्निचर तथा फिक्चर्स | कार्यालय उपकरण | सवारी साधन | कुल |
|---|---|---|---|---|---|---|
| **लागत अथवा मानिएको लागत** | | | | | | |
| **२०८० श्रवाण १ को** | २,७१,६३,८४४.०० | ८१,७२,२८९.७२ | १५,३५,४२०.६० | १९,४५,७७८.२४ | १,७४,५००.०० | **३,८९,९१,८३२.५६** |
| खरिद | | | २,१८,६०३.२८ | ८७,०००.०० | | **३,०५,६०३.२८** |
| पुँजीकरण | | | | | | - |
| व्यवसाय संयोजन मार्फत प्राप्त सम्पत्ति | | | | | | - |
| **कुल थप** | - | - | **२,१८,६०३.२८** | **८७,०००.००** | - | **३,०५,६०३.२८** |
| बिक्रि तथा निपटान | | | | | | - |
| पुर्नमुल्यांकन / समायोजन | | | | | | - |
| अन्य | | | | | | - |
| **२०८१ असार ३१ को** | **२,७१,६३,८४४.००** | **८१,७२,२८९.७२** | **१७,५४,०२३.८८** | **२०,३२,७७८.२४** | **१,७४,५००.००** | **३,९२,९७,४३५.८४** |
| खरिद | - | १,६२,५९९.०० | ८०,०००.०० | २,४४,४९५.०० | - | **४,८७,०९४.००** |
| पुँजीकरण | - | - | - | - | - | - |
| व्यवसाय संयोजन मार्फत प्राप्त सम्पत्ति | - | - | - | - | - | - |
| **कुल थप** | - | **१,६२,५९९.००** | **८०,०००.००** | **२,४४,४९५.००** | - | **४,८७,०९४.००** |
| बिक्रि तथा निपटान | | | | | | - |
| पुर्नमुल्यांकन / समायोजन | | | | | | - |
| अन्य | | | | | | - |
| **२०८२ असार ३२ को** | **२,७१,६३,८४४.००** | **८३,३४,८८८.७२** | **१८,३४,०२३.८८** | **२२,७७,२७३.२४** | **१,७४,५००.००** | **३,९७,८४,५२९.८४** |

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
सूर्यविनायक ८, भक्तपुर

## प्रमुख लेखा निति तथा लेखा सम्वन्धी टिप्पणीहरु

### ४. लेखा सम्वन्धी टिप्पणीहरु

(रकम रु.मा)

टिप्पणी ४.१ : सम्पति, कारखाना तथा उपकरण

(क) मुर्त सम्पत्ति

| विवरण | जग्गा | भवन | फर्निचर तथा फिक्चर्स | कार्यालय उपकरण | सवारी साधन | कुल |
|---|---|---|---|---|---|---|
| **संचित ह्रासकट्टी तथा अपलेखन** | | | | | | |
| **२०८० श्रवाण १ को** | **-** | **७,३२,०३९.२५** | **७,०७,००८.८६** | **१२,१४,१२१.८५** | **१,५३,६८४.७८** | **२८,०६,८५४.७४** |
| यस आ.व.को ह्रासकट्टी | - | १,९५,७९६.०४ | ७६,४१९.४१ | २,१५,०२३.३७ | २,६०१.९० | ४,८९,८४०.७२ |
| यस आ.व.को अपलेखन | | | | | | - |
| अन्य | | | | | | - |
| बिकि तथा निपटान | | | | | | - |
| **२०८१ असार ३१ को** | **-** | **९,२७,८३५.२९** | **७,८३,४२८.२७** | **१४,२९,१४५.२२** | **१,५६,२८६.६८** | **३२,९६,६९५.४६** |
| यस आ.व.को ह्रासकट्टी | - | १,९५,९७४.२५ | ८१,३०८.४६ | २,२४,५८८.७७ | २,६०१.९० | ५,०४,४७३.३८ |
| यस आ.व.को अपलेखन | | | | | | - |
| अन्य | | | | | | - |
| बिकि तथा निपटान | | | | | | - |
| **२०८२ असार ३२ को** | **-** | **११,२३,८०९.५४** | **८,६४,७३६.७३** | **१६,५३,७३३.९९** | **१,५८,८८८.५८** | **३८,०१,१६८.८४** |
| **ह्रास पश्चातको मुल्य** | | | | | | |
| **२०८२ असार ३२ को** | २,७१,६३,८४४.०० | ७२,११,०७९.१८ | ९,६९,२८७.१५ | ६,२३,५३९.२५ | १५,६११.४२ | ३,५९,८३,३६१.०० |
| **२०८१ असार ३१ को** | २,७१,६३,८४४.०० | ७२,४४,४५४.४३ | ९,७०,५९५.६१ | ६,०३,६३३.०२ | १८,२१३.३२ | ३,६०,००,७४०.३८ |

# भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
## सूर्यविनायक ८, भक्तपुर

## प्रमुख लेखा निति तथा लेखा सम्वन्धी टिप्पणीहरु

### ४. लेखा सम्वन्धी टिप्पणीहरु

(रकम रु.मा)

**टिप्पणी ४.१ :** सम्पति, कारखाना तथा उपकरण

(ख) अमुर्त सम्पत्ति

| विवरण | वेभसाइट | मोबाइल एप्स | कुल |
|---|---|---|---|
| **लागत अथवा मानिएको लागत** | | | |
| **२०८० श्रवाण १ को** | ३०,०००.०० | ३३,९००.०० | ६३,९००.०० |
| खरिद | - | - | - |
| पुँजीकरण | - | - | - |
| व्यवसाय संयोजन मार्फत प्राप्त सम्पत्ति | - | - | - |
| **कुल थप** | - | - | - |
| बिक्रि तथा निपटान | - | - | - |
| पुर्नमुल्यांकन / समायोजन | - | - | - |
| अन्य | - | - | - |
| **२०८१ असार ३१ को** | **३०,०००.००** | **३३,९००.००** | **६३,९००.००** |
| खरिद | - | - | - |
| पुँजीकरण | - | - | - |
| व्यवसाय संयोजन मार्फत प्राप्त सम्पत्ति | - | - | - |
| **कुल थप** | - | - | - |
| बिक्रि तथा निपटान | - | - | - |
| पुर्नमुल्यांकन / समायोजन | - | - | - |
| अन्य | - | - | - |
| **२०८२ असार ३२ को** | **३०,०००.००** | **३३,९००.००** | **६३,९००.००** |
| | | | |
| **संचित ह्रासकट्टी तथा अपलेखन** | | | |
| **२०८० श्रवाण १ को** | **३०,०००.००** | **२४,८६०.००** | **५४,८६०.००** |
| यस आ.व.को ह्रासकट्टी | | ४,५२०.०० | ४,५२०.०० |
| यस आ.व.को अपलेखन | | | - |
| अन्य | | | - |
| बिक्रि तथा निपटान | | | - |
| **२०८१ असार ३१ को** | **३०,०००.००** | **२९,३८०.००** | **५९,३८०.००** |
| यस आ.व.को ह्रासकट्टी | - | ४,५२०.०० | ४,५२०.०० |
| यस आ.व.को अपलेखन | | | - |
| अन्य | | | - |
| बिक्रि तथा निपटान | | | - |
| **२०८२ असार ३२ को** | **३०,०००.००** | **३३,९००.००** | **६३,९००.००** |
| | | | |
| **ह्रास पश्चातको मुल्य** | | | |
| **२०८२ असार ३२ को** | - | - | - |
| **२०८१ असार ३१ को** | - | **४,५२०.००** | **४,५२०.००** |

**प्रमुख लेखा निति तथा लेखा सम्वन्धी टिप्पणीहरु**

**४. लेखा सम्वन्धी टिप्पणीहरु** (रकम रु.मा)

**टिप्पणी ४.२ : लगानी हिसाव**

| विवरण | आ.व. २०८१.०८२ | आ.व. २०८०.०८१ |
|---|---|---|
| उचित मुल्य (fair value) मार्फत अन्य विस्तृत आयमा (FVTOCI) मापन गरिने शेयरमा लगानी | ३५,५०,७००.०० | ३५,५०,७००.०० |
| परिशोधित मुल्यमा गरिएको लगानी | ३,९३,१६४.९२ | ३,०९,१५४.३५ |
| **जम्मा** | **३९,४३,८६४.९२** | **३८,५९,८५४.३५** |

**टिप्पणी ४.२.१ : उचित मुल्य (fair value) मार्फत अन्य विस्तृत आयमा (FVTOCI) मापन गरिने शेयरमा लगानी**

| विवरण | आ.व. २०८१.०८२ | आ.व. २०८०.०८१ |
|---|---|---|
| **शेयर लगानी** | | |
| सूचिकृत शेयर | - | - |
| असूचिकृत शेयर | ३५,५०,७००.०० | ३५,५०,७००.०० |
| **जम्मा** | **३५,५०,७००.००** | **३५,५०,७००.००** |

## टिप्पणी ४.२.२ : शेयर लगानी सम्बन्धि विवरण

| विवरण | आ.व. २०८१.०८२ | आ.व. २०८०.०८१ |
|---|---|---|
| **असूचिकृत शेयरमा लगानी** | | |
| राष्ट्रिय सहकारी बैंक लि. | ५,२०,०००.०० | ५,२०,०००.०० |
| राष्ट्रिय सहकारी महासंघ लि. | १०,०००.०० | १०,०००.०० |
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. | १५,१८,२००.०० | १५,१८,२००.०० |
| बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) | १५,०२,५००.०० | १५,०२,५००.०० |
| **जम्मा** | **३५,५०,७००.००** | **३५,५०,७००.००** |

**टिप्पणी ४.२.३ : परिशोधित मुल्यमा गरिएको लगानी**

| विवरण | आ.व. २०८१.०८२ | आ.व. २०८०.०८१ |
|---|---|---|
| **बचतमा लगानी** | | |
| **क. नियमित बचत** | | |
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. बचत | २,८२,९६४.६९ | २,६२,५३८.३५ |
| बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) बचत | १,१०,२००.२३ | ४६,६१६.०० |
| **ख. प्लेसमेन्ट गरिएका आवधिक बचत** | | |
| राष्ट्रिय सहकारी बैंक लि. | - | - |
| | ३,९३,१६४.९२ | ३,०९,१५४.३५ |
| कमी : हानी नोक्सानी व्यवस्था | - | - |
| **जम्मा** | **३,९३,१६४.९२** | **३,०९,१५४.३५** |

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. २०६२

Shrestha Sunil & Associates Kathmandu Chartered Accountants

## प्रमुख लेखा निति तथा लेखा सम्वन्धी टिप्पणीहरु

### ४. लेखा सम्वन्धी टिप्पणीहरु

(रकम रु.मा)

**टिप्पणी ४.३ :** प्रयोगको अधिकार सम्पत्ति (पट्टा सम्पत्ति)

| विवरण | घर | कुल |
|---|---|---|
| **लागत** | | |
| २०८० श्रावण १ मा कुल लागत | ३,६०,६११.८२ | ३,६०,६११.८२ |
| आ.व. २०८०.०८१ मा थप | ४,७८,६४३.४८ | ४,७८,६४३.४८ |
| आ.व. २०८०.०८१ मा बिक्रि तथा निपटान | - | - |
| **२०८१ असार मसान्त सम्मको कुल लागत** | **८,३९,२५५.३०** | **८,३९,२५५.३०** |
| आ.व. २०८१.०८२ मा थप | - | - |
| आ.व. २०८१.०८२ मा बिक्रि तथा निपटान | - | - |
| **२०८२ असार मसान्त सम्मको कुल लागत** | **८,३९,२५५.३०** | **८,३९,२५५.३०** |
| | | |
| **ह्रास कट्टी तथा अपलेखन** | | |
| २०८० श्रावण १ सम्मको संचित ह्रास | २,२१,१५८.९२ | २,२१,१५८.९२ |
| आ.व. २०८०.०८१ को ह्रास कट्टी | २,२७,८६८.९९ | **२,२७,८६८.९९** |
| आ.व. २०८०.०८१ को अपलेखन | - | - |
| बिक्रि तथा निपटान | - | - |
| **२०८१ असार मसान्त सम्मको संचित ह्रास** | **४,४९,०२७.९१** | **४,४९,०२७.९१** |
| आ.व. २०८१.०८२ को ह्रास कट्टी | २,३९,३२२.०० | २,३९,३२२.०० |
| आ.व. २०८१.०८२ को अपलेखन | - | - |
| बिक्रि तथा निपटान | - | - |
| **२०८२ असार मसान्त सम्मको संचित ह्रास** | **६,८८,३४९.९१** | **६,८८,३४९.९१** |
| | | |
| **ह्रास पश्चातको मुल्य** | | |
